सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ फागुन २०८१, शुक्रबार (14 Feb 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

त्रिविको जग्गा छानबिन समितिको प्रतिवेदन नै 'गायब'

छानबिन समितिले हजार रोपनीभन्दा बढी जग्गा हराएको/दुरुपयोग भएको विवरणसहितको प्रतिवेदन २ पुसमै शिक्षामन्त्री भट्टराई र त्रिवि पदाधिकारीको उपस्थितिमा प्रधानमन्त्री ओलीलाई बुझाएको थियो, तर अहिले प्रधानमन्त्री कार्यालय प्रतिवेदन शिक्षामा पठाइएको भन्छ, मन्त्रालय नआएको दाबी गर्छ

प्रतिवेदन शिक्षा मन्त्रालयमा पठाइसकिएको छ

● **प्रेमप्रसाद आचार्य**, प्रवक्ता
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

प्रतिवेदन शिक्षा मन्त्रालयमा गइसकेको छ। प्रधानमन्त्रीलाई बुझाए पनि त्यसको आवश्यकताका आधारमा शिक्षा मन्त्रालयमै जान्छ। त्यसलाई कार्यान्वयनमा लैजाने पनि सम्बन्धित मन्त्रालयकै जिम्मा हुन्छ। यसमा उहाँहरू पन्छिन पाउनुहुन्न। मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने अवस्था भयो भने त्यही मन्त्रालयले नै पेस गर्छ।

छानबिन समितिको प्रतिवेदन शिक्षा मन्त्रालयमा आएकै छैन

● **शिवकुमार सापकोटा**
प्रवक्ता, शिक्षा मन्त्रालय

प्रतिवेदन शिक्षा मन्त्रालयमा आएको भए मलाई थाहा हुन्थ्यो। तर, आएकै छैन। बाटोमै होला। मन्त्रीज्यू बिरामी भएर केही दिनदेखि बिदामा हुनुहुन्छ, त्यसकारण पनि नआएको हो कि !

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको जग्गा हिनामिनासम्बन्धी विज्ञ टोलीले साढे पाँच महिना लगाएर तयार पारेको २१० पेज लामो प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयन गर्नुको सट्टा गुपचुप राख्ने प्रपञ्च भएको छ। त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी ओली र सहकुलपति शिक्षामन्त्री विद्या भट्टराईले प्रतिवेदन कार्यान्वयनमा सक्रियता देखाएका छैनन्। जबकि समितिको प्रतिवेदन १५ दिनमै

» पृष्ठ २ मा क्रमशः

त्रिविको कम्पाउन्डबाहिर कीर्तिपुरमै हजार रोपनी जग्गा दुरुपयोग भएको छ : छानबिन समिति

त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरको गेटअगाडि त्रिविकै जग्गामा सञ्चालित पेट्रोल पम्प

छानबिन समितिका सदस्य जानकीबल्लभ अधिकारीका अनुसार हाल त्रिविका नाममा रहेको जग्गा ५८ सय रोपनी छ। तर, त्यसभित्र पनि कैयौँ व्यक्ति र संघसंस्थाले दुरुपयोग गरेका छन्। समितिले कीर्तिपुरस्थित कम्पाउन्डबाहिर पनि त्रिविको एक हजार रोपनी जग्गा रहेको पत्ता लगाएको छ। यसबारे ०१३ मा प्रकाशित राजपत्र र गोरखापत्रमा छापिएको सूचना भेटिएको छ। अधिग्रहणका लागि तोकिएको त्रिवि कम्पाउन्डबाहिरको उक्त जग्गा गायब भएको छानबिन प्रतिवेदनमा उल्लेख छ। ०१३ सालमा प्रकाशित राजपत्रअनुसार उत्तरपट्टि बल्खुखोला, कीर्तिपुर बजारदेखि कालीमाटी आउने तेर्सो बाटो, बागमती नदीको पूर्वी सिमाना र दक्षिणपट्टि रहेको जंगलसम्म त्रिविको जग्गा फैलिएको थियो। हाल काठमाडौं महानगरपालिका- १४को कार्यालय भवन, कीर्तिपुर नगरपालिका- १० को कार्यालय भवन पनि त्रिविकै जग्गामा बनेका छन्। त्रिविको जग्गामा पेट्रोल पम्पदेखि ल्याब्रोटरी स्कुलसम्म सञ्चालन भइरहेको प्रतिवेदनमा औँल्याइएको छ। ल्याब्रोटरी स्कुलमा कांग्रेस नेता तथा शिक्षाकर्मी उमेश श्रेष्ठ र एमाले नेता कृष्णगोपाल श्रेष्ठलगायतको लगानी छ। यो स्कुलले १०९ रोपनी जग्गा जबर्जस्ती प्रयोग गर्दै आइरहेको छ। त्रिविको केही जग्गामा प्राध्यापक संघ र कर्मचारी संघले पेट्रोल पम्पसमेत चलाएका छन्। त्यस्तै, छानबिन समितिले त्रिविको जग्गा उपत्यकाका अन्य ठाउँमा पनि रहेको औँल्याएको छ। तर, कतिपय स्थानको ठ्याक्कै प्रमाण नभेटिएपछि थप अध्ययन गर्नुपर्ने पनि समितिले सुझाब दिएको छ। समितिको प्रतिवेदनअनुसार नैकापमा त्रिविको १२५ रोपनी जग्गा छ। तर, त्यसको लगत कायम गर्न बाँकी रहेको छ। त्यस्तै, ललितपुर लुभुमा ३७५ रोपनी जग्गा छ। सो जग्गा पनि संरक्षण गर्न समितिले सुझाब दिएको छ। बारामा इन्डो-नेपाल कटन मिल रहेको ठाउँमा ६३ बिघा जग्गा त्रिविको नाममा किनिएको थियो। तर, सो जग्गा ३२ लाखमा सूर्य टोबाकोलाई बेचेको पाइएको छ। समितिले यसबारे पनि सरकारको ध्यानाकर्षण गराएको छ।

■ संसदीय समितिले माग गर्दा पनि मन्त्रालयले दिएन प्रतिवेदन, आज फेरि पत्र काट्दै

०८० चैतमा त्रिविको जग्गा छानबिन गर्न संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले शिक्षा मन्त्रालयलाई निर्देशन दिएको थियो। त्यसकै आधारमा तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठको प्रस्तावमा मन्त्रिपरिषद्ले छानबिन समिति गठन गरेको थियो। समितिले १५ मंसिर ०८१ मा प्रतिवेदन तयार गर्‍यो। २ पुसमा संसदीय समितिले शिक्षा मन्त्रालयलाई प्रतिवेदन उपलब्ध गराउन लिखित निर्देशन दियो। त्यही दिन छानबिन समितिले प्रधानमन्त्री ओलीलाई प्रतिवेदन बुझाएको थियो। तर, मन्त्रालयले सार्वभौम संसद्को समितिलाई प्रतिवेदन नै दिएन। समितिको बुधबारको बैठकले पुनः प्रतिवेदन माग्ने निर्णय गरिसकेको छ। शुक्रबार मन्त्रालयलाई पत्राचार गरिने सभापति अम्मरबहादुर थापाले बताए। 'प्रतिवेदन उपलब्ध गराउन हामीले यसअघि दिएको निर्देशन मन्त्रालयले टेरेन। शुक्रबार फेरि पत्र पठाउँदै छौँ,' उनले भने, 'सरकारले प्रतिवेदन कार्यान्वयन गर्नेवाला नै छैन, राज्यलाई फाइदा हुने काममा किन जोड दिन्थ्यो र ?'

■ २ पुसमा प्रतिवेदन बुझ्दै प्रधानमन्त्री ओलीले भनेका थिए-
कार्यान्वयनमा ल्याइन्छ, हात हालेपछि टुंगोमा पुर्‍याइन्छ

जग्गा त्रिविकै नाममा ल्याइनेछ र हिनामिना गर्ने जोकोही भए पनि कारबाही गरिन्छ। छानबिन समितिले अध्ययन गर्न नभ्याएका र नसकेका क्षेत्रलाई पनि थप अध्ययन गरेर खोजिनेछ। समितिका सिफारिस तत्काल कार्यान्वयन गरिनेछ। हात हालेपछि यसलाई टुंगोमा पुर्‍याएरै छाडिनेछ।

■ छानबिन समिति सदस्य जानकीबल्लभ अधिकारीको आशंका
दलका व्यक्ति जोडिएकाले कार्यान्वयनमा नल्याइएको हो कि !

प्रतिवेदनमाथि के-के भइरहेको छ, थाहा छैन। कार्यान्वयन गर्दा त्रिविकै हितमा हुन्थ्यो, लागू नगर्दा कसैलाई सन्चो भइरहेको होला। प्रधानमन्त्री नै कुलपति हुनुहुन्छ। कार्यान्वयनमा केही समस्या नहुनुपर्ने हो। तर, दलका व्यक्ति जोडिएकाले कार्यान्वयनमा ल्याउन नखोजिएको हो कि !

■ तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठ भन्छिन्-
प्रतिवेदन जुनसुकै हालतमा तत्काल कार्यान्वयन गर्नुपर्छ

टियूको धेरै जग्गा व्यक्ति र संघसंस्थाको नाममा गएको छ, यसमा सल्टाउनुपर्ने धेरै विषय छन्। इच्छाशक्ति भयो भने भूमि मन्त्रालयसँग मिलेर सल्टाउन सकिन्छ। कमजोर व्यवस्थापन र दलीयकरण भएपछि जग्गामा धेरैको आँखा लागेको छ। प्रतिवेदन जुनसुकै हालतमा कार्यान्वयन गर्नुपर्छ।

कांग्रेसले अब भ्रातृसंस्थाको म्याद नथप्ने

बाँकी १० भ्रातृसंस्थाको महाधिवेशन चैतभित्रै गर्न निर्देशन, तर तयारी सुस्त

■ ललितानिवास प्रकरण
मुद्दा नचलाइएको विषय अब पूर्ण इजलासले टुंग्याउने

बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरिएको विषयमा केहीलाई मुद्दा नचलाइएको विषय अब पूर्ण इजलासले टुंग्याउने

(विस्तृत पृष्ठ ३)

सत्येन्द्र र नेहामाथि राज्यज्यादतीको साक्षी बन्दा

अग्रलेख

● शैलेन्द्र अम्बेडकर

अन्तरजातीय विवाहमा शक्तिको आडमा प्रहरीबाट झुटा मुद्दा लगाएर फसाउने डरलाग्दो प्रवृत्ति सत्येन्द्र र नेहाको मुद्दाबाट थप उजागर भएको छ

(पृष्ठ ४)

युक्रेन युद्ध अन्त्य गर्ने ट्रम्पको वाचा पूरा गर्न कठिन छ, असम्भव छैन



राष्ट्रपति ट्रम्पले युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा ठुलठुला अभिव्यक्ति दिएका छन्। तर, वास्तविक शान्ति सुनिश्चित गर्न विश्वव्यापी कूटनीति आवश्यक पर्छ। यो असम्भव छैन, तर यसका लागि कठिन मार्ग अवलम्बन गर्नुपर्नेछ।

(विस्तृत पृष्ठ ५)

■ गौरवको सिक्टा सिँचाइ आयोजनामा फेरि भ्रष्टाचारको गन्ध
अढाई अर्बको टेन्डरमा 'मिलेमतो'

जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सचिव सरिता दवाडी र सिँचाइ विभागका महानिर्देशक देवराज निरौलाको संलग्नतामा शर्मा एन्ड कम्पनी र कुमार श्रेष्ठ निर्माण सेवा प्रालिलाई दिने गरी मिलेमतोमा टेन्डर आह्वान

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मापदण्डविपरीत कांग्रेस नेता भट्टलाई विपत् प्राधिकरणको कार्यकारी प्रमुख बनाउँदै गृहमन्त्री

विपत् प्राधिकरणको कार्यकारी प्रमुखको उम्मेदवार बन्न राजनीतिक दल वा संगठनको सदस्यता नलिएको व्यक्ति हुनुपर्ने मापदण्ड, तर नियुक्तिका लागि पहिलो नम्बरमा सिफारिस दिनेशप्रसाद भट्ट कांग्रेस महासमिति सदस्य

यम बम/नयाँ पत्रिका

राजनीतिक दल वा संगठनको सदस्यता नलिएका व्यक्ति हुनुपर्ने मापदण्ड नै तोकेर दरखास्त आह्वान गरिएको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखमा कांग्रेस

» पृष्ठ २ मा क्रमशः

■ सत्येन्द्र-नेहामाथि राज्यको ज्यादती प्रकरण
उजुरी परेको एक महिनापछि बल्ल चासो देखायो दलित आयोगले

■ दोषी प्रहरीमाथि कारबाही गर्न निर्देशन दियो, तर निर्देशन दिने गृहमन्त्री र आइजिपीबारे केही बोलेन

चौतर्फी दबाबपछि दलित आयोगले बिहीबार प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायत उच्च अधिकारीलाई आयोगमा बोलाएर छानबिन गरी दोषी प्रहरीमाथि कारबाही गर्न निर्देशन दिएको छ। आयोगले उनीहरूको जोडी छुटाउन खोज्ने, पक्राउ गर्ने र यातना दिनेविरुद्ध छानबिन गरी कारबाही गर्न निर्देशन दिएको हो। तर, अन्तरजातीय जोडीलाई छुट्याउने र फसाउने नियतसहित प्रहरीलाई पक्राउ गर्न निर्देशन दिने गृहमन्त्री रमेश लेखक र आइजिपी कुँवरको हकमा भने आयोग मौन बसेको छ। जबकि सडकदेखि सदनसम्म उनीहरूमाथि छानबिन गर्न संसदीय समिति बनाउनुपर्ने माग उठिरहेको छ। आयोग अध्यक्ष देवराज विश्वकर्मा कांग्रेसकै कोटाबाट नियुक्त भएका हुन्। नियुक्त हुनुअघि उनी दाङमा कांग्रेसका जिल्लास्तरीय नेता थिए।

नयाँ पत्रिका

सर्लाहीका सत्येन्द्र राम (चमार) र नेहा रौनियारको जोडीमाथि राज्यबाट भएको अत्याचार घटनाको विषयमा एक महिनाअघि नै उजुरी परे पनि राष्ट्रिय दलित आयोग सामान्य पत्राचार मात्रै गरेर पन्छिएको खुलेको छ। सत्येन्द्रले २४ पुसमै उजुरी दिएको आयोगले नै बिहीबार जारी गरेको विज्ञप्तिमा उल्लेख गरेको हो। चौतर्फी दबाबपछि आयोगले बिहीबार प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायत उच्च अधिकारीलाई आयोगमा बोलाएर छानबिन

» पृष्ठ २ मा क्रमशः

■ गृहमन्त्री लेखकमाथि कारबाहीको माग गर्दै दलित अधिकारकर्मीले प्रशासनमा बुझाए नागरिकताको फोटोकपी

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

गृह प्रशासनकै नेतृत्वमा सत्येन्द्र र नेहामाथि ज्यादती गरिएको विरोधमा दलित अधिकारकर्मीहरूले आन्दोलन गरिरहेका छन्। गृहमन्त्री रमेश लेखकमाथि कारबाहीको माग गर्दै बिहीबार उनीहरूले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दुई बोरा नागरिकताको प्रतिलिपि बुझाएका छन्। दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनारको नेतृत्वमा गएको टोलीले विरोधस्वरूप नागरिकताको फोटोकपी बुझाएको हो। 'गृह प्रशासनले दलितमाथि गरेको ज्यादतीको सांकेतिक विरोधका रूपमा दुई बोरा नागरिकताको फोटोकपी बुझाएका हौँ,' सुनारले भने, 'गृहमन्त्री रमेश लेखकमाथि छानबिन नभएसम्म आन्दोलन गरिरहन्छौँ।'

त्रिविको...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयनमा लैजाने भनेर मापदण्ड पनि बनाइएको थियो । स्रोतका अनुसार कार्यान्वयन गर्दा सत्तारूढ दलनिकट व्यक्तिसमेत कारबाहीको दायरामा आउन सक्ने देखिएपछि उच्च राजनीतिक नेतृत्व नै प्रतिवेदन गुपचुप राख्ने प्रपञ्चमा लागेका हुन् । समितिले बुझाइसकेको भए पनि प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयले आफूकहाँ प्रतिवेदन नआएको अस्वाभाविक प्रतिक्रिया दिएका छन् ।

त्रिविको एक हजार रोपनीभन्दा बढी जग्गा हराएको वा दुरुपयोग भएको विवरण समेटिएको प्रतिवेदन २ पुसमै त्रिविको जग्गा छानबिनसम्बन्धी समितिले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा प्रधानमन्त्री ओलीलाई बुझाएको थियो । तर, प्रतिवेदन सार्वजनिक गर्ने, छलफल चलाउने र कार्यान्वयनमा लैजानुको साटो उल्टै गायब पारिएको छ ।

छानबिन समितिका सदस्य जानकीबल्लभ अधिकारीका अनुसार प्रतिवेदन तीन कपी प्रकाशन गरी प्रधानमन्त्री, शिक्षामन्त्री र शिक्षासचिवलाई बुझाइएको थियो । उनका अनुसार प्रतिवेदनमा त्रिविको कैयौँ रोपनी जग्गा हिनामिना भएको औँल्याइएको छ । र, त्यस जग्गालाई आफ्नो बनाउने जिम्मा त्रिविको हुन्छ ।

अर्कोतर्फ प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयले नै प्रतिवेदन आफूहरूकहाँ नभएको प्रतिक्रिया दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्यले प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा नरहेको र सम्बन्धित मन्त्रालयमा पठाइएको बताए । 'प्रतिवेदन सम्बन्धित मन्त्रालयमा छ । प्रधानमन्त्रीलाई बुझाए पनि त्यसको आवश्यकताका आधारमा शिक्षा मन्त्रालयमै जान्छ । त्यसलाई कार्यान्वयनमा लैजाने पनि सम्बन्धित मन्त्रालयकै जिम्मा हुन्छ । र, यसमा उहाँहरू पन्छिन पाउनुहुँदैन । मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने अवस्था भयो भने त्यही मन्त्रालयले नै पेस गर्छ,' आचार्यले नयाँ पत्रिकासँग भने ।

प्रधानमन्त्री कार्यालयले प्रतिवेदन विभागीय मन्त्रालयमा पठाएको बताए पनि शिक्षा मन्त्रालयले नआएको दाबी गरेको छ । शिक्षा मन्त्रालयका सहसचिव तथा प्रवक्ता शिवकुमार सापकोटाले प्रतिवेदन मन्त्रालयमा आइनसकेको बताए । 'प्रतिवेदन आएको भए मलाई थाहा हुन्थ्यो । तर, मकहाँ आएको छैन । बाटोमै होला । मन्त्रीज्यू बिरामी भएर केही दिनदेखि बिदामा हुनुहुन्छ, त्यसकारण पनि नआएको हो कि !'

त्रिविका उपकुलपति प्राडा केशरजंग बरालले जग्गासम्बन्धी प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको र त्यसबारेको प्रगति आफूलाई थाहा नभएको बताए । 'प्रधानमन्त्रीज्यूलाई अध्ययनको लागि सो प्रतिवेदन बुझाइएको थियो । समिति पनि सरकारले नै गठन गरेको हो । कार्यान्वयन गर्ने-नगर्ने सरकारकै कुरा हो,' उनले भने ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले १८ जेठमा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन समिति बनाएको थियो । त्रिताल बिरामी परेपछि समिति सदस्य महेन्द्रकुमार थापा संयोजक बने । सदस्यमा जानकीबल्लभ अधिकारी र प्रेमसागर चापागाईं थिए ।

समितिले १५ मंसिरमा प्रतिवेदन तयार पारी १६ मंसिरमै शिक्षामन्त्रीलाई बुझाएको थियो । पछि कार्यान्वयनमा लैजान भन्दै समितिले शिक्षामन्त्रीसहितको उपस्थितिमा त्रिवि कुलपति एवं प्रधानमन्त्री ओलीलाई २ पुसमा प्रतिवेदन बुझाएको थियो ।

समिति सदस्य अधिकारीले प्रतिवेदनले राजनीतिक संघसंगठनका व्यक्ति पनि जग्गामा जोडिएको संकेत देखाएकाले कार्यान्वयनमा ल्याउन नखोजिएको हुन सक्ने आशंका गरे । 'प्रतिवेदनमाथि के-के भइरहेको छ, हामीलाई थाहा छैन । तर, कार्यान्वयन गर्दा त्रिविकै हितमा हुन्थ्यो, लागू नगर्दा कसैलाई सन्चो भइरहेको होला,' उनले भने, 'प्रधानमन्त्री नै त्यो संस्थाको कुलपति हुनुहुन्छ । कार्यान्वयनमा केही समस्या नहुनुपर्ने हो । तर, राजनीतिक संघसंगठनका व्यक्ति जोडिएकाले कार्यान्वयनमा ल्याउन नखोजिएको हो कि !'

तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठले हरहालतमा प्रतिवेदन कार्यान्वयन हुनुपर्ने बताइन् । 'प्रतिवेदन जुनसुकै हालतमा पनि कार्यान्वयन गर्नुपर्छ, टियूको धेरै जग्गा व्यक्ति र संघसंस्थाको नाममा गएको छ, यसमा सल्टाउनुपर्ने धेरै विषय छन्,' श्रेष्ठले भनिन्, 'इच्छाशक्ति भयो भने भूमि मन्त्रालयसँग मिलेर सल्ट्याउन सकिन्छ । कमजोर व्यवस्थापन र दलीयकरण भएपछि त्रिविको जग्गामा धेरैको आँखा लागेको छ । सरकारले उक्त प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजानुपर्छ ।' उनले संस्कृत विश्वविद्यालयको जग्गा छानबिन सम्बन्धमा पनि समिति गठन गरेको बताउँदै त्यसबारेमा पनि सरकारले चासो नदेखाएको बताइन् ।

त्रिविको जग्गा कति, कसको राज ?

छानबिन समितिका सदस्य अधिकारीका अनुसार थोरै समयमा तयार पारिए पनि प्रतिवेदनमा धेरै विषय उजागर छन् । उनका अनुसार हाल त्रिवि कम्पाउन्डभित्र रहेको जग्गाको क्षेत्रफल ५८ सय रोपनी छ । 'हामीले अध्ययन गर्दा ५८ सय रोपनी जग्गा त्रिविको लालपुर्जामा देखिएको छ, तर कतिपय जग्गा मालपोतमा हेर्नुपर्ने देखिन्छ,' उनले भने, 'प्रतिवेदनअनुसार त्यसभित्रका जग्गा कैयौँ व्यक्ति र संघसंस्थाले दुरुपयोग गरेका छन् ।'

समितिले कम्पाउन्डबाहिर पनि त्रिविको एक हजार रोपनी जग्गा औँल्याएको छ । विसं २०१३ मा अधिग्रहणका लागि तोकिएको त्रिवि कम्पाउन्डबाहिरको एक हजार रोपनी जग्गा गायब छ । यसबारे ०१३ मा प्रकाशित राजपत्र र गोरखापत्रमा छापिएको सूचना भेटिएको छ । समितिले सूचना र राजपत्रको कपीसहित प्रतिवेदन बुझाएको छ । उक्त राजपत्रअनुसार उत्तरपट्टि बल्खुखोला, कीर्तिपुर बजारदेखि कालिमाटी आउने तेर्सो बाटो, बागमती नदीको पूर्व सिमाना र दक्षिणपट्टि रहेको जंगलसम्म त्रिविको जग्गा फैलिएको छ । हाल काठमाडौं महानगरपालिका-१४को कार्यालय भवन, कीर्तिपुर नगरपालिका- १० को कार्यालय भवन पनि त्रिविकै जग्गामा बनेको छ ।

त्रिविको जग्गामा पेट्रोलपम्पदेखि ल्याब्रेटरी स्कुलसम्म सञ्चालन भइरहेको प्रतिवेदनमा औँल्याइएको छ । कैयौँ जग्गा व्यक्ति र संघसंस्थाले निजी हितमा प्रयोग गरिरहेका छन् । ल्याब्रेटरी स्कुलमा कांग्रेस नेता तथा शिक्षाकर्मी उमेश श्रेष्ठ र एमाले नेता कृष्णगोपाल श्रेष्ठलगायतको लगानी छ । यो स्कुलले १०९ रोपनी जग्गा जबर्जस्ती प्रयोग गर्दै आइरहेको छ । २०६० सालदेखि त्रिविले जग्गा छाड्न निर्देशन दिएपछि ल्याब्रेटरीले छाड्न अटेरी गर्दै आइरहेको छ । उनका अनुसार त्रिविको केही जग्गामा प्राध्यापक संघ र कर्मचारी संघले पेटोलपम्मसमेत चलाएका छन् ।

कम्पाउन्डबाहिर केही व्यक्तिले उपभोग गरिरहेको जग्गाको लालपुर्जा तथा प्रमाण माग्दा उपभोगकर्ताले प्रमाण पेस गर्न नसकेको छानबिन समितिको दाबी छ । 'के कारणले व्यक्ति र संघसंस्थाको नाममा गयो भन्ने प्रमाण खुलेन,' समिति सदस्य अधिकारीले भने ।

यस्तै, छानबिन समितिले त्रिविको जग्गा उपत्यकाका अन्य ठाउँमा पनि रहेको औँल्याएको छ । तर, कतिपय स्थानको ठ्याक्कै प्रमाण नभेटिएपछि थप अध्ययन गर्नुपर्ने पनि समितिले सुझाव दिएको छ । समितिको प्रतिवेदनअनुसार नैकापमा त्रिविको १२५ रोपनी जग्गा छ । तर, त्यसको लगत कायम गर्न बाँकी रहेको छ ।

समितिका अनुसार ललितपुर लुभुमा त्रिविको ३७५ रोपनी जग्गा छ । सो जग्गा पनि संरक्षण गर्न समितिले सुझाव दिएको छ । बारामा इन्डो नेपाल कटन मिल रहेको ठाउँमा ६३ बिघा जग्गा त्रिविको नाममा किनिएको थियो । तर, सो जग्गा ३२ लाखमा सूर्य टोबाकोलाई बेचेको पाइएको छ । समितिले यसबारे पनि सरकारको ध्यानाकर्षण गराएको छ ।

एक महिनामा ६१ फरार अपराधी पक्राउ

बाँके/ प्रहरीले माघमा अदालतबाट सजाय तोकिएका ६१ जना फरार अपराधी पक्राउ गरेको छ । फरार अपराधी पक्राउ गर्ने सरकारको नीतिअनुसार एक महिनामा ६१ जना फरार अपराधी पक्राउ गरी २५ वर्ष नौ महिना २१ दिन कैद तथा २० लाख ६ हजार ७२७ रुपैयाँ जरिवाना असुलउपर गरिएको बाँके प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले बताए । उनले माघमा मात्र लागुऔषध ओसारपसारमा संलग्न ३६ जनालाई पक्राउ गरिएको बताए । एक महिनामा उनीहरूको साथबाट ५४ ग्राम ३३० मिलिग्राम ब्राउनसुगर, १९० ट्याब्लेट नाइट्राजेपाम बरामद गरी ओसारपसारमा संलग्नलाई कानुनी दायरामा ल्याइएको उनको भनाइ छ ।

कार्कीले पछिल्लो महिनामा विभिन्न अपराधमा संलग्न १३५ जनालाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरिएको बताए । 'माघमा विभिन्न प्रकृतिका १४६ वटा मुद्दा दर्ता भएकोमा अपराधमा संलग्न भएको आरोप लागेका १३५ जनालाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरिएको छ,' एसपी कार्कीले भने, '३९४ वटा ठाडो उजुरी परेको थियो, तीमध्ये ३८७ वटा फर्स्योट भएको छ ।' बाँके प्रहरीले नक्कली जग्गा धनी स्रेस्ता बनाई बैंकमा धितो राखी रकम ठगी गर्ने कार्यमा संलग्नलाई समेत पक्राउ गरी कानुनी कारबाही गरिएको जनाएको छ । माघमा १४ लाख ४३ हजार १९६ रुपैयाँबराबरको अवैध सामान नियन्त्रणमा लिएर नेपालगन्ज भन्सार कार्यालयमा बुझाइएको उनले बताए । 'ट्राफिक कारबाहीबाट २५ लाख ४५ हजार रुपैयाँ राजस्व संकलन भएको छ,' उनले भने ।

खैरो हेरोइनसहित चारजना नियन्त्रणमा

मकवानपुर/ प्रहरीले ४ ग्राम ९१० मिलिग्राम खैरो हेरोइनसहित चारजनालाई पक्राउ गरेको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा उपमहानगरपालिका- १५ बाट दुईवटा मोटरसाइकलमा आएका चारजना खैरो हेरोइनसहित पक्राउ परेका हुन् । पक्राउ पर्नेमा २३ वर्षीय निखिल तिमल्सिना, २८ वर्षीय भीमसेन पाण्डे, २७ वर्षीय मञ्जित गौतम र २० वर्षका साकार ढुंगेल छन् ।

वीरगन्जबाट हेटौँडातर्फ आउँदै गरेको प्रदेश २-०३-०२१ प ६३०८ नम्बर र बागमती प्रदेश ०३-००५ प ९६६६ नम्बरको मोटरसाइकल जाँचका क्रममा ४ ग्राम ९१० मिलिग्राम खैरो हेरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं डिएसपी उपरीक्षक श्यामु अर्यालले बताए । शंकाका आधारमा उनीहरूको शरीर तथा मोटरसाइकल खानतलासीका क्रममा निखिल तिमल्सिनाले बायाँ खुट्टाको जुत्ताभित्र लुकाएर ल्याएको अवस्थाको खैरो हेरोइन फेला परेको उनको भनाइ छ । सोधपुछ गर्ने क्रममा चारजना मिलेर खरिद गरी ल्याएको बताएपछि प्रहरीले चारैजनालाई पक्राउ गरेको हो । चारैजनालाई जिल्ला अदालत मकवानपुरबाट सात दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रवक्ता अर्यालले बताए ।

नबिल बैंक लिमिटेड, विजनेस बैंक ईकाई, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/११/०२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/१२/२२ मा दर्ता नं. १३४३३१/०७१/०७२ अन्तर्गत दर्ता भएको **इष्टर्न एजेन्सीज प्रा.लि ।**
ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ९ ।

ऋणी कम्पनीका संचालक तथा ब्यक्तिगत जमानतकर्ताको विवरण

१. जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.न ४६/४५६२/तनहुँ (जारी मिति २०४३/०३/२५, स्थान कास्की) भएका **शान्त राज बतास ।**
२. जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.न ४६/५८७/तनहुँ (जारी मिति २०४१/०६/१४, स्थान कास्की) भएका **आनन्द राज बतास ।**
३. जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं ४६/५९४८/तनहुँ (जारी मिति २०४८/०६/०७, स्थान कास्की) भएका **विपेन्द्रराज बतास ।**
४. राम प्रसाद बतासको नाति आनन्द राज बतासको छोरा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं ४६१००१/१५९६३ (जारी मिति २०६८/०३/०७, स्थान कास्की) भएका **ओस्कार बतास ।**
५. राम प्रसाद बतासकी नातिनी आनन्द राज बतासकी छोरी कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ४६१००१/१३७४ (जारी मिति २०६४/३/२६, स्थान कास्की) भएकी **ओसिन बतास ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:

इष्टर्न एजेन्सीज प्रा.लि.को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ४, नक्सा सीट नं १०२०९८६१८ मा अवस्थित कि.नं. ५४७ क्षेत्रफल १२२.४४ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधन धितोको विवरण:

१. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. ना ६ ख ९४८८ भएको 35.31 KHSD.
२. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ३ क ३४१९ भएको 10.75 E STARLINE 3X2.
३. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ३ क ३४१७ भएको 10.75 E STARLINE 3X2.
४. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ११२९ भएको PRO 1080 XP CRD Tipper.
५. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ९५१८ भएको PRO 1112 XP G HSD.
६. ऋणी जलजला निर्माण सेवा प्रा.लि. र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ९१६१ भएको PRO 1112 XP G HSD.
७. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ९५०१ भएको PRO 1112 XP H HSD.
८. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ५ ख २१८३ भएको Terra 16 HDR Tipper.
९. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ३९४६ भएको Terra 16 HDR Tipper.
१०. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ५ ख ८९६४ भएको Terra 16 HDR Tipper.
११. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ८८९८ भएको Terra 25 G BOGI 9S.
१२. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ८९०३ भएको Terra 25 G BOGI 9S.
१३. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ८९७२ भएको Terra 25 G BOGI 9S.
१४. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ५ ख २५५३ भएको Terra 16 HDR Tipper.
१५. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ७ ख ४२५० भएको PRO 1112 XP H-HSD 20FT.
१६. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ८२२७ भएको Terra 25 G BOGI 9S.
१७. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ५ ख ९१४८ भएको Terra 16 HDR Tipper.
१८. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ८०९४ भएको Terra 25 G BOGI 9S.
१९. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख ८९७५ भएको Terra 25 G BOGI 9S.
२०. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ३ क ४२५६ भएको 10.75 E STARLINE 3X2.
२१. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. म. प्र. ०३-००१ ख ८००२ भएको 10.75 H SRL BUS.
२२. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ५ ख १८६७ भएको Terra 16 HDR Tipper.
२३. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्र.२-०३-००१ ख ७०४५ भएको Terra 25 G 9S BOGI (Tipper).
२४. ऋणी **इष्टर्न एजेन्सीज प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्र.२-०३-००१ ख ७०४६ भएको Terra 25 G 9S BOGI (Tipper).

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मापदण्डविपरीत...

पृष्ठ १ बाट क्रमशः

महासमिति सदस्यसमेत रहेका इन्जिनियर दिनेशप्रसाद भट्टको नाम पहिलो नम्बरमा सिफारिस गरिएको छ । आफ्नो मन्त्रालयअन्तर्गतको प्राधिकरणमा गृहमन्त्री रमेश लेखकले मापदण्डविपरीत आफ्नै पार्टीका नेतालाई सिफारिस गराएका हुन् । मन्त्रिपरिषद्ले भट्टलाई नै नियुक्त गर्ने तयारी छ ।

भट्ट ०७८ मा थापाथली इन्जिनियरिङ क्याम्पसमा पार्टटाइम लेक्चर रहेकै वेला १४औँ महाधिवेशनमा कांग्रेस केन्द्रीय सदस्यको उम्मेदवार बनेका थिए भने ०७४ को चुनावमा कांग्रेस बैतडीले प्रतिनिधिसभा सदस्य उम्मेदवारको सिफारिस गर्दा सूचीमा परेका थिए । त्यस्तै, उनी ०७३ मा तरुण दलको महासचिवमा पराजित भएका व्यक्ति हुन् । १४ मंसिरमा प्रकाशित प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचनाको योग्यता र सर्तको घ नम्बर बुँदामा 'राजनीतिक दल वा संगठनको सदस्यता नलिएका व्यक्ति उम्मेदवार हुन पाउने' प्रावधान राखिएको थियो ।

गृह मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले गृहसचिव गोकर्णमणि दुवाडीको नेतृत्वमा सिफारिस समिति गठन गरेको थियो । समितिले बिहीबार भट्टलाई पहिलो, सुमन कर्णलाई दोस्रो र मन्दीप सुवेदीलाई तेस्रो नम्बरमा सिफारिस गरेको छ । भट्टलाई गृहमन्त्री लेखकको जोडबलमा पहिलो नम्बरमा सिफारिसमा पारिएको हो भने कर्णलाई उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहको आर्शीवाद छ । सुवेदी पनि कार्यकारी प्रमुख बन्न कांग्रेस नेताहरूको घरदैलोमा पुगेका थिए ।

'प्रधानमन्त्री तहबाट फरक पात्रमा रुचि भए छुट्टै कुरा हो । तर, अहिलेसम्मको अवस्था हेर्दा भट्टलाई नै कार्यकारी प्रमुख बनाउने तयारी छ, प्राधिकरण गृह मन्त्रालयमातहत रहेको र गृहमन्त्री पनि कांग्रेसकै रहेकाले सिफारिसमा परेका तीनैजना कांग्रेस पृष्ठभूमिका छन् । यसमा भट्ट त नेता नै हुनुभयो,' गृह मन्त्रालयका एक अधिकारीले भने । प्राधिकरणको कार्यकारी प्रमुख पाँच वर्षका लागि नियुक्त हुनेछन् ।

गृहमन्त्री रमेश लेखकले सिफारिस समितिको छनोट मापदण्डअनुसार तीनजनाको नाम सिफारिस भएको र यसमा आफ्नो कुनै भूमिका नरहेको दाबी गरे । 'सिफारिस समितिको छनोट मापदण्डअनुसार तीनजनाको नाम सिफारिस भएको छ, अब क्याबिनेटबाट निर्णय हुन्छ,' उनले भने ।

भट्ट यसरी परे पहिलो नम्बरमा

गृहसचिव गोकर्णमणि दुवाडी नेतृत्वको सिफारिस समितिले ९ पुसमा कार्यकारी प्रमुखका १६ प्रतिस्पर्धीको अंक सार्वजनिक गर्दा बैतडी घर भएका भट्ट ११औँ नम्बरमा थिए । योग्यता, तालिम र अनुभवबापतको अंकका आधारमा सूची सार्वजनिक गरिएको थियो । तर, चित्त नबुझेका उम्मेदवारले पेस गरेको निवेदन र कागजात मूल्यांकनबाट भन्दै दुई दिनमै अर्को सूची सार्वजनिक भयो, जसमा भट्टको अंक २० बाट बढेर २२.५ मा आयो भने १६ जनाको सूचीमा ६ नम्बरमा उक्लिए ।

तर, ४५ दिनको समयावधि पाएर ६ मंसिरमा गठन भएको समितिको म्याद फेरि ३५ दिन थपेर राजनीतिक चलखेल सुरु भयो । ७ माघको मन्त्रिपरिषद् बैठकले समितिको म्याद ३५ दिन थपेको थियो । नभन्दै ११औँ नम्बरमा रहेका भट्ट २९ माघमा शीर्ष पाँचमा परे । व्यावसायिक कार्ययोजनाका आधारमा भन्दै शीर्ष पाँचको सूची सार्वजनिक गरिएको थियो । वर्णानुक्रमअनुसार भट्ट, धर्मराज उप्रेती, वसन्तराज अधिकारी, मन्दीप सुवेदी र सुमनराज कर्णको नाम शीर्ष पाँचमा सार्वजनिक गरिएको थियो । तर, ३० माघमा भएको अन्तर्वार्तापछि बिहीबार तीनजनाको नाम सिफारिस भएको छ, जसमा भट्ट पहिलो नम्बरमा छन् ।

दुवाडी नेतृत्वको सिफारिस समितिमा पूर्वसचिव दीपक सुवेदी र प्राध्यापक रेश्मा श्रेष्ठ छन् । सिफारिस समितिका सदस्य सुवेदीले सार्वजनिक संस्थानको नियुक्ति मापदण्डमा रही तीनजनालाई सिफारिस गरिएको र कहीँकतै पनि तलमाथि नभएको दाबी गरे ।

कसको योग्यता के ?

प्राधिकरणको प्रमुख कार्यकारीका लागि पहिलो दाबेदार बन्न पुगेका दिनेशप्रसाद भट्ट गृहमन्त्री रमेश लेखकको पुर्ख्यौली घर बैतडीका हुन् । उनी कांग्रेसको राजनीतिबाहेक ललितपुरमा रहेको युनिभर्सल कलेजका संस्थापक सदस्य तथा सेयर सदस्य हुन् । उनी यसअघि सोही कलेजका पार्टटाइम शिक्षक थिए । त्यसअघि उनी कांग्रेस केन्द्रीय सदस्यको चुनाव लड्दाताका थापाथली इन्जिनियरिङ कलेजमा पार्टटाइम लेक्चर थिए । पछिल्लोपटक टोखामा रहेको केआइटी कलेजमा पार्टटाइम शिक्षक रहेको अनुभव पेस गरेका छन् ।

त्यस्तै, रोल्पा घर भएका मन्दीप सुवेदीको योग्यता पनि विपत् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित छैन । उनी जिओटेक्निकल इन्जिनियर हुन् भने युनिभर्सल इन्जिनियरिङ एन्ड साइन्स कलेजमा एकेडेमिक डाइरेक्टरको कार्यानुभव राखिएको छ । त्यस्तै, नेपाल इन्जिनियरिङ एसोसिएसनको कार्यकारी सदस्य र नेपाल जिओटेक्निकल सोसाइटीको महासचिवको अनुभव छ ।

सुमन कर्ण विराटनगरका हुन् । कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छँदा ०७४ मा राजनीतिक नियुक्ति खाएको अनुभव उनीसँग छ । बाढीपीडितलाई घर बनाइदिने भन्दै देउवाले ६ कात्तिक ०७४ मा तत्कालीन पुनर्निर्माण प्राधिकरणअन्तर्गत विशेष बाढी पुनर्निर्माण आयोजना एकाइ गठन गरेर आयोजना प्रमुखका रूपमा कर्णलाई नियुक्त गरेका थिए । तर, पछि खारेज गरिएको थियो ।

भूकम्प र बाढीपहिरोपछिको पुनर्निर्माणमा विपत् प्राधिकरणको मुख्य भूमिका हुन्छ । डोटी र जाजरकोट भूकम्प तथा गत असोजको बाढीपहिरोबाट भएको निजी आवास क्षतिको पुनर्निर्माणको जिम्मा विपत् प्राधिकरणलाई छ । प्राधिकरणका अनुसार एक लाख १५ हजार घर पुनर्निर्माण गर्न झन्डै ४० अर्ब लागत लाग्नेछ । तत्कालीन कार्यकारी प्रमुख अनिल पोखरेलको कार्यकाल गत मंसिरमा सकिएपछि प्राधिकरण नेतृत्वविहीन छ । यद्यपि, गृह मन्त्रालयले तत्कालका लागि सहसचिव भीष्मकुमार भुसाललाई जिम्मेवारी दिएको छ ।

सुनौलो महांकाल बचत तथा ऋण सहकारी संस्था लि

बुढानिलकण्ठ नगरपालिका, वडा नं.0८
गोल्फुटार, काठमाडौं फोन :०१-४३७२३५५

धितो लिलाम बढाबढको ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/११/०२ नयाँ पत्रिका दैनिक

यस सुनौलो महांकाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितोमा राखी लिएको ऋणको साँवा, ब्याज तथा हर्जाना समेत बुझाउन भनी पटक पटक मौखिक, लिखित तथा विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्नेतर्फ चासो नदेखाई बेवास्ता गरेकोले सहकारी ऐन, २०७४ को परिच्छेद १४ दफा ७९, सहकारी नियमावली, २०७५ को परिच्छेद ८ नियम ३०, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको ऋण व्यवस्थापन कार्यविधि, २०८० र संस्थाको विनियम, २०६६ बमोजिम सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मिति र स्थानमा लिलाम बिक्री गरिने हुँदा लिलाम बढाबढ गरी लिन इच्छुक महानुभावहरू सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीका लागि संस्थाको कार्यालय गोल्फुटारमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सि.न	ऋणीको विवरण	ऋणीको फोटो	धितो/जमानतको विवरण
१.	**ऋणीको नाम : शुरेश भण्डारी, (ना. प्र.नं. २६०११/४८२३३)** स्थायी ठेगाना : बुढानिलकण्ठ न.पा., वडा नं. ०६ (साविक खड्का भद्रकाली, वडा नं. ०२) बाजेको नाम : कृष्ण बहादुर भण्डारी बाबुको नाम : जगन्नाथ भण्डारी **ऋणीको नाम : पुनम थापा (ना. प्र.नं. १०८२७)** स्थाई ठेगाना : का.म.पा., वडा नं.०३, बाँसबारी ससुराको नाम : जगन्नाथ भण्डारी बाबुको नाम : केशव थापा पतिको नाम : शुरेश भण्डारी	 	ऋणी र नीजको श्रीमती श्री पुनम थापाको संयुक्त नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाडौ जिल्ला खड्का भद्रकाली वडा नं. २ स्थित नक्सा सीट नं १०२०९०७०६ कि.नं. ५० क्षे.फ १४४.४२ वर्ग मीटर भएको घरजग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

धितो लिलामीका शर्तहरू :

१. धितो लिलाम बढाबढमा सहभागी हुनेले आफुले कबुल गरेको रकम संस्थाले उपलब्ध गराएको फर्ममा अंक र अक्षरमा स्पष्ट हुनेगरी लेखि त्यसको १०(दश) प्रतिशत नगदै रकम जम्मा गरेको भौचर सहित शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
२. धितो लिलाम बढावढमा छनौट हुनेले आफुले कबुल गरेको सम्पूर्ण रकम ७ (सात) दिनभित्र संस्थामा बुझाउनु पर्नेछ ।
३. सम्पत्ति दाखेल खारेज गर्दा लाग्ने राजश्व लगाएत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ ।
४. धितो लिलाम बढाबढबाट उक्त सम्पत्ति लिलाम बिक्रि हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व संस्था स्वयंले लिन सक्नेछ ।
५. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्रि सम्बन्धि कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
६. धितो लिलामी स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

लिलामी हुने मिति, समय र स्थान २०८१/१२/०८, समय अपरान्ह ४ : ०० बजे
संस्थाको कार्यालय, बुढानिलकण्ठ न.पा. वडा नं. ०८, गोल्फुटार, काठमाडौं

उजुरी परेको...

पृष्ठ १ बाट क्रमशः

गरी दोषीउपर कारबाहीका लागि निर्देशन दिएको छ । आयोगले उनीहरूको जोडी छुटाउन खोज्ने, पक्राउ गर्ने र यातना दिनेविरुद्ध छानबिन गरी कारबाही गर्न निर्देशन दिएको छ । तर, निर्देशन दिने गृहमन्त्री रमेश लेखकको हकमा भने केही बोलेको छैन । २४ पुसमै सत्येन्द्रले आयोगमा दिएको उजुरीबारे विज्ञप्तिमा भनिएको छ, 'आफूलाई साइबर ब्युरोका प्रहरीले शारीरिक तथा मानसिक यातना दिएको र श्रीमतीलाई बेपत्ता गराएकाले न्याय पाऊँ भनी पीडित सत्येन्द्र रामले २०८१ पुस २४ गते यस आयोगमा निवेदन दिएको र सोही निवेदनअनुसार आयोगले २०८१ पुस २४ गते नै गृह मन्त्रालय र नेपाल प्रहरीलाई सत्यतथ्य बुझी आवश्यक कारबाही गर्न तत्काल नै पत्राचार गरिसकेको छ ।'

गम्भीर प्रकृतिको यस्तो उजुरीमा आयोगले सामान्य पत्राचार मात्रै गर्नु र घटनाबारे अध्ययनसमेत नगर्नुले पन्छिने प्रयास गरेको बुझिन्छ । हाल यो प्रकरण बाहिर आएपछि पनि आयोगले घटना छानबिनका लागि चासो दिएको छैन । दोषीलाई कारबाही गर्न निर्देशन दिएर मात्रै पन्छिन खोजेको छ । राजनीतिक दबाबका कारण आयोगले पीडितका लागि काम गर्न नसकेको दलित अधिकारकर्मीहरू बताउँछन् । अन्तरजातीय विवाह गरेका जोडीमाथि भएको राज्यआतंकप्रति चासो नदिएको भन्दै गत आइतबार दलित अधिकारकर्मीले आयोगमा ज्ञापनपत्र बुझाएका थिए । त्यसपछि आयोगले बल्ल प्रहरीलाई बोलाएर निर्देशन दिएको हो । घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले भने गम्भीरताका साथ अनुसन्धान गरिरहेको छ । आयोगले सत्येन्द्र र नेहालाई मुम्बईसम्म पक्राउ गर्न गएका एसपी रुगम कुँवर तथा सहायक हवल्दार इन्द्र पोखरेलसँग बयान लिइसकेको छ । एसएसपी सानुराम भट्टराईलाई समेत बयानमा बोलाइएको स्रोत बताउँछ ।

'भट्टराईको बयानपछि थप उच्च तहका अधिकारीको भूमिकाबारे खोजी गर्छौं,' आयोगका एक अधिकारीले भने । एसएसपी भट्टराईलाई प्रहरी महानिरीक्षक कुँवर र गृहमन्त्री रमेश लेखकले सो काममा खटाएको प्रहरी स्रोत बताउँछ । चौतर्फी दबाबपछि हाल सत्येन्द्र र नेहालाई सुरक्षा दिएर सर्लाहीको बरहथवास्थित उनीहरूको घरमै राखिएको छ । तर, अझै पूर्ण रूपमा सुरक्षित महसुस नभएको उनीहरूले बताएका छन् । आफूहरूमाथि ज्यादती गर्ने र निर्देशन दिनेमाथि छानबिन र कारबाहीको माग उनीहरूले गरेका छन् ।

तर, सरकारले घटनाको छानबिनमा अझै कुनै चासो दिएको छैन । गृहमन्त्री लेखक र प्रहरी महानिरीक्षक कुँवर नै तानिने भएपछि छानबिन हुन नसकेको हो । घटनाको विरोधमा काठमाडौंलगायत विभिन्न जिल्लामा गृहमन्त्रीविरुद्ध विरोध प्रदर्शन हुँदै आएको छ ।

सम्पर्क
ए.आई. प्रविधिद्वारा स्वचालित रुपमा **NOODLES (Fried, White, Pasta, र Chowmein)** प्रतिदिन ३,८१,००० यूनिट्स भैरहवामा उत्पादन गरी भारतमा बिक्रि गर्ने योजनाका साथ **Equity Share** हुने गरी ५ वटा प्रमुख बिक्रि बितरकहरुबाट प्रतिबद्वता सहित बायोडाटा आव्हान गरिएको छ । यस परियोजनाको कुल लागत ९४ करोड रुपैयाँ अनुमान गरिएको छ । बिक्रि बितरकहरु प्रतिबद्वता सहित बैङ्कमा **Process** को लागि सम्पर्क गरिने छ । उक्त **Equity Share** स्वत: **IPO** मा स्थापित गरिने छ । अत्याधिक इच्छुक बितरकहरुले मात्र सम्पर्क गर्नुहोला ।
Contact: 9840708994, Integrated Foods Pvt. Ltd.

कांग्रेसले अब भ्रातृसंस्थाको म्याद नथप्ने

बाँकी १० भ्रातृसंस्थाको महाधिवेशन चैतभित्रै गर्न निर्देशन, तर तयारी सुस्त

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

लामो समयसम्म महाधिवेशन गर्न नसकेका कांग्रेसका दश भ्रातृसंस्थाको चैत मसान्तपछि म्याद थप नहुने भएको छ। बिहीबार सानेपामा कांग्रेसका पदाधिकारी र भ्रातृसंस्थाका निर्देशक समिति संयोजकबिच तयारीका विषयमा कांग्रेसले छलफल गरेको थियो। पटक-पटक म्याद थप्दा पनि महाधिवेशन हुन नसकेपछि चैत मसान्तभित्रै जसरी पनि गर्न निर्देशन दिइएको छ। बैठकमा सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, कोषाध्यक्ष उमेश श्रेष्ठलगायत उपस्थित थिए।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले चैत मसान्तभित्रै महाधिवेशन गर्नुको विकल्प नरहेको निष्कर्ष निकालेको बताए। छलफलसँगै नेतृत्व तहबाट म्याद थप नगर्ने र तोकिएकै समयमा अधिवेशन सम्पन्न गर्न केन्द्रित हुने निर्णय गरेको उनको भनाइ छ। 'भातृसंस्थाका महाधिवेशन चैत मसान्तभित्र सम्पन्न गर्न निर्देशक समिति गठन गरिएको थियो। त्यसैको प्रगतिबारे नेतृत्व र निर्देशक समितिबिच छलफल भयो। तोकिएकै अवधिमा सम्पन्न गर्न पार्टीबाट हुन सक्ने सहयोगका विषयमा छलफल केन्द्रित भयो। केही साथीहरूले चुनौती दर्शाउनुभयो, तर धेरै साथीहरूले तोकिएकै समयमा अधिवेशन गर्ने प्रतिबद्धता जनाउनुभएको छ,' उनले भने।

गत १९ असारमा बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिले कार्यादेशसमेत तय गरेर नेविसंघ, तरुण दल, महिला संघ, किसान महासंघ, भूतपूर्व सैनिक संघ, प्रजातन्त्र सेनानी संघ, दलित संघ, लोकतान्त्रिक अपांग संघ, थारू संघ र लोकतान्त्रिक खेलकुद संघको महाधिवेशन सुनिश्चित गर्न निर्देशन समिति बनाउने निर्णय गरेको थियो। केन्द्रीय कार्यसम्पादन समितिले कार्यादेशसमेत तय गरेर निर्देशन समिति बनाउने निर्णय लिएको थियो। 'महाधिवेशन सम्पन्न नगरेका नेपाली कांग्रेसका भ्रातृसंघहरूको महाधिवेशन सम्पन्न गर्न/गराउन फरक भ्रातृसंघका लागि अधिकार सम्पन्न फरक-फरक निर्देशन समिति गठन गर्ने,' निर्णयमा भनिएको छ।

चैत मसान्तभित्र महाधिवेशन गराउन लागिपरेको कांग्रेसले पार्टी केन्द्रबाटै सहजीकरण गरिरहेको छ। जसका लागि महाधिवेशन हुन बाँकी रहेका यसका लागि पदाधिकारी र केन्द्रीय सदस्यलाई निर्देशक समितिमार्फत तयारी गरिरहेको छ। तरुण दल निर्देशक समिति संयोजक तथा कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले निर्देशक समितिले निरन्तर छलफल र सहजीकरण गरिरहेको बताइन्।

'चैत मसान्तभित्र सक्ने गरी भ्रातृसंस्थाको महाधिवेशनको अवधि तोकिएको छ। पार्टीले जिम्मेवारी दिएका निर्देशक समितिले सहजीकरण गरिरहेको छ। भ्रातृसंस्थाहरू महाधिवेशनको तयारीमा छन्। म निर्देशक समिति संयोजक रहेको तरुण दलसहितका भ्रातृसंस्थाहरू निर्धारित समयभित्रै महाधिवेशन सम्पन्न हुने बाटोमा छन्,' उनले भनिन्, 'नेतृत्वले पनि भ्रातृसंस्थाको महाधिवेशनलाई विशेष रूपमा चासो लिएको छ। बिहीबार पदाधिकारी र निर्देशक समितिबिच पछिल्लो प्रगति र समस्याबारे छलफल भयो। नेतृत्वले तयारीको अवस्थाबारे ब्रिफिङ र समयभित्रै सम्पन्न गर्न निर्देशनसमेत दिएको छ।'

■ **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस

भ्रातृसंस्थाका महाधिवेशन चैत मसान्तभित्र सम्पन्न गर्न निर्देशक समिति गठन गरिएको थियो। त्यसैको प्रगतिबारे नेतृत्व र निर्देशक समितिबिच छलफल भयो। तोकिएकै अवधिमा सम्पन्न गर्न पार्टीबाट हुन सक्ने सहयोगका विषयमा छलफल केन्द्रित भयो। साथीहरूले तोकिएकै समयमा अधिवेशन गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

तर, कांग्रेसका भ्रातृसंस्थाहरूले हालसम्म सदस्यता वितरण र नवीकरणको टुंगो लगाएका छैनन्। यसले समयमै महाधिवेशन हुनेमा शंका गराएको छ। तर, भ्रातृसंस्थाका नेतृत्वहरूले भने फास्ट ट्र्याक शैलीबाट निर्धारित समयमै महाधिवेशन सम्पन्न गर्ने दाबी गर्छन्। तरुण दल अध्यक्ष विद्वान गुरुङले फास्ट ट्र्याकबाट निर्धारित समयमै सम्पन्न गर्ने हुने दाबी गरे। महाधिवेशनका विषयमा द्विविधा राख्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ।

'फास्ट ट्र्याकबाट तोकिएको मितिभित्रै तरुण दलको महाधिवेशन हुन्छ। समयमै महाधिवेशन सम्पन्न गर्छ भन्नेमा पार्टी पनि विश्वस्त छ। सदस्यता वितरणलगायत काम भइरहेका छन्। चैतभित्र महाधिवेशन सम्पन्न गर्ने गरी छिट्टै कार्यतालिका सार्वजनिक गर्नेछौं,' गुरुङले भने।

कांग्रेस महामन्त्री गगन थापाले भ्रातृसंस्थाको महाधिवेशन पार्टी महाधिवशेनसँग समेत जोडिने भएकाले छिट्टै अधिवेशन सम्पन्न गरिने बताएका छन्। बुधबार बुटवल मुस्लिम संघ लुम्बिनी प्रदेशको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै उनले भ्रातृसंस्थाको अधिवेशन सकेर ०८४ को निर्वाचनअघि पार्टीको महाधिवेशन गर्ने तयारी भइरहेको बताए। उनले यस विषयमा सभापति शेरबहादुर देउवासँग निरन्तर छलफल भइरहेको बताए। 'सबै भ्रातृसंस्थाका महाधिवेशन छिट्टै सकाएर स्थानीय तहबाट प्रतिनिधि छान्ने काम सकाउनुपर्छ। त्यसैले निर्धारित समयमा महाधिवेशन गर्न दबाब सिर्जना हुनेछ,' उनले भने, 'अहिले सभापतिसँग दिनहुँजसो कुरा भइरहेको छ, सबै योजनाअनुसार काम भएको छ, काम गर्ने केमेस्ट्री मिलेको छ। भ्रातृ संगठन पनि गुटले थिलोथिलो भएका छन्। अब गुटबन्दी गरेर होइन, संगठन बलियो बनाएर अघि बढ्नुपर्छ।'

कांग्रेस शिक्षा विभाग प्रमुख तथा नेविसंघ पूर्वअध्यक्ष नैनसिंह महर विधानअनुसार लामो समय भ्रातृसंस्थाको अधिवेशन हुन नसक्दा नेतृत्व हस्तान्तरण र पार्टीको आन्तरिक जीवनमा असर पुगेको बताउँछन्। महाधिवेशन प्रक्रिया रोकिँदा कांग्रेसको प्रजातान्त्रिक चरित्रमाथिसमेत प्रश्न उठ्ने गरेको उनको जिकिर छ। यसबारे नेतृत्व गम्भीर बन्नुपर्नेमा उनले बताए। महाधिवेशनका लागि बनेका निर्देशक समिति जिम्मेवारी लिन प्रतिबद्ध देखिए पनि नेतृत्व प्रतिबद्ध नदेखिएको उनको आरोप छ।

'लोकतन्त्रको पहिलो विशेषता आवधिक निर्वाचन हो। यो प्रक्रियाबाट पार्टी र भ्रातृसंस्थालाई बाहिर राख्दा लोकतन्त्रलाई कमजोर बनाउँछ। लोकतन्त्र कमजोर हुँदा पार्टीलाई क्षति पुग्छ,' उनले भने, 'समग्र पार्टी र मातहतका निकायले महाधिवेशन समयमै सम्पन्न गर्नका लागि सहयोग गर्नु आवश्यक छ। पार्टीमा बढीभन्दा बढी युवालाई जोड्ने महाधिवेशनका माध्यमले नै हो। समयमै महाधिवेशन सम्पन्न नगर्ने चरित्रले पार्टी र लोकतन्त्र बलियो हुन सक्दैन। चैतभित्रै महाधिवेशन गर्ने केन्द्रीय समितिको निर्णय कार्यान्वयनमा कुनै पनि बहानामा ढिलाइ गर्न हुँदैन।'

भ्रातृसंस्थाहरूको महाधिवेशन सुनिश्चित गर्न कांग्रेसले निर्देशन समिति बनाएको थियो। कांग्रेसले गत १६ असोजमा तीन र २६ मंसिरमा सात गरी १० भ्रातृसंस्थाका निर्देशन समिति गठन गरेको थियो। तर, निर्णयको पाँच महिनापछि मात्रै निर्देशन समितिले पूर्णता पाएको थियो। पछिल्लोपटक पटक-पटक गरी १५ असारसम्म म्याद थप गरिएकोमा यस अवधिमा पनि महाधिवेशन नहुने भएपछि शीर्ष तहको छलफलले चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्न फरक-फरक निर्देशन समिति बनाउनुपर्ने निष्कर्ष निकालेको थियो। महाधिवेशनसँगै भ्रातृसंस्थाहरू संघीय संरचनाअनुरूप व्यवस्थित गर्ने कांग्रेसको तयारी छ। दोस्रो जनआन्दोलनपछि मुलुक संघीय संरचनामा गएको छ। ०७८ मा भएको कांग्रेसको १४औँ महाधिवेशनसँगै कांग्रेसले संघीय संरचनाअनुसार पार्टीका संरचना बनायो, तर भ्रातृसंस्थाका संघीय संरचना अझै बन्न सकेका छैनन्। अधिकांशको महाधिवेशन नभएको नौ वर्षभन्दा बढी भइसकेको छ।

■ ललितानिवास प्रकरण

मुद्दा नचलाइएको विषय अब पूर्ण इजलासले टुंग्याउने

नयाँ पत्रिका

बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरिएको विषयमा केहीलाई मुद्दा नचलाइएको विषय अब पूर्ण इजलासले टुंग्याउने भएको छ। यससम्बद्ध तीनवटा रिट सर्वोच्च अदालतको संयुक्त इजालसले पूर्णमा पठाएको हो। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको बिहीबारको इजलासले यी मुद्दा पूर्णमा पठाएको हो। ०७६ माघ अन्तिमदेखि ०७१ कात्तिकसम्म यी रिट दर्ता भएको सर्वोच्चको अभिलेख छ। यद्यपि, लिखित आदेश सार्वजनिक नभएकाले के कारणले पूर्णमा पठाइएको हो ? खुलिसकेको छैन।

सर्वोच्च अदालत नियमावलीको नियम २३ अनुसार तीन सदस्यीय पूर्णबाट सात किसिमका मुद्दा हेरिन्छन्। संयुक्त इजालसमा राय बाझिएमा, कानुन वा कानुनी सिद्धान्तको फरक-फरक व्याख्या भई पूर्णमा पेस गर्ने आदेश भएमा तथा जटिल कानुनी प्रश्न समावेश देखिई पूर्णमा पेस गर्ने आदेश भएकोमा पूर्ण इजलासले हेर्छ। साथै, संयुक्त र पूर्णमा उस्तै वा सम्बन्धित विषय विचाराधीन भएको अवस्थामा पनि पूर्णमा पेस गर्ने आदेश हुन्छ। दुई संयुक्त इजलासको राय फरक परेमा तथा पेसी व्यवस्थापन निर्देशन समितिले पूर्णमा पेस गर्न भनी तोकिदिएको मुद्दा पूर्णले हेर्छ। पुनरावेदनको म्याद जारी नभएको वा बेरितपूर्वक जारी भएको तथा कुनै कारणवश साधकको रोहबाट फैसला भएपछि पनि पुनरावेदन दर्ता हुन आएमा पूर्ण इजलासमा पेस हुन्छ।

तिलप्रसाद श्रेष्ठ

नित्यानन्द पाण्डेय

७ असोज ०८० मा यीमध्ये एउटा रिटमाथि न्यायाधीश विनोदकुमार शर्माको इजलासले कारण देखाऊ आदेश जारी गरेको थियो। सरकारी जग्गा व्यक्तिका नाममा ल्याई किर्ते गरेको मुद्दामा तीनजनामाथि मुद्दा दायर नगर्नुको कारण माग गरिएको थियो। उक्त इजलासले सबुत प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नुपर्ने भनेको थियो।

१ असोज ०८० मा दायर रिटमा महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय, पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईका साथै पूर्वमुख्यसचिव लीलामणि पौड्याल र केन्द्रीय अनुसन्धान ब्युरोलाई विपक्षी बनाइएको थियो। मुद्दा नचलाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय बदरको माग उक्त रिटमा छ। त्यसअघि २९ माघ ०७६ मा वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले विशेष अदालतमा विचाराधीन भ्रष्टाचार मुद्दामा पूर्वप्रधानमन्त्री भट्टराई र नेपाललाई प्रतिवादी नबनाइएको भन्दै रिट दायर गरेका थिए। १० भदौ ०८० मा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले सरकारी छाप दस्तखत किर्तेसम्बन्धी कसुरमा मुद्दा दायर गरेको थियो। जसमा तत्कालीन उपप्रधानमन्त्री तथा भौतिक योजनामन्त्री विजयकुमार गच्छदारसमेतका २३९ जनालाई प्रतिवादी बनाइएको थियो। तर, नेपाल, भट्टराई र पौड्याललाई मुद्दा नचलाई छुट दिनुको कारणबारे सर्वोच्चले अख्तियारसँग जवाफ मागेको हो।

ललितानिवासकै मुद्दामा उपल्ला तहका अधिकारीमाथि पनि अनुसन्धान गर्न भनी सर्वोच्चबाटै आदेश भइसकेको छ। बन्दी प्रत्यक्षीकरणको एक रिटमाथि २१ साउन ०८० मा यस्तो आदेश भएको थियो। न्यायाधीशहरू अनिलकुमार सिन्हा र कुमार चुडालको इजलासले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरे पनि अन्य आदेश जारी गरेको थियो। जसमा पदसोपानमा तल्लोस्तरमा रहेका कर्मचारी तथा जग्गा खरिद-बिक्री गर्नेमाथि मात्र अनुसन्धान केन्द्रित रहेकोमा मन्त्रिपरिषद्बाट विभिन्न मितिमा भएका निर्णय र प्रमाणित गरी कार्यान्वयन गराउनेउपरसमेत अविलम्ब अनुसन्धान गराउन भनिएको थियो।

यसै प्रकरणमा हिरासतमा रहेका योगराज पौडेलका हकमा सिर्जना सिन्धुद्वारा दायर रिटमाथि उक्त आदेश भएको थियो। सार्वजनिक चासोको विषय रहेकाले विश्वसनीयताका लागि पनि पक्षपातरहित अनुसन्धान हुनुपर्ने अन्यथा जनमानसमा न्याय प्रणालीमाथिको भरोसा नै समाप्त हुने, तथा सामाजिक जीवनका धरोहर टुट्न जाने अवस्था रहने भन्दै यस्तो आदेश दिइएको थियो। यसअघि १६ चैत ०७७ मा सर्वोच्चले विभिन्न मितिमा भएका मन्त्रिपरिषद्का निर्णय झिकाएको थियो। न्यायाधीशद्वय अनिलकुमार सिन्हा र हरिप्रसाद फुयाँलको इजलासले उक्त आदेश गरेको थियो। वरिष्ठ अधिवक्ता न्यौपानेले अख्तियारले मुद्दा चलाउन सक्ने ठाउँ हुँदाहुँदै पूर्वप्रधानमन्त्रीहरूका साथै अन्य जग्गाधनीलाई पनि उन्मुक्ति दिएकाले उनीहरूमाथि पनि मुद्दा दायर हुनुपर्ने मागसहित हालेको रिटमाथि आदेश दिँदै संयुक्त इजलासले सरकारबाट विभिन्न मितिमा चारपटक भएका निर्णय मगाउने आदेश दिएको थियो।

संक्षेप

नेसपा अध्यक्षमा पुनः भट्टराई

काठमाडौं/ नेसपा (नयाँ शक्ति)को अध्यक्षमा डा. बाबुराम भट्टराई निर्वाचित भएका छन्। बिहीबार सम्पन्न पार्टीको प्रथम महाधिवेशनमा भट्टराईले अध्यक्षका प्रत्याशी नेत्रप्रसाद चापागाईंलाई भारी मतान्तरले पराजित गरेका हुन्। भट्टराईले ७६१ मत प्राप्त गर्दा चापागाईंले ७३ मत मात्रै ल्याए। नवनिर्वाचित अध्यक्ष भट्टराईले बिहीबार नै निर्वाचन अधिकृतबाट शपथ लिए। लगत्तै भट्टराईले निर्वाचित पदाधिकारीलाई शपथ गराए। उपाध्यक्षमा ईश्वर रिजाल, टेकबहादुर बाठामगर र उमेश साह निर्वाचित भएका छन्। उपाध्यक्षमै मानुषी यमी भट्टराई र दुर्गा सोब निर्विरोध निर्वाचित भएका थिए। महासचिवमा सोनामसिंह स्याङ्तान तथा सचिवमा आशाकुमारी तामाङ, लक्ष्मी कार्की र भरत दाहाल निर्वाचित भएका छन्।

विद्यार्थी कुटपिट प्रकरणमा छानबिन समिति गठन

कास्की/ तनहुँको भीमाद नगरपालिकास्थित प्रभात एकेडेमी बोर्डिङ स्कुलमा चार विद्यार्थीलाई तातो पन्युले गालामा डामेर यातना दिएको घटना छानबिनका लागि छानबिन समिति गठन गरिएको छ। विद्यालय सञ्चालनमा रहेको पालिका भीमाद नगरपालिकाले मंगलबारको घटनाको छानबिन गर्न बिहीबार तीन सदस्यीय छानबिन समिति गठन गरेको हो। नगरपालिकाका प्रवक्तासमेत रहेका वडा नम्बर ३ का अध्यक्ष पदमराज सेन ठकुरीका अनुसार पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख उपसचिव सन्दीप पौडेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन भएको हो।

प्रहरी कुटपिटमा संलग्न अखिल नेता जोशी पक्राउ

काठमाडौं/ प्रहरी कुटपिटमा संलग्न रहेको आरोपमा अनेरास्ववियु नेता कमलराज जोशी पक्राउ परेका छन्। उनीसहितको समूहले २४ माघमा ठमेलमा ड्युटीमा रहेका प्रहरीमाथि कुटपिट गरेको थियो। जोशीलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले नयाँ बानेश्वबाट बिहीबार दिउँसो पक्राउ गरेको हो। घटनामा संलग्नमध्ये ताप्लेजुङको फुङलिङ नगरपालिका- १ का २६ वर्षीय दिनेश सिग्देल र डडेल्धुरा गन्यापधुरा गाउँपालिका-५ का २२ वर्षीय रमेश फुलारालाई प्रहरीले २५ माघमै पक्राउ गरेका थियो। उनीहरूबाहेक नवीन ऐरी, सौजन्य शाही र गोपालबहादुर शाहीविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको थियो। तर, जोशीले भने उन्मुक्ति पाएका थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले जोशी पक्राउ परेको बताए। 'जोशीलाई बिहीबार नयाँ बानेश्वरबाट पक्राउ गरिएको हो। घटना सम्बन्धमा अनुसन्धान हुँदै छ,' उनले भने। जोशी पक्राउ नपरेपछि रास्वपा सांसद शिशिर खनालले संसद्मै प्रश्न उठाएका थिए। दबाबमा रहेका गृहमन्त्री रमेश लेखकले बिहीबार मात्रै जोशीलाई पक्राउ गर्न निर्देशन दिएका थिए।

नसर्ने रोगविरुद्धको एकमहिने 'स्क्रिनिङ' अभियान सुरु

कास्की/ स्वास्थ्य मन्त्रालयले नसर्ने रोगको पहिचानका लागि 'स्क्रिनिङ' अभियान सुरु गरेको छ। बिहीबार पोखरा महानगरपालिका- ८ स्थित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र नयाँबजारमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले अभियानको शुभारम्भ गरेका हुन्। उनले आफ्नो रक्तपरीक्षण गरी थालेको अभियान एक महिनासम्म चल्नेछ। नसर्ने रोगकै कारण हुने मृत्युदर घटाउन जनचेतना जगाउने र अभिवृद्धि गर्ने उद्देश्यसहित सुरु अभियानमा मधुमेह, उच्च रक्तचाप मापन, मिर्गौलासम्बन्धी रोगको जाँच, उचाइ र तौलका आधारमा बिएमआई मापनको निःशुल्क परीक्षण हुनेछ।

हेटौँडा बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा

मकवानपुर/ हेटौँडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा भएको छ। बिहीबार उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरेका हुन्। 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका विभिन्न ५१ सूचक पूरा भएसँगै हेटौँडालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरिएको हो। यसअघि हेटौँडाका १९ वटै वडालाई बालमैत्री घोषणा गरिएको थियो। यो घोषणासँगै हेटौँडा उपमहानगरपालिका निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका बनेको छ।

उपप्राध्यापक र कर्मचारीले गरे मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी

राजविराज/ ६ महिनादेखि तलबभत्ता नपाएको भन्दै उपप्राध्यापक र कर्मचारीले तालाबन्दी गरेपछि मधेश कृषि विश्वविद्यालयमा चारवर्षे कृषि स्नातकमा अध्ययनरत सयजना विद्यार्थीको पढाइ प्रभावित बनेको छ। राजविराजमा रहेको विश्वविद्यालयको प्रशासनिक भवनमा उपकुलपति डा. वैद्यनाथ महतोलाई बाहिर निकालेर उपप्राध्यापक र कर्मचारीले बिहीबार बिहान तालाबन्दी गरेका हुन्।

उपकुलपति, रजिस्ट्रार, प्रशासन शाखा, प्रशासनिक भवनको मूलगेट तथा शैक्षिक भवनमा तालाबन्दी गरिएको हो। विश्वविद्यालयमा कार्यरत उपप्राध्यापक तथा कर्मचारीले क्षतिपूर्तिसहित नियमावलीअनुसारको तलबभत्ता तथा अन्य सुविधा पाउनुपर्ने माग राखेका छन्।

गत भदौदेखि हालसम्मको तलबभत्ता नपाएको गुनासो उनीहरूको छ। विश्वविद्यालयका सहकुलपति एवं प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीलाई पटक-पटक ज्ञापनपत्र दिँदा पनि सुनुवाइ नभएकाले तालाबन्दी गर्नुपरेको उनीहरूको भनाइ छ। 'चरम आर्थिक संकटमा परेपछि हामीसँग अब अर्को विकल्प रहेन,' उपप्राध्यापक यादवले भने, 'सामान्य रूपमा गर्नुपर्ने आग्रह र अनुरोध सबै गर्‍यौं। कतैबाट सुनुवाइ नभएपछि तालाबन्दी गर्न बाध्य हुनुपर्‍यो।'

विश्वविद्यालयको सभाबाट नीति तथा कार्यक्रम पास हुन नसकेको, लालबाबु राउत नेतृत्वको सरकारले नियुक्त गरेका रजिस्ट्रारबाट वर्तमान सरकारले आर्थिक कारोबार खोजेर छानबिन थालेपछि पछिल्लो समय विश्वविद्यालयको आर्थिक कारोबार बन्द छ।

माओवादी घटकहरूले छुट्टाछुट्टै मनाए जनयुद्ध दिवस

काठमाडौं/ माओवादी घटकहरूले विभिन्न कार्यक्रम गरी ३०औँ जनयुद्ध दिवस मनाएका छन्। संयुक्त रूपमा जनयुद्ध लडेका घटकहरूले विभाजित भएर छुट्टाछुट्टै दिवस मनाएका हुन्। ३०औँ जनयुद्ध दिवसका अवसरमा बिहीबार माओवादीले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडासहित देशव्यापी रूपमा विभिन्न कार्यक्रम गरी दिवस मनाएको छ। पेरिसडाँडामा आयोजित कार्यक्रममा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनयुद्धको प्रेरणा सयौँ वर्षसम्म रहने बताउँदै कसैले मेटाउन सम्भव नरहेको दाबी गरेका छन्।

जनयुद्ध नेपालको इतिहासमा सबैभन्दा ठुलो युगान्तकारी परिवर्तन गराउने परिघटना रहेको उनले बताएका छन्। 'जनयुद्ध नेपालको इतिहासमा सबैभन्दा ठुलो युगान्तकारी परिवर्तन गराउने परिघटना थियो। यसले आज मात्र होइन, सयौँ वर्षसम्म पनि प्रेरणा दिइरहनेछ। यसलाई कसैले मेटाउन सम्भव छैन, जसले मेटाउने प्रयास गर्छ, ऊ खरानी हुनेछ,' प्रचण्डले भने।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले पनि जनयुद्ध दिवस मनाएको छ। जनयुद्ध दिवसका अवसरमा आयोजित कार्यक्रममा विप्लवले जनतालाई अघि बढ्न दिन नचाहने, भोटको व्यापार गर्ने राष्ट्रिय समस्या भएको उनले बताए। राष्ट्रिय समस्याबारे जनताले बुझ्न थालेको उनको भनाइ थियो। आगामी दिनमा नेपालले अग्रगामी बाटो समात्ने उनले दाबी गरे।

नयाँ जनवादी मोर्चाले पनि ३०औँ जनयुद्ध दिवस मनाएको छ। ललितपुरको सातदोबाटोमा 'जनयुद्धको महानता एवं नेपाली जनवादी क्रान्तिको कार्यभार' विषयक कार्यक्रम आयोजना गरी मोर्चाले जनयुद्ध दिवस मनाएको हो। पूर्वमाओवादी नेता तथा नेसपा (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले १ फागुनलाई 'जनक्रान्ति दिवस'का रूपमा राज्य, राजनीतिक दल र जनताले मनाउनुपर्ने प्रस्ताव गरेका छन्।

Invitation for Bids

Tarakeshwor Municipality
Office of the Municipal Executive
Dharmasthali Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids No: **TARA/29/NCB/2081-82**

Date of publication: **2025/02/14 (2081-11-02)**

1. Tarakeshwor Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the construction of ***Construction Works of Jestha Nagarik Bidhyala*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:

S. N.	Contract No.	Name of the Project	AACT of the best 3 FYs within last 10 FYs (Million NRs.)	Similar Nature Works (Million NRs.)	Bidding Capacity (Million NRs.)	Bid Security Amount (Nrs.)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs.)
1	**TARA/29/ NCB/2081-82**	Construction Works of Jestha Nagarik Bidhyalaya	39.00	10.5	23.4	750,000	120	5000

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Tarakeshwor Municipality Office, telephone no. 01-5168057, 01-5168111., 9841423004.Tarakeshwor Municipality, Dharmasthali, and Kathmandu, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.***
4. Bidders shall have the option of submitting their bids electronically only from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of NRs. 5000 for bidding document in the Office's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : NIC Asia Bank, Manmaiju, Kathmandu
   Name of Office : Tarakeshwor Nagarpalika Office
   Account no Rajaswo Khata : 0172050029446002
5. Pre-bid meeting shall be held at Office of Tarakeshwor Municipality at 13:00 PM on 2nd March 2025 (2081/11/18).
6. Electronic bids must be submitted to the office of Tarakeshwor Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on 2025/03/16 (2081/12/03). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hours on 2025/03/16 (2081/12/03).)*** at the office of Tarakeshwor Municipality, Kathmandu. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **NRs. 750,000**, which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the bid amount:
   Name of the Bank : NIC Asia Bank Manamaiju, Kathmandu
   Name of Office : Tarakeshwor Nagarpalika Office
   Account no Dharauti Khata : 17CA501509524006
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

सत्येन्द्र र नेहामाथि राज्यज्यादतीको साक्षी बन्दा

अन्तरजातीय विवाहमा शक्तिको आडमा प्रहरीबाट झुटा मुद्दा लगाएर फसाउने डरलाग्दो प्रवृत्ति सत्येन्द्र र नेहाको मुद्दाबाट थप उजागर भएको छ

● शैलेन्द्र अम्बेडकर

अग्रलेख

सर्लाहीका सत्येन्द्रकुमार राम र नेहा रौनियारले अन्तरजातीय विवाह गरेकै आधारमा राज्यबाट भोगेको ज्यादतीले समाजलाई एउटा डरलाग्दो सन्देश दिएको छ। यसमा गृह प्रशासनको ज्यादती उनीहरूमाथिको अन्याय मात्र होइन, आगामी दिनमा कसैले पनि अन्तरजातीय विवाह नगरोस्, यस्तो विवाह गऱ्यो भने आइजिपी र गृहमन्त्री नै उनीहरूविरुद्ध लाग्छन्, पक्राउ गरिन्छ, यातना दिइन्छ भनेर तर्साउन खोजिएको छ। यसमार्फत राज्यले जातीवादलाई अझै बढावा दिन खोजेको छ। संविधानमा जे लेखे पनि जिल्लाका एसपी र सरकारी वकिलले त्यो मानेका छैनन्। कतिसम्म भने अदालतको आदेशलाई समेत अटेर गरिएको अवस्था छ।

अन्तरजातीय प्रेमविवाह गरेकै आधारमा एक जोडीविरुद्ध सिंगो राज्यसंयन्त्र लागेको छ। यस घटनामा पहिला केटाकेटीले आपसमा प्रेम गरे। केटीको परिवारलाई थाहा भयो। केटा दलित भएकाले जातीय 'सिस्टम'ले विवाह गर्न मिल्दैन भनेर विवाहका लागि मन्जुरी दिइएन। त्यसपछि उनीहरू घरबाट भागे।

२० वर्ष पुग्न केटीको उमेर एक-दुई महिना कम थियो। केटीको अर्कोसँग विवाह गरिदिने दबाब दिएपछि उनीहरू घरबाट भागेका थिए। नेपालमा बस्ने वातावरण नभएपछि उनीहरू मुम्बई पुगे। उनीहरू भागेपछि केटीका बाबुले प्रहरी लगाएर खोज्ने काम गरे। केटाका मामा र प्रहरीकै असइ रहेका उनका बुबालाई समेत झिकाएर मानसिक यातना दिने काम भयो। उनका मामालाई त प्रहरीले कुटेकै छ। यसरी यातना दिएको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेशस्थित कार्यालयमा उजुरीसमेत परेको छ। यस विषयलाई लिएर सर्लाहीमा प्रहरीले तीन-चारजनालाई कुटपिट गरेको देखिन्छ। सुरुदेखि नै प्रहरी लगाएर कुट्ने, पिट्ने काम हुँदै आएको थियो। हुँदाहुँदा केटाकी आमाले पनि घर छाडेर भाग्नुपर्ने अवस्था आयो।

सत्येन्द्र र नेहा मुम्बई गएको थाहा पाएपछि पक्राउ गर्न तत्कालीन डिएसपी रुगम कुँवर र सहायक हवल्दार इन्द्रमणि पोखरेललाई मुम्बईसम्म पठाइयो। केटाका मामालाई नै यातना दिएर उनीहरू बस्ने ठाउँ पत्ता लगाएर पक्राउ गरिएको रहेछ। तर, दिल्ली विमानस्थलमा कागजातमा समस्या हुँदा उनीहरूलाई नेपाल ल्याउन सकेनन्। केटीको टिकट पनि उसको बुबाकै नाममा काटिएको रहेछ। दिल्ली विमानस्थलमा नेपालबाट गएका प्रहरीहरू टिकट देखाएर अघि बढिसकेका थिए। तर, नेहाको टिकटमा समस्या भयो। त्यसपछि त्यहाँको सुरक्षाकर्मीसँग नेहाले सबै बताइदिइछिन्। आफूहरूलाई नक्कली कागजपत्र बनाएर फसाउन लागिएको खुलाइदिन्छिन्। उनीहरूको त नक्कली जन्मदर्ता बनाएर नाबालक देखाउने गरी कागजपत्र लगिएको रहेछ। नेहाले आफ्नो वास्तविक जन्मदर्ता देखाएपछि त्यहाँ बबाल भयो। उनका बुबालाई सुरक्षाकर्मीले केही समय नियन्त्रणमा लियो। त्यसपछि पक्राउ गर्न गएका प्रहरी पनि भागे। नेहा र सत्येन्द्र विमानस्थलबाट निस्किए।

त्यसपछि उनीहरू कपिलवस्तु आए। सर्लाहीको मेरा एउटा साथीमार्फत उनीहरूको मसँग सम्पर्क भयो। 'कोर्ट म्यारिज'का लागि मैले सबै कागजपत्र मगाउन भनें। सबै कागजपत्र पुगेपछि ३ पुसमा अदालतले विवाह दर्ता गऱ्यो।

त्यसपछि उनीहरू भारतमै गएर बस्ने कि भनेर सल्लाह गर्दै थिए। उनीहरूलाई मैले नै नेपालमै बस्न सुझाव दिएको हुँ। कोर्ट म्यारिजपछि नेपालमै बस, अर्काको देशमा झन् समस्या हुन सक्छ, नेपालमा त पक्राउ नै परे पनि कानुनी लडाइँ लड्न सकिने सुझाएपछि उनीहरू नाइटबसमा काठमाडौं आए।

काठमाडौं बसेर पढाइलाई निरन्तरता दिने उनीहरूको योजना थियो। केटाले साइन्स र केटीले म्यानेजमेन्टमा प्लस टु गरेका हुन्। उनीहरू मिहिनेत गरेर पढाइ अघि बढाउन चाहन्थे। त्यसैअनुसार टीकाथलीमा डेरा लिएर बसे। तर, विडम्बना, १६ पुसमा प्रहरीको एउटा जत्था उनीहरूको डेरामा पुग्यो, उनीहरूले आफ्नो विवाह दर्ता देखाउँदै थिए, उनीहरू हात जोडेर रोइरहेका थिए, कराइरहेका थिए, तर प्रहरीले उनीहरूको चीत्कार सुनेन। कोठाबाट घिसारेर निकाली प्रहरीले पक्राउ गऱ्यो। मुद्दा नै चलेको अवस्थामा पनि तिमीहरू हाजिर हुनु भनेको भए गई नै हाल्थे, सामान्य मुद्दा थियो। उनीहरू उपस्थित हुने तयारीमा पनि थिए।

पक्राउ गर्दा कुटपिट गर्ने मात्र होइन, नेहामाथि दुर्व्यवहारसमेत भएको छ। प्रहरीले 'मिसटच' गरेको रहेछ। मानव अधिकार आयोगको उजुरीमा पनि त्यो उल्लेख भएको रहेछ। त्यही दिन उनीहरूलाई हवाईजहाजमार्फत जनकपुर लगियो, त्यहाँबाट प्रहरी भ्यानमै राखेर सत्येन्द्रलाई सर्लाही अदालतमा पेस गरियो। उनी १८ पुसमा ३० हजार धरौटीमा छुटे।

एक त अदालतमा मुद्दा नै विवाह दर्ता भइसकेपछि दायर भएको छ। ३ पुसमा विवाह दर्ता भएकामा ६ दिनपछि सर्लाही प्रहरीले जिल्ला अदालतमा मुद्दा दायर गरेको अवस्था छ। कपिलवस्तुमा विवाह दर्ता भएलगत्तै त्यसको जानकारी गराई सर्लाही, रौतहट र धनुषामा समेत हुलाकमार्फत त्यसको जानकारी गराई शान्तिसुरक्षा माग गरिएको थियो। त्यसमा पटक्कै वास्ता गरिएन।

केटा छुटेपछि नेहाको अवस्थाबारे जानकारी दिइएन। उनलाई प्रहरीले नै पक्राउ गरेको थियो। तर, प्रहरीले उनलाई कहाँ लग्यो, जानकारी दिइएन। त्यसपछि बन्दी प्रत्यक्षीकरणको मुद्दा लिएर हामी सर्वोच्च गयौं। २१ गते रिट दर्ता भएकोमा २२ गते केटीलाई ४८ घन्टाभित्र उपस्थित गराउनू भन्ने आदेश भयो। तैपनि, उनलाई उपस्थित गराइएन। पछि फेरि एक साताभित्र उपस्थित गराउन आदेश भयो। तैपनि उपस्थित गराइएन। तेस्रोपटक आदेश भएपछि मात्र बाबुले छोरी मसँग छ भनेर लिखित जवाफ पठाए।

पटक-पटकको आदेशपछि मात्र २० माघमा नेहालाई सर्वोच्च अदालतमा उपस्थित गराइयो। त्यहाँ इजलासमा नेहालाई एक्लै राखेर कोसँग बस्छ्यौ भन्दा उनले पतिसँगै बस्छु भनिन् र उनलाई सत्येन्द्रको जिम्मा लगाइयो। अन्तरजातीय विवाहमा शक्तिको आडमा प्रहरीबाट झुटा मुद्दामा फसाउने प्रवृत्ति डरलाग्दो छ। यस घटनामा त केटाकेटीको उमेर पुगेको छ, विवाह दर्ता भएको छ, यति हुँदा पनि बालविवाहको मुद्दा दायर गर्ने मात्र होइन, उनीहरूलाई पक्राउ गर्न मुम्बईसम्म प्रहरी पुगेको छ। जोडीको जात नमिलेकै कारण प्रहरी परिचालन भयो। कोर्ट म्यारिज गरेपछि पनि घरमै गएर पक्राउ गरियो।

> गृह प्रशासनको ज्यादती सत्येन्द्र र नेहामाथिको अन्याय मात्र होइन, आगामी दिनमा कसैले पनि अन्तरजातीय विवाह नगरोस्, त्यस्तो विवाह गऱ्यो भने आइजिपी र गृहमन्त्री नै उनीहरूविरुद्ध लाग्छन्, पक्राउ गरिन्छ, यातना दिइन्छ भनेर तर्साउन खोजिएको हो

प्रहरी त सत्य, सेवा र सुरक्षाका लागि होला नि। ऊ जनताका लागि हुनुपर्ने हो। तर, यहाँ के देखियो भने प्रहरी भनेको एउटा वर्ग या एउटा समुदायको मात्र हो। जोसँग शक्ति छ, जोसँग पैसा छ, उसका लागि मात्र प्रहरीले काम गर्छ भन्नेजस्तो देखियो। पैसा हुनेले मन्त्रीलाई समेत आफ्नो पक्षमा बनाउने भए।

प्रहरी आवाजविहीनको आवाज बन्नुपर्ने हो। जो पीडित छ, जो सीमान्तकृत छ, जो दलित छ, उसलाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने संविधानकै मर्म हो। तर, राज्यले भने त्यही समुदायलाई प्रताडित गरिरहेको छ। अत्याचारको पनि सीमा नाघेको छ।

सुरुदेखि नै यो 'केस' मैले हेरिरहेको छु। यसमा राज्यको व्यवहार अचम्मको छ। बन्दी प्रत्यक्षीकरणको मुद्दामा उनीहरूलाई पक्राउ गरिएको छैन भनेर राज्यका तर्फबाट अदालतमा झुटो विवरण राखेर लिखित जवाफ पठाउने काम भएको छ। अहिले पक्राउ गर्न भारत नगएको भनेर सीधै ढाँट्ने काम भइरहेको छ। राज्यले चाहने हो भने मुम्बई र दिल्ली एयरपोर्टबाट सिसिक्यामेरा फुटेजसमेत मगाउन सक्छ।

यस घटनामा केटा र केटीको उमेर २० वर्ष पुगेपछि उनीहरूले कोर्ट म्यारिज गरेका छन्। सरकारी वकिलले के आधारमा मुद्दा दर्ता गऱ्यो ? अदालतले के हेरेर ३० हजार धरौटी माग्यो ? धरौटी माग्नु भनेको कसुरदार देखाउनु हो। जबकि अदालतमा उसले कपिलवस्तु जिल्ला अदालतमा भएको कोर्ट म्यारिजको कागज पेस गरेको छ। यस घटनामा अदालत चिप्लिएजस्तो देखिन्छ।

जब यो घटनालाई नयाँ पत्रिकाले छाप्यो, संसद्मा हंगामा भयो, सांसदहरूले आवाज उठाए। छानबिनको माग हुन थाल्यो। सडक अवरुद्ध हुन थाल्यो। जिल्ला-जिल्लाबाट अत्याचारविरुद्ध आवाज उठ्न थाल्यो, त्यसपछि राज्यको व्यवहार अनौठो देखियो। पहिले प्रहरीका असइसमेत रहेका सत्येन्द्रका बुबा इन्दल रामलाई छोराको बन्दी प्रत्यक्षीकरणको मुद्दामा अदालतसम्म आउन बिदासमेत दिइएको थिएन। मलाई याद छ, उनी भागेर अदालत आएका थिए। छोराको पेसी छ जान्छु भन्दा दोलखा प्रहरीका हाकिमले जान दिएका थिएनन्। अहिले के कारण आइपऱ्यो र आइजिपीले नै फोन गरेर तपाईं एक साताका लागि छुट्टीमा जानुस्, छोराबुहारीलाई घर लिएर जानुस्, तपाईंलाई सारा प्रबन्ध हामी गरिदिन्छौं, सबै सुरक्षा हामी मिलाइदिन्छौं, घरमै पुलिसको ड्युटी लगाइदिन्छौं भनिरहेका छन् ?

सत्येन्द्र र नेहालाई बर्बर यातना दिइएको छ। उनीहरूलाई यातना दिनेमाथि कारबाही हुनुपर्छ। नेपालको संविधानले यातनाविरुद्धको हकलाई मौलिक अधिकार भनेको छ, यसमा संलग्न सबैमाथि अनुसन्धान र कारबाही हुनुपर्छ।

गृहमन्त्री र आइजिपीको निर्देशनविना प्रहरी मुम्बईसम्म गयो भनेर कसले पत्याउने ? 'हाइकमान्ड' नै यसमा संलग्न भएको छैन भनेर कसले भन्न सक्छ ? त्यसैले, यस विषयमा पनि निष्पक्ष छानबिन हुनुपर्छ। सम्पूर्ण शंकित व्यक्तिमाथि अनुसन्धान हुनुपर्छ। बयान हुनुपर्छ र प्राविधिक अनुसन्धान भयो भने दुधमा दुध, पानीमा पानी हुन्छ। यस्तो अन्याय धेरैलाई भइरहेको छ, तर सत्येन्द्र र नेहा परिपक्व र आँटिला भएकाले यहाँसम्मको लडाइँ लड्न सके। उनीहरूको बौद्धिक क्षमता पनि राम्रो छ। कोर्ट म्यारिज गर्ने वेलामै मैले सोधेको थिएँ, भोलिका दिनमा यस्ता-यस्ता परिस्थिति आउन सक्छ, लड्न सक्ने हो भने मात्र विवाह दर्ता गर भनेर सम्झाएको थिएँ। उनीहरूले जस्तोसुकै परिस्थिति आए पनि हामी अगाडि बढ्छौं भने। यस न्यायिक लडाइँमा उनीहरूकै हिम्मतमा मैले सघाएको हुँ। यातना दिने प्रहरीविरुद्ध पनि अब हामी लडाइँ लड्छौं। पीडितले यातना दिने प्रहरी अधिकारीविरुद्ध मुद्दा दायर गर्न चाहन्छन् भने म उनीहरूलाई सहयोग गर्छु।

(अम्बेडकर मानव अधिकारकर्मी र अधिवक्ता हुन्)

---

३ प्रश्न

संविधानविद्
भीमार्जुन आचार्यलाई

नेता र तिनका आफन्त जोडिएका घटनामा मुद्दा नचलाउने सरकारको निर्णयबारे के भन्नुहुन्छ ?

सरकारका यस्ता निर्णय अत्यन्त आपत्तिजनक र चिन्ताजनक छन्। लोकतन्त्रको मुख्य विशेषता भनेकै संविधानवाद र विधिको शासन हो। लोकतन्त्रमा कानुनको उपयोग सबैमा समान हुन्छ। राज्यको व्यवहार सबैमा समान हुन्छ। सिपाहीदेखि आइजिपी, प्रधानसेनापति या प्रधानमन्त्रीसम्म र कार्यालय सहयोगीदेखि मुख्यसचिवसम्म कानुनको प्रयोगमा कहीं कतै भेदभाव हुँदैन भन्ने प्रत्याभूत लोकतन्त्रले गरेको हुन्छ। तर, हामीकहाँ भने भन्ने वेलामा लोकतन्त्र भनिए पनि यहाँ शक्ति र पहुँचमा हुनेले जे गरे पनि कानुन र राज्यले संरक्षण गर्ने गरेको देखिन्छ। यसैका प्रमाण हुन्, मुद्दा फिर्ता लिने निर्णयहरू।

यसले भविष्यमा कस्तो 'नजिर' बसाउला ?

हाम्रो राज्यको अहिलेको रवैयाले भविष्यमा कानुनको दुरुपयोग बढाउन सक्छ। सर्वसाधारणमा ठुलाले गर्दा हुने, हामीले गर्दा किन नहुने भन्ने पर्न सक्छ। यसबाट कानुन अवज्ञाको खतरा बढ्न सक्छ। समाजमा कुप्रचलन र कुअभ्यास बढ्छ। यसले लोकतन्त्रमाथि नै प्रश्न उठ्ने अवस्था आउन सक्छ।

आमजनतामा दलहरूप्रतिको विश्वास घटिरहेको समयमा यस्ता निर्णयको प्रभाव कस्तो देखिएला ?

दलका नेताहरूले बाहिर बोल्दा आफूहरूले राम्रा काम गर्दा पनि गलत टिप्पणी गरिएको, अनर्गल आक्षेप लगाइएको, आफूहरूले गरेका राम्रा कामको उचित मूल्यांकन नभएको गुनासो गरिरहेका हुन्छन्। तर, जनता, नागरिक समाज या अन्य कसैले सरकारले राम्रो काम गरिरहेको अवस्थामा कहींकतै विरोध गरेका छैनन्। सामान्यतः जोसित अख्तियारी हुन्छ, उसैसित अपेक्षा, गुनासा या आक्रोश पनि हुन्छन्। तर, हामीकहाँ अख्तियारी हुनेले त्यसको दुरुपयोग गर्ने क्रम तीव्र रूपमा बढेको छ। यसबाट कुनै दिन दल र तिनका नेताहरू स्वयं अप्ठ्यारोमा पर्ने अवस्था आउन सक्छ।

प्रेरक प्रसंग

बुद्धलाई अनुयायीको जवाफ

भगवान् बुद्धका एक अनुयायीले भने- प्रभु, मलाई हजुरसित एक निवेदन गर्नु थियो। बुद्धले भने- बताऊ न त, के समस्या आइपऱ्यो ? अनुयायीले भने- प्रभु, मेरो वस्त्र पुरानो भइसक्यो। अब यो पहिरिन लायक रहेन। कृपया मलाई नयाँ वस्त्र दिलाउने कष्ट गरिदिनुपऱ्यो।

बुद्धले अनुयायीको वस्त्र हेरे। त्यो साँच्चै जीर्ण भइसकेको थियो। ठाउँ-ठाउँमा घोटिएर च्यातिन थालिसकेको थियो। त्यो देखेर बुद्धले अर्का एक अनुयायीलाई उनलाई नयाँ वस्त्र दिन आदेश दिए। केही दिनपछि बुद्ध तिनै अनुयायीको घरमा पुगे। उनले अनुयायीसित प्रश्न गरे- के तिमी आफ्नो नयाँ वस्त्रका लागि खुसी छौ ? तिमीलाई अरू केही चाहिएको त छैन नि ? अनुयायीले खुसी हुँदै भने- धन्यवाद प्रभु, म यो वस्त्रमा बिल्कुलै आरामसाथ बसिरहेको छु। मलाई अब केही चाहिएको छैन। बुद्धले थप प्रश्न गरे- अनि, तिमीले त्यो पुरानो वस्त्रलाई के गऱ्यौ ? अनुयायीले जवाफ दिए- मैले त्यसलाई ओढ्ने बनाएर प्रयोग गरिरहेको छु, प्रभु ! बुद्धले पुनः प्रश्न गरे- अनि तिमीले आफ्नो पुरानो ओढ्नेलाई के गऱ्यौ त ? अनुयायीले पुनः जवाफ दिए– मैले त्यसलाई झ्यालको पर्दा बनाएको छु, प्रभु !

बुद्धले पुनः थप प्रश्न गरे- त्यसो भए तिमीले पुरानो पर्दा फालिदियौ ? अनुयायीले हात जोडेर भने- होइन प्रभु ! मैले त्यसलाई चार टुक्रा बनाएर भान्छाका ताता भाँडालाई चुलोबाट निकाल्न प्रयोग गरिरहेको छु। बुद्धले पुनः सोधे- त्यसो भए भान्छाका पुराना कपडालाई चाहिँ के गऱ्यौ त ? अनुयायीले पूर्ववत् जवाफ दिए– तिनलाई अब पोतो बनाएर भुइँ पोत्न प्रयोग गर्नेछु, प्रभु !

के तिमीसित पुरानो पोतो थिएन र ? बुद्धले थप प्रश्न गरे। अनुयायीले जवाफ दिए- त्यो धेरै पुरानो भइसक्यो। त्यसैले मैले त्यसको धागो निकालेर टुकीमा प्रयोग गरेको छु। हिजो हजुरको कक्षमा बलेको टुकी पनि त्यही धागोबाट तयार भएको थियो। अनुयायीको जवाफबाट बुद्ध सन्तुष्ट भए र आफ्नो कुटीतिर फर्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कोषको ध्यान यता जाओस्

हाम्रो देशको प्रमुख धार्मिक स्थलमध्ये एक हो, पशुपतिनाथको मन्दिर। यस मन्दिरप्रति स्वदेशी भक्तजनका साथै विदेशी हिन्दुहरूमा पनि अपार श्रद्धा रहेको छ। हरेक दिन विभिन्न स्थानबाट आमभक्तजन भगवान् शिवको दर्शन गर्न पशुपतिनाथ मन्दिरसम्म आइरहेका छन्। अझ शिवरात्रिमा त अकल्पनीय भिड लाग्ने गरेको यहाँ। तर, केहीका वर्षअघिदेखि शिवरात्रिमा नागा बाबाहरूलाई मुख्य मन्दिरपरिसरभित्रै बस्ने व्यवस्था गरिएको छ। यसले दर्शन गर्न जाने अन्य भक्तजनमा अलिक असहजता सिर्जना गर्ने गरेको पाइन्छ। त्यसैले, यस वर्ष पनि नागा बाबाहरू आइपुग्ने वेला भएकाले उनीहरूको व्यवस्थापनका लागि मन्दिरबाहिरै अलि बेग्लै स्थानमा बसोबास गराउने तयारी गरिनु उचित हुन्छ। यसमा पशुपति विकास कोषबाट स्पष्ट रूपमा तयारी गर्नुपर्ने देखिन्छ। अबको समयमा कोषको यसतर्फ ध्यान जाओस्।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth65@gmail.com

'ठुला'ले जे गरे पनि हुन्छ हो ?

पछिल्लो समयमा 'हाइप्रोफाइल' नेता, तिनका आफन्त, व्यापारी आदि जोडिएका अनेकौं मुद्दामा सरकारी वकिल कार्यालयमार्फत सरकारले मुद्दा नचलाउने, मुद्दा फिर्ता लिने निर्णय गराइरहेको छ। यसले नेपालमा कथित ठुलाबडाले जे-जस्ता अपराध गरे पनि तिनलाई पूर्णतः छुट हुन्छ भन्ने सन्देश दिएको छ। के नेपालमा ठुलाबडाका लागि अलग्गै कानुन छ हो ? नभए, हामीलाई लाग्ने कानुन ठुलालाई चाहिँ किन लाग्दैन त ? के ठुलाबडाले चाहिँ जे गरे पनि हुन्छ हो ?

● **सुमधुर अर्याल**
बबरमहल, काठमाडौं

विद्यार्थीमाथिको गम्भीर अपराध

एक संस्थागत स्कुलका प्रिन्सिपलकी छोरीले स्कुलका चार बालकको गाला तातो पन्युले डामेको समाचार पढ्दा जिउ नै सिरिंग भयो। अबोध बालकले आफूलाई जिस्क्याएको निहुँमा त्यसरी बालकलाई पन्यु तताएर डाम्नु गम्भीर अपराध हो। शिक्षाको मन्दिर विद्यालयभित्रै यस्तो आपराधिक कृत्य हुनु चिन्ताको विषय हो। अब, कहाँका कुन विद्यालयचाहिँ सुरक्षित छन् भनेर ढुक्क भई आफ्ना सन्तानलाई विद्यालय पठाउनु हामीले ? के विद्यालयमा विद्यार्थीलाई पन्युले नडामी अनुशासनमा राख्न सकिन्न हो ?

● **सुविधा शाक्य**
पुल्चोक, ललितपुर

बालमन्दिर प्रकरणमा न्यायको विसर्जन

नेपाल बाल संगठनको नाममा रहेको झन्डै २९ रोपनी जग्गा अनियमित रूपमा लिजमा लगाइएको प्रकरणमा सरकार आफैं कानुनी प्रक्रियाबाट पछि हटेको देखिन्छ। उपप्रधानमन्त्री प्रकाशमान सिंहकी दिदी रिता सिंह वैद्य अध्यक्ष रहँदा लिज सम्झौतामा गरिएको अनियमितता पाँच वर्षअघि नै छानबिन आयोगले प्रमाणित गरिसकेको थियो। सिआइबीले समेत अनुसन्धान गर्दै पक्राउ पुर्जी जारी गरिसकेको अवस्थामा अन्ततः सरकारको दबाबमा मुद्दा नचलाउने निर्णय गरिएको छ। यस निर्णयले बाल संगठनका नाममा रहेको सार्वजनिक सम्पत्ति शक्तिशाली व्यक्तिहरूको आडमा अनियमिततामा परेको तथ्य थप उजागर गरेको छ। यो घटनाले कानुनी राज्यको अवधारणामा गम्भीर प्रश्न उठाएको छ। अनाथ बालबालिकाको हितका लागि छुट्याइएको जग्गा न्यून भाडामा निजी संस्थाहरूलाई दिने, लिज सम्झौतामा पारदर्शिता नअपनाउने र संगठनकै सदस्यहरूले मिलेमतो गरी भ्रष्टाचार गर्नेजस्ता गतिविधिको खुलासा भइसके पनि दोषीहरू सजायबाट उम्किएका छन्। सरकार र शक्तिशाली व्यक्तिहरूको मिलेमतोका कारण यो प्रकरण कानुनी रूपमा टुंग्याइनु त परै जाओस्, पीडित बालबालिकाको न्यायको प्रश्नसमेत ओझेलमा परेको छ। यस्ता भ्रष्टाचारका मुद्दालाई सरकारले दबाउने र कानुनी प्रक्रियालाई कमजोर बनाउने प्रवृत्ति रहिरहेमा देशमा सुशासनको सपना कहिल्यै पूरा हुन सक्दैन। बालमन्दिर जग्गा प्रकरणमा देशको न्यायिक प्रक्रियाकै विसर्जन भएको छ।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युएसएड किचलोमा चीनलाई किन मुछ्नु ?

सबै देशका विदेशी सहायता शून्य-योग खेलमा आधारित हुँदैनन् र न त यो कसैले जित्ने र कसैले हार्ने विषय नै हो

देश/विदेश

अमेरिकी राजनीतिक वृत्तमा युएसएडसम्बन्धी राजनीतिक खिचातानी चलिरहेको छ, जहाँ विभिन्न पक्षले एक-अर्कालाई आरोप लगाउँदै छन्। सुरुमा घरेलु विषय रहेको यो मुद्दालाई पछि चीनलाई दोष दिने अवसरमा परिणत गरिएको छ। अपेक्षित रूपमा मिडिया र नेताले युएसएड बन्द गर्दा 'बेइजिङलाई फाइदा पुग्नेछ,' अमेरिकी 'शक्ति शून्यता' सिर्जना हुनेछ, र चीनका लागि 'ठुलो उपहार' हुने दाबी गरेका छन्। यी भाष्य मुख्यतया राजनीतिक प्रभाव बढाउन र ट्रम्प प्रशासनको निर्णयको विरोध गर्न गरिएको पक्षपातपूर्ण बयानबाजी हुन्। हालका वर्षमा 'चीन खतरा' दुवै दलका लागि विपक्षीमाथि प्रहार गर्ने सहज माध्यम बनेको छ। अर्थात् युएसएडको कुनै पनि पक्षलाई चीनविरोधी रणनीति वा अमेरिकी प्रतिस्पर्धा कमजोर पार्ने तत्वका रूपमा चित्रण गर्न सकिन्छ। अन्ततः अमेरिकी राजनीतिले कुनै पनि मुद्दालाई 'चीन खतरा' सँग जोड्ने बाटो सधैं फेला पार्छ।

युएसएड बन्द गर्नु चीनका लागि 'उपहार' हुने दाबी पुरानो सोचको प्रतीक हो। तर, यसले केही अमेरिकीको गहिरो जरा गाडेको आधिपत्यवादी मानसिकता र अहंकार उजागर गर्छ। उनीहरूले विकासशील राष्ट्रलाई केवल 'भरिने खाली ठाउँ'का रूपमा हेर्छन्, जसले ती देशलाई स्वतन्त्र सत्ता नभई कठपुतलीका रूपमा व्यवहार गर्ने अपमानजनक दृष्टिकोण उजागर गर्छ। विदेशी सहायतालाई भू-राजनीतिक प्रभावको साधन मान्नुले अमेरिकी सहयोग प्रायः राजनीतिक सर्तसहित आउने यथार्थ स्पष्ट छ। त्यसैगरी, युएसएडको बचाउ गर्दा यी व्यक्ति विशेष रूपमा लाभार्थी राष्ट्रमा 'चीनको प्रभाव रोक्ने'मा केन्द्रित हुन्छन्। यसले अन्तर्राष्ट्रिय समुदायमा अमेरिकी मानसिकता प्रकट गरिदिएको छ र धेरै देशका लागि चेतावनीको संकेत बनेको छ।

युएसएडको रणनीतिक निर्णयले चीनसँग कुनै सम्बन्ध राख्दैन। चीन कहिल्यै अन्य मुलुकको आन्तरिक राजनीतिक खेलमा संलग्न भएको छैन, न त भविष्यमा नै संलग्न हुनेछ। त्यसैगरी, अमेरिकाले आफ्नो विदेशी सहायता कसरी वितरण गर्छ र कसलाई दिन्छ भन्ने विषयमा हामीलाई कुनै चासो छैन। एक जिम्मेवार विश्वशक्ति भएकाले चीनले अन्तर्राष्ट्रिय मञ्चमा सत्यनिष्ठा र पारदर्शितासाथ काम गर्छ, सबै राष्ट्रसँग इमानदारी, न्याय र आपसी सम्मानका आधारमा व्यवहार गर्छ। हामी सहयोग र पारस्परिक लाभमा आधारित नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध निर्माण गर्न प्रतिबद्ध छौं। र, हामी परम्परागत भू-राजनीतिक 'प्रभाव क्षेत्र'को सोचलाई अस्वीकार गर्छौं अनि शून्य-योग प्रतिस्पर्धाको ऐतिहासिक जालोभन्दा माथि उठ्छौं।

चीनको विदेशी सहायता स्थानीय जनताको जीवनस्तर सुधार्न केन्द्रित छ। कुनै पनि राजनीतिक सर्तविना प्रदान गरिन्छ र यसले लाभार्थी राष्ट्रको आफ्नै विकास मार्ग छनोट गर्ने स्वतन्त्रतालाई पूर्ण रूपमा सम्मान गर्छ। हामी सहायतालाई कहिल्यै अन्य राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा राजनीतिक लाभ लिने साधनका रूपमा प्रयोग गर्दैनौं। यो दृष्टिकोण अन्तर्राष्ट्रिय रूपमा व्यापक मान्यता प्राप्त र सम्मानित छ। चीनको विश्व दृष्टिकोणलाई संकीर्ण र पूर्वाग्रही ढंगले व्याख्या गर्ने प्रयासले अन्तर्राष्ट्रिय मञ्चमा कुनै समर्थन पाउनेछैन।

यदि, युएसएड बन्द हुन्छ भने विश्व चीनको नियन्त्रणमा जान्छ भन्ने भ्रममा रमाउने अमेरिकी राजनीतिज्ञले वास्तविकतालाई हेरुन्। विनाशकारी भूकम्पपछि सिरियामाथिको प्रतिबन्ध तत्काल हटाउने आह्वानलाई अमेरिकाले बेवास्ता गरिरहँदा चीनको पहिलो आपत्कालीन सहायता पहिल्यै प्रभावित क्षेत्रमा पुगिसकेको थियो। जब अमेरिका विश्व स्वास्थ्य संगठनबाट बाहिरिने घोषणा गर्दै थियो, चीनले अफ्रिकामा चिकित्सक टोली पठाइरहेको थियो। र, खोप प्रदान गरिरहेको थियो। ताजारा रेलवेदेखि चीन-लाओस रेलवे, हाइब्रिड धानदेखि रुवान्डाको '२०० इनार' परियोजनासम्म चीनको व्यापक परामर्श, साझा योगदान र पारस्परिक लाभका सिद्धान्त दीर्घकालीन रूपमा प्रभावशाली छन् भन्ने देखाएको छ। युएसएड रहोस् वा नरहोस् चीनको बढ्दो लोकप्रियतालाई कसैले नकार्न सक्दैन। वासिंटनले बुझ्नुपर्ने के हो भने वास्तविक प्रभाव रकमको मात्राले होइन र जबर्जस्तीभन्दा सम्मानबाट एवं शून्य-योग प्रतिस्पर्धाभन्दा सहकार्यबाट प्राप्त हुन्छ।

तस्बिर : भिसिजी

सहायता कुनै प्रतिस्पर्धा होइन। सबै देशका विदेशी सहायता शून्य-योग खेलमा आधारित हुँदैनन्, र न त यो कसैले जित्ने वा कसैले हार्ने विषय नै हो। सन् २०२३ मा विश्वव्यापी मानवीय सहायता कोषको अभाव लगभग ३५ अर्ब डलर पुगेको थियो, जसमा केही मानवीय संकटले अत्यन्त न्यून वित्तीय सहायता प्राप्त गरेका थिए। राष्ट्रसंघले गत वर्ष सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार विकास लगानीको अभाव वार्षिक रूपमा अनुमानित ४२ खर्ब डलर पुग्नेछ। राष्ट्रसंघका उप-महासचिव अमिना मोहम्मदले अन्तर्राष्ट्रिय सहकार्यविना विश्वले दिगो विकास लक्ष्य हासिल गर्न सक्ने छैन भनेर चेतावनी दिएकी छिन्। यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय समुदाय विशेषतः प्रमुख शक्तिले विश्वव्यापी दिगो विकासमा थप योगदान पुऱ्याउन आपसी सहकार्य गर्न अझ आवश्यक छ।

युएसएडको भविष्य अन्ततः अमेरिकैसँग सम्बन्धित छ। चीनलाई यस मुद्दामा समावेश गर्नुले अमेरिकाका आफ्ना समस्या समाधान गर्न सक्नेछैन। केही अमेरिकी व्यक्तिका हालका क्रियाकलापबाट विश्वले स्पष्ट बुझाइ पाएको छ, अर्थात् सहायता वास्तवमा भरिनुपर्ने 'खाली स्थान' भू-राजनीतिक खेल होइन, बरु वैश्विक शासनका जिम्मेवारी र प्रतिबद्धता हुन्।

(१२ फेब्रुअरीको ग्लोबल टाइम्सको सम्पादकीय)

युक्रेन युद्ध अन्त्य गर्ने ट्रम्पको वाचा पूरा गर्न कठिन छ, असम्भव छैन

डोनाल्ड ट्रम्पले सत्ता सम्हाले यता एकपछि अर्को कार्यकारी आदेश, नियुक्ति, भन्सार वृद्धि, धम्की र अन्य पहलमार्फत उथलपुथल ल्याइरहेका छन् । व्यस्तताबिच पनि उनले युक्रेनमा चलिरहेको युद्धको छिटै अन्त्य गर्ने वाचा गर्न पनि छुटाएका छैनन् । शुक्रबार मात्र उनले यस विषयमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा भइसकेको बताए । यो गर्नैपर्ने काम हो र ट्रम्पसँग यस सम्बन्धमा कारगर रणनीति रहेको उनको दाबी छ । तर, युद्ध अन्त्य गर्ने उद्देश्य हासिल गर्न सजिलो भने छैन । प्रयास असफल भयो भने युद्ध थप चर्किन सक्छ । विशेष युक्रेनलाई पूर्ण उपेक्षाको रणनीति अपनाए वा रुसी सेनामाथि सीधै आक्रमण गर्ने विकल्प चुनेमा त्यस्तो स्थिति आउनेछ ।

युद्धले युक्रेन र रुस दुवैको अर्थतन्त्र, सेना र जनसंख्यालाई नराम्ररी प्रभावित बनाएको छ । हताहतको वास्तविक तथ्यांक दुवै पक्षले सार्वजनिक गरेका छैनन् । तथापि, विभिन्न प्रक्षेपणले मृत्युको संख्या लाखौँ हुन सक्ने देखाएका छन् । रुसको आक्रमणपछि युक्रेनको झन्डै एकचौथाइ हिस्सा अर्थात् एक करोड मानिस देश छाडेर पलायन भइसके । 'युद्ध लामो र रक्तपातपूर्ण बन्ने दिशामा अघि बढेको छ । त्यसैले यसको अन्त्य अत्यावश्यक रहेको' अमेरिकी विदेश सचिव मार्को रुबियोले हालै स्वीकार गरे ।

युद्ध अन्त्यका लागि ट्रम्पले यसका मुख्य घटकलाई वार्ताको टेबुलमा ल्याउन र त्यसपछि सम्झौतामा पुग्न मनाउनुपर्छ । युक्रेनले हाल युद्धभूमिमा सामना गरिरहेको हार र कठिनाइका कारण ऊ वार्ताका लागि केही नरम भएको छ । अब वार्ताका लागि रुसको पहलकदमी महत्त्वपूर्ण हुन्छ । युद्ध अन्त्य गर्ने योजनाबारे सोध्दा ट्रम्पले जनवरी २० मा 'राष्ट्रपति पुटिनसँग कुरा गर्ने' बताएका थिए । यसमा उनी सही छन् । रक्तपात अन्त्य गर्ने यो एक मात्र तरिका हो । तथापि, मस्कोलाई टेबुलमा ल्याउन र गम्भीर वार्तामा सरिक गराउन ट्रम्पले आफूसँग भएको सबै दबाबलाई प्रयोग गर्नुपर्छ । हुनत यसै उद्देश्यले उनले रुसलाई कडा आर्थिक प्रतिबन्धको धम्की दिइसकेका छन् । त्यस्तै, तेलको मूल्य घटाएर उनले पुटिनको युद्ध हाँक्ने मुख्य स्रोतमाथि प्रहार गरेका छन् । ट्रम्पले शान्ति स्थापनामा सहयोग गरेमा रुसलाई लागेका प्रतिबन्धमा राहत दिलाउने लोभ पनि देखाएका छन् ।

रोचक कुरा के भने ट्रम्प चीनले रुस-युक्रेन वार्तामा भूमिका खेलोस् भन्ने चाहन्छन् । यो एउटा चलाख कदम हो । चीनले रुसको युद्ध प्रयासलाई समर्थन गरेको र क्रेमलिनमाथि उसको प्रभाव भएकाले उसको संलग्नता उपयोगी हुनेछ । त्यसबाहेक, बेइजिङले युद्ध अन्त्य होस् भन्ने चाहेको बताउँदै आएको छ । तर, रुस-युक्रेन वार्तामा चीनलाई सहभागी गराउने विचार ट्रम्प प्रशासनका केही सदस्यको चीनविरोधी धारणका कारण संकटमा पर्न सक्छ । ट्रम्पको प्रशासनमा विदेशमन्त्री रुबियो पनि यसप्रति नरम छैनन् ।

● क्रिस्टोफर एस. चिभिस

क्रिस्टोफर 'कार्नेगी एन्डोमेन्ट'को अमेरिकी स्टेटक्राफ्ट कार्यक्रमका वरिष्ठ फेलो र निर्देशक हुन् ।

> राष्ट्रपति ट्रम्पले युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा ठुल्ठुला अभिव्यक्ति दिएका छन् । तर, वास्तविक शान्ति सुनिश्चित गर्न विश्वव्यापी कूटनीति आवश्यक पर्छ । यो असम्भव छैन, तर यसका लागि कठिन मार्ग अवलम्बन गर्नुपर्नेछ ।

यही एउटा कारणले यसको कार्यान्वयन कठिन छ ।

ट्रम्पले युरोपका अमेरिकी सहयोगीलाई पनि शान्ति पहललाई समर्थन गर्न मनाउनुपर्ने हुन्छ । अन्यथा तीमध्ये केहीले कूटनीतिक प्रयासलाई कमजोर पार्न सक्छन् । धेरै युरोपेली देश युद्धको समाधान उनीहरूको हितमा हुनेछ भन्ने स्विकार्छन् । तर, रुसविरुद्धको युद्धमा युक्रेनप्रतिको दृढ समर्थनका कारण तिनलाई कूटनीतिक समाधान समर्थन गर्न गाह्रो पर्न सक्छ । युक्रेन तल पर्ने खालको सहमतिलाई समर्थन गर्न नसक्ने तिनले बताउँदै आएका छन् । युरोपेली संघका लागि विदेश तथा सुरक्षा नीतिका उच्च प्रतिनिधि काजा कालासजस्ता नेताले यस विचारलाई लिएर शंका व्यक्त गरेका छन् ।

ट्रम्प यी सबै पक्षलाई वार्ताको टेबुलमा ल्याउन सफल भए भने त्यसपछि उनले विवादास्पद मुद्दाको सामना गर्नुपर्नेछ । पहिलो त भविष्यमा युक्रेनको रणनीतिक अभिमुखीकरण के हुनेछ भन्ने आधारभूत प्रश्नका जवाफ खोज्नुपर्नेछ । ऊ तटस्थ रहने, पश्चिमउन्मुख हुने वा दुवैको बिचको बाटो लिने भन्ने विकल्प बहसमा छन् । युक्रेन पश्चिममुखी हुने भन्ने अडान लिए रुसले युद्धविराम नस्विकार्न सक्छ । त्यस्तै युक्रेनले त्यस्तो आशा प्रदान नगर्ने कुनै पनि सम्झौताको विरोध जनाउन सक्छ ।

भविष्यमा रुसी आक्रमण हुँदैन भन्ने कुनै प्रकारको सुरक्षा ग्यारेन्टी समावेश नभएको सम्झौतालाई युक्रेनले अस्वीकार गर्ने निश्चित छ । त्यो ग्यारेन्टी प्रदान गर्ने विभिन्न तरिका छन् । त्यसमा युक्रेनलाई नेटोमा ल्याउनेदेखि लिएर बहुराष्ट्रिय सुरक्षा बल प्रदान गर्नेसम्म विकल्प छन् । त्यस्तै रुसले पुनः आक्रमण गरेमा किभलाई दिइँदै आएको सैन्य सहयोग दोब्बर गर्ने वाचा पनि यसै विकल्पमा पर्छ । यद्यपि, उत्तम विकल्पमा सर्वसम्मति हासिल गर्न कठिन हुनेछ । किनकि, युक्रेनका लागि के उत्तम हो भन्नेमा युरोप, अमेरिका, युक्रेन र रुसबिच फरक-फरक मत देखिन्छ ।

यसबिच, अन्य धेरै जटिल मुद्दा पनि सम्बोधन गर्नुपर्ने हुन्छ । उदाहरणका लागि रुसले कब्जा गरेका क्षेत्रमा बसोवास गर्ने युक्रेनीको स्थिति के हुने अथवा ती क्षेत्रकै स्वामित्वको प्रश्न पनि सम्बोधन गर्नुपर्नेछ । युरोपको सुरक्षा संरचनाको दूरगामी पुनर्संरचना गर्नुपर्ने भन्ने रुसको लामो समयदेखिको अवास्तविक मागले सम्झौतामा पुग्न ट्रम्पलाई धेरै कूटनीतिक मार्ग प्रयोग गर्न बाध्य पार्नेछ । उनीसँग यस अत्यन्त जटिल र चुनौतीपूर्ण कूटनीतिक कदमलाई चालेर टिक्ने धैर्यता छ कि छैन भन्ने निश्चित छैन ।

ट्रम्पले युक्रेनप्रति घातक उपेक्षाको नीति अँगाल्न सक्छन् । विशेषतः किभले कडा मोलमोलाइको रणनीति अपनायो वा पुटिनले युद्ध जित्दै छन् भन्ने ट्रम्पलाई लाग्दा उनी हार्ने घोडामा दाउ लगाउनबाट टाढिन सक्छन् । यस अवस्थामा ट्रम्पले हिंसाका लागि रुसको आलचेना गरे पनि उसको अग्रगमन रोक्न मौन रहने नीति लिन सक्छन् । अझ ठुलो खतरा ट्रम्पले वार्ता गरेपछि पुटिनसामु हार खाए भन्ने आउनेछ । उदाहरणका लागि, मानौँ पुटिनले सार्वजनिक रूपमा ट्रम्पको शान्ति योजना अस्वीकार गरे वा वार्ता चलिरहेको समयमा ठुलो आक्रमण गरे ।

ट्रम्पले सन् २०२० मा इरानका शीर्ष जनरल कासिम सुलेमानीको हत्याको आदेश दिन हिचकिचाएका थिएनन् । उनले कुनै अवस्थामा युक्रेनमा रहेका रुसीहरूविरुद्ध अमेरिकी फौज परिचालन नगराउलान् भनेर ठोकुवा गर्न सकिँदैन । त्यसो भए विश्वका दुई आणविक शक्तिबिच आमनासामना हुनेछ । त्यसपछि विश्वको शान्ति नै जोखिममा पर्नेछ । युक्रेन-रुसबिचको दुःखद युद्ध वार्ताको बाटोमा मोडिनेछ कि छैन भन्ने विषय अर्को एक वा दुई महिनामा निश्चित भइसक्नेछ । ट्रम्पले यस अवधिभित्र युद्धविराम हुन सक्ने परिकल्पना गरेका छन् । तर, त्यो असम्भव छ । तथापि, उनको प्रशासन उनीहरू शान्तिको सफल प्रयासका लागि आवश्यक पर्ने कूटनीतिक कदम सुरु गर्न गम्भीर छ कि छैन भन्ने स्पष्ट गर्नुपर्छ । उनीहरू गम्भीर नै होलान् भन्ने आशा मात्र गर्न सकिन्छ । अमेरिकाका लागि, युक्रेनका लागि र विश्वका लागि यो युद्ध अन्त्य गर्न धेरै ढिलो भइसकेको छ ।

– द गार्जियनबाट

ट्रम्प र पुटिनबिच युक्रेनको विषयमा फोनवार्ता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच बुधबार आकस्मिक टेलिफोन वार्ता भयो । वार्तापछि ट्रम्पले युक्रेन शान्ति वार्ताका लागि पुटिनसँग साउदी अरेबियामा भेट्न लागेको खुलासा गरे । 'अपेक्षाअनुसार पुटिन साउदी अरब आउनेछन् र म पनि त्यहाँ जानेछु, सम्भवतः हाम्रो पहिलो भेट त्यहीँ हुनेछ,' ट्रम्पले पुटिनसँग भेट्ने योजनाबारे उनको कार्यालयमा पत्रकारहरूको भेटघाटमा बताए । ट्रम्पले 'निकट भविष्यमा' हुने अपेक्षा गरेको यस वार्तामा साउदी युवराज मोहम्मद बिन सलमान पनि संलग्न हुनेछन् ।

ह्वाइट हाउसमा ट्रम्पको फिर्तीपछि पुटिनसँगको यो पहिलो आधिकारिक टेलिफोन सम्पर्क हो । ट्रम्पले पुटिनसँग 'लामो र अत्यन्त फलदायी' कुराकानी गरेको बताए । क्रेमलिनले पनि दुई नेताबिच डेढ घण्टाजति फोनवार्ता भएको स्वीकार गरेको छ । ट्रम्पसँगको फोनवार्ताबारे क्रेमलिनको वक्तव्य संयमित देखिन्छ । शान्तिवार्ताका माध्यमबाट दीर्घकालीन समाधानमा पुग्न सकिन्छ भन्ने कुरामा पुटिन ट्रम्पसँग सहमत भएका, तर उनले द्वन्द्वका मूल कारणलाई सम्बोधन गर्न चाहेको क्रेमलिनको वक्तव्यमा उल्लेख छ ।

पुटिनसँगको छलफलपछि ट्रम्पले युक्रेनको नेटोमा सामेल हुने चाहना 'व्यावहारिक' नभएको टिप्पणी गरे । यसले युक्रेनलाई आफ्नै भविष्यलाई लिएर हुने वार्ताबाट बाहिरै राखिने हो कि भन्ने चिन्ता बढाएको छ । किएभलाई नेटोमा संलग्न गराउन नहुने मस्कोको प्रमुख माग हो । ट्रम्पले लगभग तीन वर्षको युद्धको छिटो अन्त्यका लागि दबाब दिइरहेका छन् ।

ट्रम्पले पुटिनपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग पनि कुरा गरे । जेलेन्स्कीले ट्रम्पसँग 'अर्थपूर्ण' कुराकानी भएको बताए । फोनवार्तामा ट्रम्पले पुटिनसँग भएको कुराकानीको 'विवरण बताएको' जेलेन्स्कीले जानकारी दिए । कुराकानीपछि ट्रम्पले भने, 'जेलेन्स्की पनि रुसी राष्ट्रपति पुटिनजस्तै शान्ति चाहन्छन् ।' तथापि, पुटिनसँगको ट्रम्पको घनिष्ठताले अमेरिका रुसका सर्तहरूमा सहमतिमा पुग्न चाहेको हो कि भन्ने चिन्ता बढाएको छ ।

अमेरिकाका रक्षामन्त्री पिट हेग्सेथले बुधबार युरोपेली समकक्षीसँगको कुराकानीमा युक्रेनको सन् २०१४ पूर्वको सीमामा फर्कने सपना 'भ्रमपूर्ण लक्ष्य' भएको र नेटो सदस्यताको चाहना 'यथार्थवादी नभएको' टिप्पणी गरेका थिए । मस्कोले युद्ध अन्त्यका लागि राखेका प्रमुख मागमा यी दुई पनि पर्छन् । युक्रेनले रुससँगको कुनै पनि सम्झौताका हिस्साका रूपमा वासिङटन (पश्चिम)बाट भविष्यमा हुन सक्ने सम्भावित आक्रमणबाट सुरक्षा ग्यारेन्टीको माग गर्दै आएको छ ।

इतिहासमा आज फेब्रुअरी १४



सन् १८९६ : थियोडोर हरजलले 'डेर जुडेनस्टाट (यहुदी राज्य)' नामक पर्चा प्रकाशित गरे । पर्चामा हरजलले पहिलोपटक युरोपभर दमन खेपिरहेका यहुदीहरूले प्यालेस्टाइन गएर जमिन किनेर बसाइँ सर्नुपर्ने आह्वान गरे । यो पर्चाले इजरायल निर्माणका लागि बिउको काम गरेको विश्वास गरिन्छ ।

सन् १५५६ : १४ वर्षीय अकबरको तेस्रो मुगल सम्राट्का रूपमा राज्याभिषेक सम्पन्न भयो ।

सन् १८४९ : म्याथ्यु ब्राडी नामक फोटोग्राफरले आजकै दिन अमेरिकी राष्ट्रपति जेम्स नोक्स पोल्कको फोटो खिचेका थिए, जुन अमेरिकी राष्ट्रपति पदमा रहँदा खिचिएको पहिलो फोटो बन्यो ।

सन् १८७० : उताह राज्यको विधायिकाले महिलालाई मताधिकार प्रदान गरेपछि सेराफ योङ अमेरिकामा सम्पन्न मतदानमा आधिकारिक रूपमा मत हाल्ने पहिलो महिला बनिन् ।

सन् १८७६ : एलेक्ज्यान्डर ग्राहम बेल र एलिसा बेलले एकै दिन केही घण्टाको फरकमा आफूले टेलिफोन आविष्कार गरेको दाबीसहित 'प्याटेन्ट' दर्ता गरे । त्यही वर्ष मार्च ७ मा बेलले प्याटेन्ट पाए । ग्रेले बेलविरुद्ध सर्वोच्चमा मुद्दा दायर गरे, तथापि सर्वोच्चले बेलकै पक्षमा फैसला गऱ्यो ।

सन् १९४९ : इजरायल स्थापनापछि भएको पहिलो संसदीय निर्वाचनपछि गठन भएको संसद्को पहिलो सत्र आजकै दिनबाट जेरुसेलममा बस्यो ।

सन् १९५८ : सिरिया र इजिप्टबिचको गणतान्त्रिक एकताबाट त्रसित भएर इराक र जोर्डनका राजाहरू एक भएर जाने घोषणा गरे । यसबिच इराकमा राजतन्त्र पतन भएपछि यो एकता ६ महिनाभित्र टुट्यो ।

सन् १९८९ : सलमान रुस्दीले उनको उपन्यास 'सटानिक भर्सेस'मा मोहम्मदको अपमान गरेको भन्दै इरानका सर्वोच्च नेता आयतोल्ला खोमेनीले उनको हत्या गर्न फत्वा जारी गरे ।

सन् १९८९ : ग्लोबल पोजिसनिङ सिस्टमका पहिलो २४ भूउपग्रह पृथ्वीको कक्षमा पुऱ्याइयो ।

सन् १९९० : अन्तरिक्षयान 'भोयाजर प्रथम'ले सम्पूर्ण सौर्य प्रणालीको पहिलो तस्बिर खिचेर पृथ्वीमा पठायो । यस चर्चित तस्बिरलाई 'पेल ब्लु डट'को नामले चिनिन्छ ।

सन् २००५ : युट्युब सार्वजनिक भयो ।

कर छुटका लागि ट्रम्पलाई मनाउने प्रयासमा मोदी

नयाँदिल्ली/ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग ह्वाइट हाउसमा भेट गरे । भेटलाई मोदीले ट्रम्पसँगको पुरानो मित्रता पुनर्जीवित गर्ने र भन्सार तथा आप्रवासनमा अमेरिकी राष्ट्रपतिको कठोर कदमबाट भारतलाई जोगाउने प्रयासका रूपमा हेरिएको छ । रिपब्लिकन पार्टीका नेता ट्रम्प सत्तामा फर्किएपछि ह्वाइट हाउस पुग्ने विदेशी नेताहरूको शृंखलामा मोदी पछिल्लो नेता बनेका छन् । इजरायली प्रधानमन्त्री, जापानी प्रधानमन्त्री र जोर्डनका राजापछि ह्वाइट हाउस जाने मोदी विश्वका चौथो नेता हुन् । उनले आफ्नो पहिलो कार्यकालमा ट्रम्पसँग राम्रो सम्बन्ध विकास गरेका थिए ।

मोदीले भ्रमणअघि अमेरिकामा बनेका महँगा मोटरसाइकल (हार्ले डेभिडसन)को आयातमा लाग्दै आएको उच्च भन्सार शुल्क छुटको प्रस्ताव गरेका थिए । हार्ले-डेभिडसनमाथिको उच्च भन्सारका कारण सो सवारीसाधनले भारतीय बजारमा संघर्ष गर्दै आएको छ । यसले ट्रम्पलाई क्रोधित बनाएको उनीनजिककाले संकेत गर्दै आएका छन् । भारतले गत हप्ता ट्रम्पको आप्रवासन सुधारको हिस्साका रूपमा सयभन्दा बढी अवैध आप्रवासी बोकेको अमेरिकी सैन्य उडान स्विकाऱ्यो ।

मोदीसँगको घनिष्ठताका बाबजुद ट्रम्पले

विगतमा असमान व्यापार नीतिलाई लिएर भारतप्रति आक्रोश व्यक्त गरेका छन् । उनले आफ्नो पहिलो कार्यकालमा विश्वको पाँचौँ ठुलो अर्थतन्त्र भारतलाई 'सबैभन्दा ठुलो कर दुरुपयोगकर्ता'को आरोप लगाएका थिए । ट्रम्पले आफ्नो पुनरागमनपछि सहयोगी तथा प्रतिद्वन्द्वी देशहरू दुवैविरुद्ध भन्सार शुल्क बढाएका छन् । भारत पनि यसको निसानामा पर्ने हो कि भनेर त्रसित छ ।

भारतका शीर्ष कूटनीतिज्ञहरू दुई देशका नेताहरूबिच 'नजिकको सम्बन्ध' रहेको बताउँछन् । यद्यपि, यस सम्बन्धले लामो समयदेखि खोजिएको द्विपक्षीय व्यापार सम्झौतामा सफलता हासिल हुन सकेको छैन । तथापि, पछिल्लो समय अमेरिकाका दुवै प्रमुख दलमा बढेको चीनविरोधी दृष्टिकोणको प्रतिक्रियामा तिनले भारतसँगको घनिष्ठतालाई प्राथमिकता दिन थालेका छन् । ट्रम्पले यस वर्षको अन्त्यतिर चीनविरुद्ध गठन गरिएको मानिने 'क्वाड'को निर्धारित शिखर सम्मेलनमा भारत भ्रमण गर्ने सम्भावना छ ।

अधिकांश विकसित देशले कठोर पार्दै छन् आप्रवासन नीति, लामो टिक्नेमा आशंका

● एलन हिर्स

हिर्स न्यु साउथ इन्स्टिच्युटका रिसर्च फेलो एलन केप टाउन विश्वविद्यालयअन्तर्गत 'नेल्सन मन्डेला स्कुल अफ पब्लिक गभर्नेन्स'का पूर्वप्राध्यापक हुन् ।

> अमेरिकाले मात्र होइन, अन्य 'ग्लोबल नर्थ'का देश (विकसित देश)ले पनि आप्रवासन नियन्त्रण गर्न कठोर नीति ल्याएका छन् । सन् २०२४ को इयू आप्रवासन र शरणसम्बन्धी २०२४ सम्झौताले कडा सीमा नियन्त्रण, शरण खोज्नेहरूको द्रुत मूल्यांकन र योग्य नभएकालाई छिटो हटाउने व्यवस्था गरेको छ । बेलायतमा लेबर प्रधानमन्त्री केयर स्टारमरले कुल आप्रवासन दर घटाउने र मानव तस्करलाई आतंकवादीलाई जस्तै व्यवहार गर्ने प्रतिबद्धता जनाएका छन् ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको शरणार्थीप्रति अमेरिकी प्रतिबद्धताबाट पछि हट्ने भन्ने वाचा अब नयाँ रहेन । उनले सबै शरण प्रक्रिया बन्द गरेका छन् र अनियमित आप्रवासीलाई हटाउन सुरु गरेका छन् । ट्रम्पको नयाँ कदममा अमेरिकी शरणार्थी प्रवेश कार्यक्रमको निलम्बन पनि समावेश छ । अमेरिका जाने शरणार्थीका लागि बुक गरिएका उडान रद्द गरिएका छन् । गिरफ्तारी र निर्वासन सुरु भएको छ ।

बाइडेन प्रशासनअन्तर्गतका कडा आप्रवासीविरोधी नीतिलाई पनि पछ्याइएको छ, यद्यपि ट्रम्पको आप्रवासी नीतिमा विगतको तुलनामा बढी निर्मम छन् । अमेरिकाले मात्र होइन, अन्य 'ग्लोबल नर्थ'का देश (विकसित देश)ले पनि आप्रवासन नियन्त्रण गर्न कठोर नीति ल्याएका छन् । सन् २०२४ को इयू आप्रवासन र शरणसम्बन्धी २०२४ सम्झौताले कडा सीमा नियन्त्रण, शरण खोज्नेहरूको द्रुत मूल्यांकन र योग्य नभएकालाई छिटो हटाउने व्यवस्था गरेको छ । बेलायतमा लेबर प्रधानमन्त्री केयर स्टारमरले कुल आप्रवासन दर घटाउने र मानव तस्करलाई आतंकवादीलाई जस्तै व्यवहार गर्ने प्रतिबद्धता जनाएका छन् ।

विगत ३० वर्षमा बसाइँसराइमा मेरो अनुसन्धानको अनुभवका आधारमा मलाई विश्वास छ कि यी कदम टिक्ने सम्भावना छैन । त्यहाँ दुई अन्तरसम्बन्धित प्रवृत्ति छन्, जसले ग्लोबल नर्थको सिमाना बन्द गर्नु अव्यावहारिक देखाउँछ । पहिलो, विश्वको उत्तरी भागमा जनसंख्या चाँडै वृद्ध हुँदै छ (औसतमा) । त्यहाँ प्रजनन दर वा प्राकृतिक जनसंख्या वृद्धिदर घटेको छ । कुल जनसंख्यामा वृद्धवृद्धाको हिस्सा बढ्दै गएको छ ।

दोस्रो, श्रमशक्ति घट्दै गएको र निर्भरता अनुपात (काम नगर्ने मानिसको अनुपात) द्रुत गतिमा बढ्दै गइरहेको अवस्थामा केही परिवर्तन नगरी अन्य देशका सम्भावित श्रमिकका लागि सिमाना बन्द गर्दा 'ग्लोबल नर्थ'मा जीवनस्तर खस्किनेछ । आर्थिक वृद्धि र सरकारी राजस्व सुस्त वा स्थिर हुनेछ, पूर्वाधार मर्मत र सामाजिक सेवा प्रावधान पनि कमजोर हुनेछ ।

त्यहाँ धेरै सम्भावित रणनीति छन्, जुन अध्यागमनविरोधी उपायको विकल्प हुन सक्छ । केही वृद्ध मानिस दक्षिणमा बसाइँ सर्न सक्थे । रोबोट र कृत्रिम बौद्धिकता (एआई)ले थप काम गर्न सक्थे । आप्रवासीलाई स्थायी रूपमा वा मिश्रित आप्रवासीका रूपमा उत्तरमा जान दिने व्यवस्था मिलाउन सकिन्छ । यी सबै रणनीति पहिले नै प्रयोगमा छन् । तिनीहरूको आवेदन धेरै विस्तार गर्नुपर्छ ।

● अनुचित त्रास

ग्लोबल नर्थका सरकारले हाल चालेका अध्यागमनविरोधी उपाय तथा प्रतिक्रिया अतिरञ्जित छ । विश्वभर आप्रवासीको संख्यामा उल्लेख्य वृद्धि भएको कथनका आधारमा सरकारले आप्रवासीविरोधी कडा कदम चालेको छ । तर, यो सत्य होइन । अमेरिका, जर्मनी र कोलम्बियाजस्ता केही देशले शरणार्थी र अन्य आप्रवासीको संख्या बढेको पाएका छन् । तर, बाँकी विश्वका लागि यो तस्बिर दशकौँदेखि लगभग समान छ ।

विदेशमा जन्मेका बासिन्दा (आप्रवासीका लागि व्यापक रूपमा प्रयोग गरिएको परिभाषा) विश्वभरका बासिन्दाहरूको अनुपातका रूपमा १९७० मा २.३ प्रतिशतबाट सन् २०२० मा ३.६ प्रतिशत पुग्यो । तर, सन् १९६० मा यो संख्या तीन प्रतिशतभन्दा बढी थियो । र, १८०० को अन्तमा कुल आप्रवासी विश्वव्यापी जनसंख्याको तीन प्रतिशतदेखि पाँच प्रतिशतको हाराहारीमा थिए ।

त्यसैले, ३.६ प्रतिशतको वृद्धि कुनै नयाँ कुरा होइन । सन् २०२३ मा त्यहाँ लगभग ३८ मिलियन शरणार्थी थिए, जसमध्ये ६९ प्रतिशतले छिमेकी देशमा र ७५ प्रतिशतले मध्यम र न्यून आय भएका देशमा शरण खोजेका थिए । त्यसकारण सामान्यतया धनी देशले सबैभन्दा ठुलो बोझ बोकिरहेका छैनन् ।

> विकसित देशमा प्रजनन दर वा प्राकृतिक जनसंख्या वृद्धिदर घटिरहँदा कुल जनसंख्यामा वृद्धवृद्धाको हिस्सा बढ्दै गएको छ । आश्रित जनसंख्या बढ्दै गएका वेला सरकारले सम्भावित श्रमिकका लागि सिमाना बन्द गऱ्यो भने ती देशको आमजीवनस्तर खस्किनेछ ।

यी कठोर कदमको पछाडिको वास्तविक कारण आर्थिक सहयोग र जीवनस्तर भनेजस्तो नहुनु हो । हाउजिङको लागत र उपलब्धता खस्किएको छ । असमानता सन् १९८० को दशकदेखि बढेको बढ्यै छ । सन् २००८ मा देखा परेको विश्वव्यापी वित्तीय संकट र कोभिड-१९ पछि सार्वजनिक सेवाको गुणस्तर र उपलब्धता खस्किएको छ । रोजगारीको गुणस्तर अनिश्चित काम र कम पारिश्रमिक सेवा क्षेत्रतर्फ सरेको छ । यसले विदेशीविरोधी भावना र यहाँसम्म कि जेनोफोबिया (अन्य देशबाट आएका नागरिकलाई पूर्वाग्रीपूर्ण दृष्टिले हेर्नु वा घृणा गर्नु)सहित लोकवादको उदयलाई प्रश्रय दिएको छ ।

ट्रम्पका कार्य अहिलेसम्मकै सबैभन्दा निर्मम छन् । उनका कदमले सुरक्षा बललाई थप शक्ति दिएर 'आक्रमणमा संलग्न विदेशी'लाई अमेरिका प्रवेशमा रोक लगाउँछ । अमेरिकाको दक्षिणी सीमामा शरणमा निषेध र 'मेक्सिकोमै रहन' दिइएको निर्देशनको अर्थ तेस्रो देशका सम्भावित शरणार्थीले पनि सीमापार गर्न सक्दैनन् ।

ट्रम्पले यो पनि आदेश दिएका छन् कि जन्मसिद्ध नागरिकता निश्चित वर्गका बासिन्दा, अनिवार्य रूपमा नागरिक वा 'ग्रिन कार्ड'का रूपमा बसोवासको अधिकार भएका बालबालिकामा सीमित हुनुपर्छ । यस कदमलाई केही राज्यमा न्यायाधीशहरूले असंवैधानिक भनेका छन् ।

होमल्यान्ड सेक्युरिटी डिपार्टमेन्टका कार्यवाहक प्रमुखले अध्यागमन र भन्सार प्रवर्तन अधिकारीलाई बाइडेन प्रशासनका धेरै कार्यक्रमअन्तर्गत अमेरिकामा अस्थायी रूपमा भर्ना भएका क्युबा, निकारागुआ, भेनेजुएला र हाइटीका शरणार्थी (सम्भवतः अफगान र युक्रेनी शरणार्थीसमेत) लाई लक्षित गर्दै आप्रवासीलाई निकासी गर्ने अधिकार दिए ।

ट्रम्पको दोस्रो कार्यकालमा ल्याइएको लेकेन-रिले ऐनअन्तर्गत (अमेरिकी कंग्रेसबाट अन्तिम स्वीकृति हुन बाँकी)को पहिलो विधेयकले अनुमतिविना देश प्रवेश गर्ने र केही अपराधमा अभियोग लगाइएका आप्रवासीलाई हिरासतमा राख्न र देश निकाला गर्न सक्नेछ । यो विधेयकको पक्षमा २६३ मत र विपक्षमा १५६ मत परेको थियो ।

यसविपरीत ग्लोबल साउदमा मैले अन्यत्र छलफल गरेझैँ प्रवृत्ति उल्टो दिशामा बढेको छ । दक्षिण अमेरिकी क्षेत्रीय समुदायले हालैका दशकमा धेरै व्यापक रूपमा बसाइँसराइलाई उदार बनाएका छन् । तर, अफ्रिकी क्षेत्रीय समुदायले पनि प्रगति गरेका छन्, जस्तै दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ ।

● यस्तो छ अबको बाटो

केही वैकल्पिक रणनीतिले मार्ग नेतृत्व गरिरहेका छन् । क्यानडामा अस्थायी विदेशी कामदार कार्यक्रम १९७३ देखि लगातार विस्तार भएको छ, जसमा खानपान, हेरचाह, निर्माण र कृषिजस्ता प्रमुख पेसाका लागि दीर्घकालीन परिचालित कम-दक्ष कामदार समावेश छन् । यद्यपि, आप्रवासनलाई लिएर उत्तरमा देखिएको आतंक र क्यानडाको आवास अभावले यो राजनीतिक छानबिनमा परेको छ । यस्तै क्रियाकलाप अन्यत्र पनि देखा पर्दै छ ।

इयूमा प्रतिभा साझेदारी (ट्यालेन्ट पार्टनरसिप)लाई प्रोत्साहित गरिन्छ । उदाहरणका लागि, जर्मनीसँग केन्या र मोरक्कोसँग प्रतिभा साझेदारी छ, जहाँ उनीहरूले ती देशहरूमा स्वास्थ्यकर्मी र आइटी प्राविधिकलाई जर्मनीमा काम गर्न र बस्न तालिम दिन्छन् । स्पेनसँग ल्याटिन अमेरिका र अफ्रिकामा विभिन्न साझेदारी छन् । प्रधानमन्त्री पेड्रो सान्चेजले अग्रगामी हुन चाहेका छन् ।

विश्वव्यापी उत्तरमा जनसंख्या संरक्षणका लागि हालको प्रवृत्ति नराम्रो छ । काम गर्ने आप्रवासीका लागि नयाँ औपचारिक मार्ग र शरणार्थीका लागि व्यावहारिक प्रणाली, अनियमित आप्रवासीविरुद्ध नियमको पूर्ण कार्यान्वयनको साथ, राजनीतिक र आर्थिक रूपमा काम गर्ने संयोजन हुन सक्छ ।

द कन्भर्सेसनबाट

संक्षेप

रासायनिक मलको अभाव हुन नदिन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले किसानलाई रासायनिक मलको अभाव हुन नदिने गरी काम गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएका छन् । प्रधानमन्त्रीले बिहीबार मन्त्रालयको ब्रिफिङ लिँदै किसानलाई समयमै पर्याप्त मल वितरण गर्ने तथा कालोबजारी रोक्ने ठोस कार्ययोजना अघि बढाउन निर्देशन दिएका हुन् ।

कृषिमन्त्री रामनाथ अधिकारी, सचिव तथा सहसचिवहरूसँग छलफल गर्दै प्रधानमन्त्रीले मल आपूर्ति छिटो-छरितो र पारदर्शी बनाउन, स्वदेशमै मल उद्योग स्थापना गर्न र प्रांगारिक मलको प्रयोगलाई प्राथमिकता दिने नीति ल्याउन आग्रह गरे । प्रधानमन्त्रीले कृषि आधुनिकीकरण, उत्पादकत्व वृद्धि र स्रोत-साधनको प्रभावकारी उपयोगमा जोड दिँदै, नेपाललाई आत्मनिर्भर बनाउने दिशामा ठोस नीति अवलम्बन गर्न निर्देशन दिए ।

पञ्चेश्वरको डिपिआर टुंगो लगाउने सहमति

काठमाडौं/ लामो समयदेखि अन्योलमा रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई छिट्टै अन्तिम रूप दिन नेपाल र भारत सहमत भएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतीय समकक्षी सिआर पाटिलबिच बिहीबार भएको भेटवार्तामा यस्तो सहमति भएको हो ।

नेपाल-भारतको संयुक्त विज्ञ कमिटीको आगामी बैठकबाट पञ्चेश्वरको डिपिआरलाई अन्तिम रूप दिने सहमति भएको हो । ६ हजार चार सय ८० मेगावाट विद्युत् उत्पादन गर्ने क्षमतासहितको उक्त परियोजनाको डिपिआरलाई अन्तिम रूप दिन संयुक्त विज्ञ कमिटी छ । आगामी बैठकले डिपिआरलाई अन्तिम रूप दिने सहमति भएको भेटवार्तामा उपस्थित ऊर्जा मन्त्रालयको ऊर्जाविज्ञ प्रबल अधिकारीले जानकारी दिए । यद्यपि, कमिटीको बैठक तय भइसकेको छैन । भारतका जलशक्तिमन्त्री पाटिलले पञ्चेश्वरको डिपिआरलाई अन्तिम रूप दिन भारत सकारात्मक रहेको बताए ।

■ गौरवको सिक्टा सिँचाइ आयोजनामा फेरि भ्रष्टाचारको गन्ध

अढाई अर्बको टेन्डरमा 'मिलेमतो'

जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सचिव सरिता दवाडी र सिँचाइ विभागका महानिर्देशक देवराज निरौलाको संलग्नतामा शर्मा एन्ड कम्पनी र कुमार श्रेष्ठ निर्माण सेवा प्रालिलाई दिने गरी मिलेमतोमा टेन्डर आह्वान

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह भन्छन्-

बोलपत्रको संशोधन देखाउन मात्रै गरिएको हो । जलविद्युत्मा नहर त्यति हुँदैन । त्यसले सम्बन्धित कम्पनीको प्रतिस्पर्धा गर्ने क्षमता स्वतः कमजोर हुने भयो । जलविद्युत्को निर्माण सिँचाइ परियोजनाभन्दा जटिल हुन्छ । लागत मात्रै होइन, सीप, क्षमता र प्रविधि पनि धेरै चाहिन्छ । तर, त्यस्तो काम गरेका कम्पनीलाई सिँचाइ परियोजना पनि बनाउन नदिने गरी बोलपत्र ल्याइनु सुनियोजित देखिन्छ । अहिलेको टेन्डर रद्द गरेर समान रूपमा प्रतिस्पर्धा गर्न पाउने गरी पुनः टेन्डर आह्वान हुनुपर्छ ।

सिक्टा आयोजना प्रमुख राजु आचार्य भन्छन्-

माथिल्लो निकायबाट आएको निर्देशनअनुसार टेन्डर संशोधन गरिएको हो । ०७८ देखि साबिककै मापदण्ड राखी टेन्डर आह्वान भइरहेकाले कुनै अनियमितता भएको छेन ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाले दुई अर्ब ५० करोड लागतको डुडुवा शाखा नहर निर्माणका लागि सीमित ठेकेदार कम्पनीसँग मिलेमतो गरी टेन्डर आह्वान गरेको छ । ४३ किलोमिटर लामो डुडुवा शाखा नहरमध्ये खजुरा र मनपुर उपशाखा नहरलाई एक अर्ब २५ करोड र नहरसँग सम्बन्धित संरचनाका लागि पनि एक अर्ब २५ करोड रुपैयाँ लागत अनुमान गरी दुईवटा ठेक्कामार्फत निर्माण गर्न गत १ पुसमा टेन्डर आह्वान गरिएको थियो । बोलपत्र पेस गर्ने म्याद ३ माघसम्म भए पनि थपेर २५ माघसम्म पुऱ्याइएको थियो । सो मितिसम्म दुवै ठेक्कामा ११-११ वटा निर्माण कम्पनीले आवेदन दिएको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर मनोजकुमार शाहले जानकारी दिए । आवेदन दिने म्याद सकिएकाले अहिले ठेकेदार छनोटको प्रक्रिया सुरु भएको उनले बताए ।

तर, डुडुवाको नहर बनाउने ठेक्का कसलाई दिने भनेर यसअघि नै सेटिङ भइसकेको स्रोतको भनाइ छ । टेन्डर आह्वान गर्दा नै प्रतिस्पर्धा साँघुरो हुने गरी सिँचाइ परियोजनाको हेडवर्क्स, इन्टेक, नहरलगायतका संरचना बनाएको हुनुपर्ने सर्त राखिएको थियो । यो सर्तले सिँचाइ परियोजनाभन्दा जटिल मानिने पुल र जलविद्युत् परियोजना निर्माण गरेका कम्पनी प्रतिस्पर्धा गर्नबाट वञ्चित भएका छन् ।

खुला प्रतिस्पर्धाको बाटो बन्द गरेर आह्वान भएको टेन्डर सार्वजनिक खरिद ऐनविपरीत रहेको दाबीसहित केही निर्माण व्यवसायीले सार्वजनिक खरिद अनुगमन कार्यालयमा निवेदन पनि दिएका छन् । सार्वजनिक खरिद ऐनको दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विनाभेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । सोही दफाको कार्यान्वयन गर्ने गरी बोलपत्र सच्याउनुपर्ने माग राखेर निर्माण व्यवसायीले दिएको उजुरीपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले टेन्डर ऐनसम्मत नभएको भन्दै २३ पुसमा सिँचाइ विभागलाई पत्र लेखेको थियो ।

'खरिद कार्यलाई बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने सार्वजनिक खरिदको मूल उद्देश्य, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (३) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (१) (ग) को व्यवस्थासँग मिल्दो देखिँदैन,' कार्यालयले लेखेको पत्रमा भनिएको छ, 'उल्लिखित खरिद कार्यमा खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका विषयमा खरिद सम्झौता गरी सिँचाइ, हाइड्रोपावरलगायत अन्य आयोजनामा हाइड्रोलिक संरचनासम्बन्धी निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी पनि माथि उल्लिखित खरिद कारबाहीमा सहभागी हुन सक्ने गरी बोलपत्र कागजात संशोधन गर्न र सोको जानकारी यस कार्यालयलाई समेत गर्नुहुन निर्णयानुसार अनुरोध छ ।'

कार्यालयको पत्राचारपछि सिँचाइ विभागले १५ माघमा योग्यता संशोधन गर्ने निर्णय गरे पनि खुला प्रतिस्पर्धाबाट ठेकेदार छनोट गर्न भने चाहेको छैन । किनभने, संशोधित बोलपत्रमा जलविद्युत् परियोजना निर्माण गरेका कम्पनीले पनि आवेदन दिन पाउने व्यवस्था थप गरे पनि 'कन्भेन्सन नहर' बनाएको हुनुपर्ने सर्त राखेको छ । जबकि, जलविद्युत् परियोजनामा नहर बनाउने काम बिरलै हुन्छ ।

जलविद्युत् परियोजनामा सुरुङ र अन्य सिभिल संरचना बनाएका निर्माण कम्पनीलाई फेरि पनि प्रतिस्पर्धामा निस्तेज गरेर आफूअनुकूलको ठेकेदार छनोट गर्ने चाहना आयोजनाले कायमै राखेको छ । जलविद्युत्को सुरुङ र अन्य जटिल किसिमका पूर्वाधार बनाएको अनुभवलाई मापदण्डभित्र नराखेकाले संशोधित बोलपत्रको कुनै महत्त्व नरहेको निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए । कुनै निश्चित कम्पनीलाई ठेक्का दिने गरी सेटिङमा टेन्डर आह्वान भएको उनको आरोप छ । 'कुनै निश्चित कम्पनीलाई ठेक्का दिने गरी पहिला नै कार्टेलिङ भएको छ । सोही कम्पनीले टेन्डर पाउने गरी मापदण्ड तोकिएको आशंका छ,' उनले भने । अहिलेको टेन्डर रद्द गरेर समान रूपमा प्रतिस्पर्धा गर्न पाउने गरी पुनः टेन्डर आह्वान हुनुपर्ने उनको माग छ ।

सिक्टा आयोजनाका प्रमुख राजु आचार्यले भने माथिल्लो निकायबाट दिएको निर्देशनअनुसार टेन्टर संशोधन गरेको बताए । ०७८ देखि नै साबिककै मापदण्ड राखेर टेन्डर आह्वान भइरहेकाले कुनै अनियमितता नभएको उनको दाबी छ । पहिले गुनासो आएको थिएन, यसपालि भने गुनासो आएको हुनाले मापदण्ड केही संशोधन गरेर बोलपत्र सच्याइएको छ । आर्थिक वर्ष ०६१/६२ मा सुरु भएको यसको भौतिक प्रगति ४१.५८ प्रतिशत मात्रै छ । आव ०८९/९० सम्म काम सम्पन्न हुने गरी लागत संशोधन गरेर ५२ अर्ब ८९ करोड पुऱ्याइएको छ ।

सेटिङमा यी दुई कम्पनीलाई दिन खोजिँदै छ ठेक्का

स्रोतका अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सचिव सरिता दवाडी र सिँचाइ विभागका महानिर्देशक देवराज निरौलाको संलग्नतामा दुईवटा ठेकेदारलाई छनोट गर्ने सर्तमा मिलेमतो गरी टेन्डर आह्वान भएको छ ।

नहर बनाउन शर्मा एन्ड कम्पनी र नहरसँग सम्बन्धित संरचना निर्माण गर्न कुमार श्रेष्ठ निर्माण सेवा प्रालिलाई दिने गरी टेन्डर आह्वान गरिएको स्रोतको दाबी छ । स्वच्छन्द, कुमार श्रेष्ठ निर्माण सेवा र शर्मा एन्ड कम्पनीले यसअघि महाकाली सिँचाइ परियोजनामा काम गरिसकेकाले दुवैको योग्यता पुग्छ । कुमार श्रेष्ठ निर्माण सेवाले रानी-जमरा कुलरिया सिँचाइ आयोजनामा पनि काम गरिसकेको छ । नहर बनाउन लामा कन्स्ट्रक्सन, शर्मा एन्ड कम्पनी, बन्दन भगवती निर्माण सेवा, कुमार श्रेष्ठ निर्माण सेवा, फेवा-श्री गीता जेभी, माउन्टेन इन्फ्रा कम्पनी, रसुवा कन्स्ट्रक्सन कम्पनी, अर्घाखाँची इन्जिनियर्स एन्ड बिल्डर्स, हाई हिमालयन-आरएससी जेभी, स्वच्छन्द निर्माण सेवा र लुम्बिनी बिल्डर्सले आवेदन दिएका छन् ।

त्यस्तै, नहरसँग सम्बन्धित संरचना निर्माण गर्ने प्याकेजमा लामा कन्स्ट्रक्सन, शर्मा एन्ड कम्पनी, रामेछाप भगवती निर्माण सेवा, बन्दन भगवती निर्माण सेवा, कुमार श्रेष्ठ निर्माण सेवा, फेवा-श्री गीता जेभी, रसुवा कन्स्ट्रक्सन कम्पनी, अर्घाखाँची इन्जिनियर्स एन्ड बिल्डर्स, थ्री एचसी पिके जेभी, स्वच्छन्द निर्माण सेवा र लुम्बिनी बिल्डर्सले आवेदन दिएका छन् ।

मूल नहर बनाउँदा भइसकेको छ साढे आठ अर्ब भ्रष्टाचार

आयोजनाको पश्चिम खण्डको ४५ मध्ये ४२ किलोमिटर नहर निर्माण गर्दा आठ अर्ब ५९ करोड ८८ लाख रुपैयाँ भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठेकेदार कालिका कन्स्ट्रक्सनसहित २१ विरुद्ध २१ मंसिर ०७५ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । राप्ती नदीको ५० क्युमेक्स पानी अटाउने क्षमताको मूल नहर बनाउनुपर्ने भए पनि ४-५ क्युमेक्स पानी पठाउँदा नै नहर भत्केको थियो । त्यसपछि अख्तियारले विस्तृत अनुसन्धान गर्दा गुणस्तरहीन काम गरेकाले नहर भत्केको आरोपपत्र तयार गरी मुद्दा दायर गरेको थियो । सो मुद्दाका आरोपीलाई विशेष अदालतले सफाइ दिइसकेको छ, तर अख्तियारले विशेषको फैसलाविरुद्ध पुनरावेदन गरेकाले अहिले सर्वोच्चमा मुद्दा चलिरहेको छ ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कोहलपुर, बाँके तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/११/०२ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैकसंग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **कोहलपुर, बाँकेमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/१२/१५ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय **कोहलपुर, बाँकेमा** दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी: नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाण्डौं कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१)अन्तर्गत मिति २०७५/०५/२२ मा दर्ता भई दर्ता नम्बर १९८१२४/०७५/०७६ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यालय नेपालगन्ज, बाँकेबाट मिति २०७५/०५/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६६०२२६४ को प्रमाणपत्र प्राप्त **खगेशवरी हार्डवेयर्र प्रा.लि.** । कम्पनीको ठेगाना: बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ ।

संचालक तथा जमानतकर्ता: सन्तोष उप्रेती (ना.प्र.नं. १/३७५ जारी मिति २०५२/०१/०३ जारी गर्ने कार्यालय जि.प्र.का. बाँके) ठेगाना: बाँके जिल्ला नेपालगंज न.पा वडा नं. ११ (साविक कोहलपुर न.पा. वडा नं. १२) । बावु : भोज राज उप्रेती । बाजे : भुमि दत्त उप्रेती ।	**जमानतकर्ता: भोजराज उप्रेती** (ना.प्र.नं. २०८३६ जारी मिति २०४४/११/२३, प्रतिलिपि जारी मिति २०३५/०४/२७, जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) स्थाई ठेगाना: रुपन्देही जिल्ला करहिया गा.वि.स. वडा नं. १ । हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ । बावु : भुमि दत्त उप्रेती । बाजे : इस्तबेद उप्रेती ।
जमानतकर्ता: ओमकार उप्रेती (ना.प्र.नं. ४६८४ जारी मिति २०५६/०४/१२ जारी गर्ने कार्यालय जि.प्र.का. बाँके) ठेगाना: बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. ११ (साविक कोहलपुर न.पा. वडा नं. १२) । बावु : भोज राज उप्रेती । बाजे : भुमि दत्त उप्रेती ।	**जमानतकर्ता: सन्तोषी उप्रेती** (ना.प्र.नं. ६६-०१-७०-००९०० जारी मिति २०७०/०२/१७, जारी गर्ने कार्यालय जि.प्र.का बाँके) ठेगाना: बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ३ (हाल कोहलपुर न.पा. वडा नं. ११) पति : सन्तोष उप्रेती । ससुरा : भोज राज उप्रेती ।
संचालक तथा जमानतकर्ता : शारदा देवी उप्रेती (ना.प्र.नं. १६०३१३२८१ जारी मिति २०३५/०३/२६ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) स्थाई ठेगाना: पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. ६ । हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा.वडा नं. ११ । बावु : चिरंजिवी राज पाण्डे । पति : भोज राज उप्रेती । ससुरा :भुमि दत्त उप्रेती ।	**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** १. सन्तोष उप्रेतीको नाममा मालपोत कार्यालय नेपालगँज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला बनबटवा गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ०३५०९२८ स्थित कित्ता नं. क्रमस: ५३२, ५५३, ८५, १२२९ र १२३० क्षेत्रफल क्रमश : ११३०.०० वर्ग मि.,२९३०.०० वर्ग मि., ५६०.०० वर्ग मि., १३२.५० वर्ग मि र १३२.५० वर्ग मि. को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत................१ २. सन्तोष उप्रेतीको नाममा मालपोत कार्यालय नेपालगँज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला चटार गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ग स्थित कित्ता नं.४७१ क्षेत्रफल ३८६८.८४ वर्ग मि. को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत............१ ३. ऋणी **खगेशवरी हार्डवेयर्र प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कोहलपुर बाँके**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कोहलपुर बाँकेमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

७ महिनामा पुँजीगत खर्च १९.४२% मात्र

खर्च निराशाजनक हुँदा अर्थतन्त्रको चक्रमै प्रभाव

मीनराज बसन्त/नयाँ पत्रिका

● **नरबहादुर थापा**, अर्थविद्

यो एकदमै निराशाजनक पुँजीगत खर्च हो । १२ महिनामा खर्च गर्नुपर्ने बजेट हुन्छ । सात महिनामा कम्तीमा ५० प्रतिशत पुँजीगत खर्च हुनुपर्ने हो । तर, २० प्रतिशत पनि भएको देखिएन । यो स्केलको पुँजीगत खर्चले आर्थिक विकास, रोजगारीलगायतका लक्ष्य प्राप्ति हुने देखिन्न ।

चालू आर्थिक वर्ष ०८१/८२ को आधाभन्दा बढी समय अर्थात् सात महिना बितिसक्दा पनि संघीय सरकारको पुँजीगत खर्च भने साढे १९ प्रतिशत मात्रै देखिएको छ ।

चालू आवमा सरकारले पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य लिएको छ । तर, माघ मसान्तसम्म ६८ अर्ब ४१ करोड ५९ लाख रुपैयाँ मात्रै खर्च भएको छ, जुन लक्ष्यको १९.४२ प्रतिशत मात्रै हो ।

पुँजीगत खर्च प्रत्यक्ष रूपमा विकास निर्माणसँग जोडिएको हुन्छ । जति धेरै पुँजीगत खर्च हुन्छ, त्यति धेरै विकास निर्माणका काम भएको मान्न सकिन्छ । पुँजीगत खर्चले अर्थतन्त्र चलायमान बनाउन सहयोग गर्छ । तर, समीक्षा अवधिमा भएको खर्चले विकास निर्माणका काम आवश्यकताअनुसार नभएको संकेत गर्ने जानकारहरू बताउँछन् । साथै, बजेट सक्ने नाममा अबका दिनमा जथाभावी असन्तुलित रूपमा खर्च हुने जोखिम पनि बढेको उनीहरूको तर्क छ । अब बाँकी पाँच महिनामा सरकारले ८०.५८ प्रतिशत पुँजीगत बजेट खर्च गर्नुपर्नेछ ।

अर्थविद् तथा नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले पुँजीगत खर्च एकदमै निराशाजनक भएको बताए । यस्तो पुँजीगत खर्चले आशा गर्ने ठाउँ पनि नदेखाएको उनको भनाइ छ ।

'यो एकदमै निराशाजनक पुँजीगत खर्च हो । १२ महिनामा खर्च गर्नुपर्ने बजेट हुन्छ । सात महिनामा कम्तीमा ५० प्रतिशत पुँजीगत खर्च हुनुपर्ने हो । तर, २० प्रतिशत पनि भएको देखिएन । यो स्केलको पुँजीगत खर्चले आर्थिक विकास, रोजगारीलगायतका लक्ष्य प्राप्ति हुने देखिन्न,' उनले भने, 'पछिल्लो बाढीपहिरोले सडकलगायतका भौतिक संरचनामा ठुलो क्षति पुगेको छ । यो वेला मर्मत-सम्भारका लागि पनि पुँजीगत खर्च हुन आवश्यक छ । यो वेला पुँजीगत खर्च बढाएर क्षतिग्रस्त भौतिक संरचना बनाउनुपर्ने हो । तर, त्यो भएन ।'

सार्वजनिक वित्त व्यस्थापनमा सुधार ल्याउने गरी विभिन्न माध्यमबाट प्रविधिहरूको विकास हुँदासमेत पुँजीगत खर्च न्यून हुनु राम्रो नभएको उनको भनाइ छ । 'सार्वजनिक वित्त व्यवस्थापन सुधारका लागि गरिएको खर्च बालुवामा पानी खनाएजस्तै भयो,' उनले भने, 'सरकारले पुँजीगत खर्च बढाउन नसक्दा पनि पछिल्लो समय शिथिल भएको अर्थतन्त्र चलायमान हुन सकेको छैन । निजी क्षेत्रहरू पनि पछि परेका छन् । बैंकबाट पनि कर्जा प्रवाह हुन सकेको छैन । यस्ता समस्याको मुख्य कारण पुँजीगत खर्च हुन नसक्नु नै हो ।'

यद्यपि, सरकार आफैँले चालू आवमा लक्ष्यअनुसार पुँजीगत खर्च नहुने अनुमान गरेको छ । २४ माघमा बजेटको अर्धवार्षिक मूल्यांकन गर्दै पुँजीगत खर्च दुई खर्ब ९९ अर्ब ५० करोड रुपैयाँ हुने अनुमान गरेको छ, जुन लक्ष्यको ८५ प्रतिशत हो । तर, त्योअनुसार पनि पुँजीगत खर्च हुनेमा चुनौती भइरहेको बताउँछन् ।

■ चालू खर्च भने झन्डै ४६% पुग्यो

समीक्षा अवधिमा चालूतर्फ भने ४५.८२ प्रतिशत बजेट खर्च भएको छ । चालू आवमा ११ खर्ब ४० अर्ब ६६ करोड रुपैयाँ चालू खर्च गर्ने सरकारको लक्ष्य छ । त्यसमा समीक्षा अवधिमा पाँच खर्ब २२ अर्ब ६२ करोड रुपैयाँ खर्च भएको छ । असार मसान्तसम्म पुग्दा चालूतर्फ लक्ष्यको ९०.२४ प्रतिशत अर्थात् १० खर्ब २९ अर्ब ३० करोड रुपैयाँ खर्च हुने सरकारको संशोधित अनुमान छ ।

यस्तै, समीक्षा अवधिमा वित्तीय व्यवस्थातर्फ सरकारले ४४.६ प्रतिशत बजेट खर्च गरेको छ । सरकारले वित्तीय व्यवस्थातर्फ यो वर्षका लागि तीन खर्ब ६२ अर्ब २८ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । त्यसमा हालसम्म एक खर्ब ६३ अर्ब ८१ करोड रुपैयाँ खर्च भएको छ । आगामी असार मसान्तसम्म पुग्दा यसअन्तर्गत भने एक खर्ब ६३ अर्ब ९३ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ, जुन लक्ष्यको ९९.०९ प्रतिशत हो । चालू र वित्तीय व्यवस्थामा उच्च खर्च हुँदा पुँजीगत खर्च भने कम देखिएको छ ।

■ कुल खर्च साढे ४० प्रतिशत

यसरी समीक्षा अवधिमा सरकारको कुल खर्च भने ४०.५८ प्रतिशत देखिएको छ । यो वर्ष १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ खर्च गर्ने लक्ष्य लिइएको थियो । त्यसमा माघ मसान्तसम्म सात खर्ब ५४ अर्ब ८५ करोड रुपैयाँ खर्च भएको छ । आगामी असार मसान्तसम्म १६ खर्ब ९२ अर्ब ७३ करोड रुपैयाँ खर्च हुने सरकारको संशोधित अनुमान छ ।

■ लक्ष्यअनुसार संकलन भएन राजस्व

समीक्षा अवधिमा सरकारको राजस्व संकलन भने ६ खर्ब ५९ अर्ब ७३ करोड रुपैयाँ रहेको छ, जुन लक्ष्यको ४४.८३ प्रतिशत मात्रै हो । यो खर्चभन्दा ९५ अर्ब ११ करोड ७८ लाख रुपैयाँ कम पनि हो । राजस्वले नपुग्ने खर्च सरकारले ऋणमार्फत व्यवस्थापन गर्दै आएको छ । सरकारले समीक्षा अवधिमा १४ खर्ब ७१ अर्ब ६२ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । समीक्षा अवधिमा कर राजस्व पाँच खर्ब ६५ अर्ब ६४ करोड रुपैयाँ, गैरकर राजस्व ७७ अर्ब २१ करोड तीन लाख रुपैयाँ, अनुदान आठ अर्ब ८२ करोड ६० लाख रुपैयाँ र अन्य आम्दानी आठ अर्ब पाँच करोड ५७ लाख रुपैयाँ रहेको छ । यो वर्ष सरकारको कर राजस्व मात्रै १२ खर्ब ८० अर्ब रुपैयाँ संकलन हुने संशोधित अनुमान छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
सस्पेन्सन बृज डिभिजन
श्रीमहल, पुल्चोक, ललितपुर

बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/११/०२

प्रस्तुत विषयमा, यस सस्पेन्सन बृज डिभिजन अन्तर्गत नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुको निर्माण कार्यको लागि NCB-09/081/82 देखी NCB-14/081/82 अन्तर्गतका विभिन्न ठेक्काहरुमा राष्ट्रियस्तरको बोलपत्र आव्हान गरिएको सूचना https://bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

NDPC
नेपाल डिजिटल पेमेन्ट्स (कं) लि.
Nepal Digital Payments Company Ltd
VACANCY ANNOUNCEMENT
Positions:
Chief Executive Officer- 1
To Apply:
www.merojob/ndpc

भायानेट बन्यो महिला च्याम्पियनसिपको शीर्ष प्रायोजक

काठमाडौं/ फागुन ५ देखि १४ गतेसम्म दशरथ रंगशालामा आयोजना हुने अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपको शीर्ष प्रायोजक इन्टरनेट सेवाप्रदायक कम्पनी 'भायानेट' बनेको छ। मंगलबार आयोजित कार्यक्रममा भायानेट र प्रतियोगिताको व्यावसायिक अधिकार व्यवस्थापन गरिरहेको ब्रान्ड डिजिटल लजिक प्रालिबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो। नेपाली फुटबलको विकासमा योगदान पुऱ्याउने उद्देश्यसहित यो प्रायोजन गरिएको भायानेटले जनाएको छ। प्रतियोगितामा नेपालसहित किर्गिस्तान, लेबनान र म्यानमारका राष्ट्रिय महिला टोलीहरूले प्रतिस्पर्धा गर्नेछन्।

भायानेटका कमर्सियल एन्ड मार्केटिङ विभागका उपाध्यक्ष सहिन श्रेष्ठले भने, 'खेलकुद, मनोरञ्जन र इन्टरनेट आपसमा गाँसिएका क्षेत्रहरू हुन्, जसले हाम्रो व्यवसायलाई पनि नजिकबाट छोएको छ। हाल नेपाली क्रिकेट र फुटबलमा देखिएको प्रगति र दर्शकको माया उत्साहजनक छ। हामी यस यात्रालाई अझ बलियो बनाउन चाहन्छौँ। नेपाली टिमलाई अझ उचाइमा पुऱ्याउन हाम्रो निरन्तर साथ रहनेछ।'

एनसेलले सुरु गऱ्यो भोवाइफाई

काठमाडौं/ एनसेलले भ्वाइस ओभर वाइफाई (भोवाइफाई) सेवाको सुरुवात गरेको छ। नयाँ प्रविधिमा आमउपभोक्ताको पहुँच सुनिश्चित गराउन निरन्तरको प्रयासस्वरूप एनसेलले यो सेवा सञ्चालनमा ल्याएको हो।

यो सेवाले ग्राहकलाई कुनै पनि भरपर्दो वाइफाई इन्टरनेट प्रयोग गरी स्पष्ट सुनिने एचडी भ्वाइसमा कल गर्न, आगमन कल उठाउन र एसएमएस आदान-प्रदान गर्न सक्षम बनाउँछ। वाइफाई कलिङका नामले पनि चिनिने भोवाइफाई सेवा कमजोर मोबाइल नेटवर्क सिग्नल भएका घर अथवा ठुला बिल्डिङका बेसमेन्ट र दुर्गम स्थानमा सेवा लिनसमेत प्रयोग गर्न सकिन्छ। प्रारम्भिक चरणमा हाललाई एनसेलको यो सेवा आइफोन-८ र त्यसमाथिका आइफोन मोडेलहरूमा उपलब्ध रहेको छ।

यो सेवा प्रयोग गर्न कुनै अतिरिक्त शुल्क नलाग्ने एनसेलले जनाएको छ। ग्राहकले विद्यमान भ्वाइस र एसएमएस सेवाको शुल्कमा नै यो सेवा लिई कमजोर मोबाइल नेटवर्क भएका स्थानमा पनि विस्तारित नेटवर्क कभरेजको फाइदा लिएर सम्पर्कमा रहिरहन सक्छन्। भ्वाइस ओभर लङ टर्म इभोलुसन (भोल्ट) सेवाका लागि फोरजी आवश्यक भएजस्तै भोवाइफाईका लागि भरपर्दो वाइफाई कनेक्सन चाहिन्छ। कमजोर मोबाइल नेटवर्क भएका ठाउँहरूबाट कुराकानी गर्दा-गर्दै मोबाइल नेटवर्क भएको स्थानमा पुगेमा विनाकुनै बाधा भोवाइफाईबाट मोबाइल नेटवर्कमा स्वतः स्विच हुने यो प्रविधिको एक मुख्य विशेषता रहेको एनसेलले जनाएको छ।

लुम्बिनी केबुलकार र बस व्यवसायीबिच सम्झौता

काठमाडौं/ लुम्बिनी केबुलकार लिमिटेड र पश्चिम नेपाल बस व्यवसायीबिच व्यावसायिक सहकार्यसम्बन्धी सम्झौता भएको छ। सम्झौताबमोजिम पश्चिम नेपाल बस व्यवसायी प्रालिमा आबद्ध व्यवसायी र यसमा आबद्ध बसमा यात्रा गर्ने यात्रुहरूले लुम्बिनी केबुलकारको टिकटमा २० प्रतिशत छुट पाउनेछन्।

यात्रुहरूले पश्चिम नेपाल बस व्यवसायी प्रालिमा आबद्ध बसहरूमा यात्रा गरेको टिकट देखाई तीन महिनाभित्र २० प्रतिशत छुटको सुविधा लिन सक्नेछन्।

मोटरसाइकल हरायो

मिति २०८१/१०/२८ गते अ. १७:१० बजेदेखि १७:२५ बजेको समयमा ललितपुर म.न.पा.-४, विष्णुदेवी ओरालो घरको छेउमा पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो, रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : अम्बर बहादुर राना मगर
मो.सा.नं.: बा.प्र. ०२-०५३ प ९६९८
चेसिस नं.: **MD2A13EX3RCE82836**
इन्जिन नं.: **DKXCRE34029**
सम्पर्क न.: **9843066614**

रायन इनर्जीको बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल

काठमाडौं/ रायन इनर्जी प्रालिले आइपिओ निष्कासन गर्ने भएको छ। आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा रायन इनर्जीका प्रबन्ध सञ्चालक दीपककुमार रौनियार र ग्लोबल आइएमई क्यापिटलका प्रमुख कार्यकारी अधिकृत मन्दीप लुइँटेलले हस्ताक्षर गरेका हुन्।

रायन इनर्जीले आगामी आर्थिक वर्ष ०८२/८३ मा आइपिओ निष्कासन गर्नेछ। यो दुईपांग्रे तथा तीनपांग्रे विद्युतीय सवारीसाधनको संयोजन तथा उन्नत ब्याट्री स्वाप मेकानिजम र सञ्चालन प्रणाली एकीकृत गर्ने उद्देश्यले स्थापित कम्पनी हो।

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/११/०२

यस कार्यालयबाट मिति २०८१/०६/०३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार निर्धारित समय भित्र रीतपूर्वक दर्ता हुन आएका विद्युतिय बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यस कार्यालयको मिति २०८१/११/०१ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

ठेक्का नं.	कार्यको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक(मु.अ.कर सहित)
NCB/ Goods/02/ 2081/082	Trolly Based USG Machine 19'' HD LED Monioter 4 Probe Connector - 1 set	श्री सोफी इन्टरनेशनल प्रा.लि., नयाँबानेश्वर, काठमाडौं।	रु.२८,०२,४००/-(अक्षरेपी अट्ठाईस लाख, दूई हजार, चार सय मात्र)
	Fully Automated Biochemistry Analyzer 40×40- 1 set		
	Multipara Emergency Patient Monitor 14"- 1 set खरिद।		

प्रमुख प्रशासकीय अधिकृत

तारकेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/११/२ गते

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
1.	Construction works of Boudeshwor Mahadev Park. (Tara/17/NCB/081-082)	Rainas Construction & Consultancy Pvt.Ltd	रू. १,१६,६९,७७०.५९
2.	Construction works of Tarakeshwor Na Pa 6 Saghu Pipalbot dekhi Basnet Taar Mul Sadak Staronnati. (Tara/18/NCB/081-082)	N.N.N. Construction And Suppliers	रु. ३४,४४,८६३.१३
3.	Construction works of Nagini Khola Corridor Daya Baya Railing Nirman . (Tara/19/NCB/081-082)	Dhaneshwor Construction suppliers P.Ltd.	रु. २१,१४,७६१.११
4	Construction Works of Sangla Club Dekhi Bihani Chock Hudai Gurarain tole jane sadak Istarunnati . (Tara/20/NCB/081-082)	Naulakha Construction and Suppliers	रु. ६३,५१,३८५.५८
5	Construction Works of Pipal Dada Khel Maidan Staronnati. (Tara/21/NCB/081-082)	Bluesky Construction Pvt. Ltd.	रु. ६०,७२,२४४.०१

प्रमुख प्रशासकीय अधिकृत

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कपन, काठमाडौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/११/०२ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय कपन, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/१२/१५ गते शुक्रवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय कपन, काठमाण्डौंमा** दिनको ठीक २:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०९/२९ गते **दर्ता नं. ३७८६१/०६२/०६३** मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाण्डौं बाट मिति २०६२/१०/११ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२१०३९४६ को प्रमाणपत्र प्राप्त **काठमाण्डौं विनायक शिक्षालय प्रा.लि.। रजिष्ट्रर्ड ठेगाना :** काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ९, गैरीगाँउ।

सञ्चालक तथा जमानतकर्ता : सम्झना लामा (ना.प्र.नं. १४३२४६) जारी मिति २०६२/०५/२७ जारी गर्ने कार्यालय जि.प्र.का. काभ्रेपलान्चोक)। ठेगाना : काभ्रेपलान्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ५ (साविक कानपुर कालापानी गा.वि.स. वडा नं. १)। बाबु : सुर्य तमाङ। बाजे : साजी तामाङ।	**सञ्चालक तथा जमानतकर्ता : कर्म ध्वज लामा** (ना.प्र.नं. २४८४४, जारी मिति २०४४/०४/०६ प्रतिलिपि जारी मिति २०७६/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का. काभ्रेपलान्चोक)। ठेगाना : काभ्रेपलान्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं.५। बाबु : माहीला तामाङ। बाजे : सानताई तामाङ।

ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :

१. कर्म ध्वज लामाको नाममा मालपोत कार्यलय, काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, कानपुर कालापानी गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कित्ता नं. २६४, ४६ र ७७०, क्षेत्रफल १-०-३-१, १-१-३-० र १-०-०-० (रोपनी) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चेको सम्पुर्ण लिगलगापात समेत..१
२.ऋणी काठमाण्डौं विनायक शिक्षालय प्रा.लि. को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण. १

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपन**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपनमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

सिटिजन्स बैंक र वात्सल्यबिच समझदारी

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र नारायणचौर, काठमाडौंस्थित वात्सल्य नेचुरल आइभिएफबिच छुटसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीसँगै बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले वात्सल्य नेचुरलमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/११/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

वयलवास, सर्लाही शाखा

१. ऋणीहरुको विवरण

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा सर्लाहीमा मिति २०७६/११/०७ मा प्रा.फ.र.नं. ८७४०/०७६/०७७ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१ (हाल सर्लाही जिल्ला ईश्वरपुर न.पा वडा नं. ०१) स्थित रजिष्टर्ड कार्यालय रहेको **रिंकी जेनरल स्टोर्स।** **प्रोप्राईटर - सन्तोष कुमार साह**	ख. **सन्तोष कुमार साह** ना.प्र.नं.- १९-०१-७०-०२०६१ जारी मिति - २०७०/०६/२० जि.प्र.का. सर्लाही बाबु - राम सिकिल साह बाजे - रामेश्वर साह स्थायी ठेगाना- सर्लाही जिल्ला, हरीपुर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **सन्तोष कुमार साह** ना.प्र.नं.- १९-०१-७०-०२०६१ जारी मिति - २०७०/०६/२० जि.प्र.का. सर्लाही बाबु - राम सिकिल साह बाजे - रामेश्वर साह स्थायी ठेगाना- सर्लाही जिल्ला, हरीपुर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१ २. **राम सिकिल साह** ना.प्र.नं.- ३३४४/९६४ जारी मिति - २०३८/०३/०४ जि.प्र.का. सर्लाही बाबु - रामेश्वर साह बाजे - हरिहर साह स्थायी ठेगाना- सर्लाही जिल्ला, हरीपुर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१	३. **गिता देवी साह** ना.प्र.नं.- १९-०१-७३-०९६११ जारी मिति - २०७३/०९/०७ जि.प्र.का. सर्लाही बाबु - अच्छेलाल साह सोनार ससुरा - राम सिकिल साह पति - सन्तोष कुमार साह स्थायी ठेगाना- सर्लाही जिल्ला, भत्तिपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१

धितो सुरक्षणको विवरण

१. **राम सिकिल साह**को नाममा मालपोत कार्यलय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोकनाहा गा.वि.स./न.पा. वडा नं. ६छ स्थित कित्ता नं. ९० को क्षे.फ.१-५-९-० (बि.क.धु.क), बल्वा सोकनाहा गा.वि.स./न.पा. वडा नं. ६ङ स्थित कित्ता नं. ६४७, ६५० र ५०७ को क्षे.फ.०-०-९.५-०, ०-०-१२ र ०-४-० (बि.क.धु) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।
२. ऋणी **रिंकी जेनरल स्टोर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

लम्की, कैलाली शाखा

१. ऋणीको विवरण

लम्कीचुहा नगरपालीका कार्यलय भल्का कैलालीमा मिति २०७३/०७/२३ मा दर्ता नं. ७९ मा दर्ता भई कैलाली जिल्ला लम्कीचुहा न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **बि. आर. के. बगुर फर्म।**
प्रोप्राईटर - कमला देवी कार्की

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **परमेश्वर राज कार्की** ना.प्र.नं.- ३४२७ जारी मिति - २०३८/०६/१५ जि.प्र.का. कैलाली बाबु - गणेश बहादुर कार्की बाजे - तिल विक्रम कार्की स्थायी ठेगाना- कैलाली जिल्ला, जानकीनगर गा.वि.स., वडा नं. ६ हालको ठेगाना- कैलाली जिल्ला लम्कीचुहा न.पा वडा नं. ०२	२. **कमला देवी कार्की** ना.प्र.नं.- १८२१/५५८ जारी मिति - २०४६/०२/२९, जि.प्र.का. कैलाली पीत - परमेश्वर राज कार्की ससुरा - गणेश बहादुर कार्की स्थायी ठेगाना- कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ३ हालको ठेगाना- कैलाली जिल्ला लम्कीचुहा न.पा वडा नं. ०२

धितो सुरक्षणको विवरण

१. **परमेश्वर राज कार्की**को नाममा मालपोत कार्यालय, टिकापुरमा दर्ता कायम रहेको कैलाली जिल्ला, प्रतापपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ९०९ को क्षे.फ. ६७७.२८ (व.मि.) र ऐ.ऐ टिकापुर न.पा. वडा नं. ९छ स्थित कित्ता नं. ३९७ को क्षे.फ. ५८३ (व.मि.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. ऋणी **बि. आर. के. बगुर फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

जितपुर, बारा शाखा

१. ऋणीको विवरण

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औधोगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७८/०४/१० मा उद्योग दर्ता नं.-९९७८/५५/०७८/०७९ कायम भई दर्ता रहेको बारा जिल्ला, कोल्हवी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **एम.बि. माछापालन फार्म।**
प्रोपाइटर : वविता देवी चौधरी

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **ववीता देवी चौधरी** ना.प्र.नं.- १६७७/१२९२ जारी मिति - २०६०/१२/१५, जि.प्र.का. बारा बाबु - जगरनाथ चौधरी बाजे - महजर चौधरी स्थायी ठेगाना- बारा जिल्ला,कोल्हवी न.पा वडा नं. ५ (साविक कर्कडि गा.वि.स वडा नं. ०४) हालको ठेगाना- ऐ.ऐ २. **मदन प्रसाद चौधरी** ना.प्र.नं.- ४/४५०५ जारी मिति - २०५२/५/१८, जि.प्र.का. कलैया बारा बाबु -रामवृक्ष चौधरी थारु बाजे - तेजा बहादुर स्थायी ठेगाना- बारा जिल्ला,कोल्हवी न.पा वडा नं. ५ बारा (साविक कर्कडि गा.वि.स वडाम नं. ०४) हालको ठेगाना- ऐ.ऐ	३. **सुधिर चौधरी** ना.प्र.नं.- ३३-०४-७५-००५४५ जारी मिति - २०७५/०७/१६, जि.प्र.का.कोल्हवी बारा बाबु - मदन प्रसाद चौधरी बाजे - रामवृक्ष चौधरी थारु स्थायी ठेगाना- बारा जिल्ला, कोल्हवी न.पा.वडा नं. ५ हालको ठेगाना- ऐ.ऐ.

धितो सुरक्षणको विवरण

१. **ववीता देवी चौधरी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, रामपुर्वा गा.वि.स./न.पा., वडा नं. ०६ स्थित कित्ता नं. ३५५ र २८६ को को क्षे.फ. क्रमशः ०-०-१२-० र ०-०-१४-० (वि.क.धु.क) र ककडी गा.वि.स./न.पा. वडा नं ०५ स्थित कित्ता नं. ४६६ को क्षे.फ. ०-१-६-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।
२. ऋणी **एम.बि. माछापालन फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

लिगकी उत्कृष्ट गोलरक्षक सावित्री राष्ट्रिय टोलीबाट बाहिर

राष्ट्रिय महिला लिगमा १० क्लिन सिट राखी उत्कृष्ट गोलरक्षक बनेकी सावित्री किसन राष्ट्रिय महिला टोलीमा अट्न सकिनन्

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले बिहीबार राष्ट्रिय महिला लिगमा उत्कृष्ट गोलरक्षक घोषित भएकी सावित्री किसनलाई बाहिर राख्दै टोली घोषणा गरेको छ। दशरथ रंगशालामा ५ फागुनदेखि हुने फोर नेसन्स च्याम्पियनसिपका लागि एन्फाले अन्तिम टोली घोषणा गरेको हो। तर, एन्फाले दुई साताअघि सकिएको राष्ट्रिय लिगकै उत्कृष्ट गोलरक्षक सावित्रालाई टोलीमा स्थान दिन सकेन।

फोर नेसन्समा नेपालसहित म्यानमार, लेबनान र किर्गिस्तान छन्। १६ भदौदेखि १६ माघसम्म चलेको राष्ट्रिय लिगको ९१ खेलमा सावित्री उत्कृष्ट गोलरक्षक घोषित भएकी थिइन्। नेपालको यू-१९ टोलीबाट खेलिसकेकी उनले एपिएफ क्लबबाट पहिलोपटक प्लेइङ सेटमा स्थान बनाएकी थिइन्। राष्ट्रिय लिगमा उनले सर्वाधिक १० क्लिन सिट राखिन्। एन्फाले यसपटकको महिला लिग सुर्खेत, काठमाडौं र ललितपुरमा गरी तीन चरणमा खेलाएको थियो।

राष्ट्रिय टोलीकी कप्तान अञ्जिला तुम्बाप्पो सुब्बा ग्रिसको लिग क्लब निस एट्रोमिटौमा अनुबन्ध भएपछि सावित्रीले एपिएफबाट अवसर पाएकी थिइन्। उनीबाहेक त्रिभुवन आर्मीकी अञ्जना रानामगर र नेपाल पुलिसकी उषा नाथले लिगमा औसत प्रदर्शन गरेका थिए। एक दशकदेखि अञ्जिला, अञ्जना र उषा नै टोलीमा छन्।

राष्ट्रिय लिगमा गरेको प्रदर्शनका कारण सावित्री यसपटक राष्ट्रिय टोलीमा पर्ने सम्भावना थियो। तर, मुख्य प्रशिक्षक राजेन्द्र तामाङले तीनमध्ये कुनै एकलाई पनि बाहिर राख्ने मनसाय बनाएनन्। उनले सावित्रीलाई नै बाहिरि राखी अन्तिम खेलाडी तयार पारे। फिफा अन्तर्राष्ट्रिय विन्डोमा हुने प्रतियोगितामा नेपालले ५ फागुनमा किर्गिस्तानको सामना गर्नेछ।

मनमाया र सुष्मा पहिलोपटक समेटिए

प्रशिक्षक तामाङले घाइते रहेका दीपा शाही र हिराकुमारी भुजेलको स्थानमा मनमाया दमाईं र सुष्मा तामाङलाई पहिलोपटक समेटेका छन्। टोलीमा पहिलोपटक एपिएफ क्लबकी रक्षक मनमाया र वालिङ नगरपालिकाबाट खेलेकी मिडफिल्डर सुष्माले पनि स्थान बनाए। त्यस्तै, स्ट्राइकर चन्द्रा भण्डारी र मिडफिल्डर सरस्वती हमालले वाफ च्याम्पियनसिपपछि कमब्याक गरेका छन्। वाफ टिममा रहेका चन्द्रा र सरस्वतीले भने टोलीमा स्थान बनाएनन्। साफमा घाइते भएका दीपा र हिराले स्थान बनाउन सकेनन्। अमिषा कार्की पनि सेनाको सहायक सेनानीको तालिममा रहँदा टिममा हुने छैनन्।

यो नै सर्वोत्कृष्ट टोली हो

● **राजेन्द्र तामाङ**, प्रशिक्षक

एक वर्षदेखि यही टोली हेरिरहेको छु। साफ च्याम्पियसिपमा दीपा शाही र हिराकुमारी भुजेल घाइते भएपछि जसरी पनि दुई नयाँ खेलाडी चाहिएको थियो। अमिषा कार्की पनि नहुँदा चारजना खेलाडी नयाँ लिनु थियो। मैले दुई नयाँसहित दुईजनालाई कमब्याक गराएको छु। सबै नयाँ ल्याउँदा बेन्चलाई गाह्रो हुने देखेँ। अहिलेको यो नै सर्वोत्कृष्ट टोली हो।

यस्तो छ टोली

मुख्य प्रशिक्षक तामाङले बन्द प्रशिक्षणबाट दोस्रो चरणमा ३० खेलाडी छनोट गर्दा गोलरक्षक सुजता तामाङलाई बाहिर राखेका थिए। उनले २३ खेलाडीमा सिनियर गोलरक्षकहरू अञ्जिला, अञ्जना र उषालाई नै पहिलो प्राथमिकतामा राखेका छन्। डिफेन्डरमा अमृता जैसी, गीता राना, विमला विक, पूजा राना, निशा थोकर, समीक्षा घिमिरे र मनमाया छन्। लिगमा उत्कृष्ट प्रदर्शन गरेकी एपिएफकी राइट ब्याक प्रतीक्षा चौधरी पनि टोलीबाट बाहिरिइन्।

मिडफिल्डरमा अनिता बस्नेत, रेनुका नगरकोटे, प्रीति राई, सरु लिम्बू, सविता रानामगर, सरस्वती हमाल, विमला चौधरी र सुष्मा छन्। स्ट्राइकरमा सावित्रा भण्डारी, रश्मिकुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी र रेखा पौडेल छन्।

दुई सेसनमा प्रशिक्षण

फोर नेसन्स च्याम्पिनसिपको तयारीका लागि एन्फाले खेलाडीलाई दैनिक दुई चरणमा प्रशिक्षणको व्यवस्था मिलाएको छ। खेलाडीले साँझमा फ्लड लाइट र बिहान टर्फमा प्रशिक्षण गरेका छन्। खेलाडीले चार महिनापछि अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा लागेका हुन्। गत कात्तिकमा दशरथ रंगशालामै भएको दक्षिण एसियाली महिला च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको थियो।

साफलगत्तै महिला राष्ट्रिय लिगमा खेलाडीले प्रतिस्पर्धा गर्ने अवसर पाए। राष्ट्रिय टोलीको बन्द प्रशिक्षण र अन्तिम स्थान बनाएका अधिकांश खेलाडीले लिगमा सहभागिता जनाएका थिए। मुख्य प्रशिक्षक तामाङले पनि राष्ट्रिय लिगमा खेलाडीको प्रदर्शनअनुसार बन्द प्रशिक्षणमा राखेका हुन्। लिग र बन्द प्रशिक्षणमा नियमित प्रशिक्षण भएका कारण नै खेलाडी फिट रहेको तामाङले बताए।

महिला टोलीले अहिलेसम्म अन्तर्राष्ट्रिय उपाधि जित्न सकेको छैन। एक दर्जनभन्दा बढी विभिन्न अन्तर्राष्ट्रिय फुटबलको फाइनलमा पुगे पनि महिला टोली उपविजेतामै सीमित छ। यसपटक पनि तामाङले उपाधि घरमै राख्ने योजना बनाएको बताए। 'मेरो नजरमा यो नै सर्वोकृष्ट टोली हो, यसैले उपाधि जित्ने विश्वास छ,' उनले भने, 'खेलाडी पनि फिट छन्, आवश्यकताअनुसारै खेलाडी छनोट गरिएको हो।'

वरीयतामा म्यानमारबाहेक अन्य सहभागी दुई राष्ट्र आयोजक नेपालभन्दा तल्लो स्थानमा छन्। फिफाको महिला वरीयतामा म्यानमार ५५औँ स्थानमा छ। म्यानमारले प्रतियोगिताका लागि राम्रो तयारी गरेको छ। उसले आफूभन्दा माथिल्लो वरीयताका टोलीसँग प्रतिस्पर्धा गरेको छ। नेपालको चुनौती नै म्यानमार हुन सक्छ। म्यानमार नेपालभन्दा ४८औँ स्थान माथि रहेको छ। किर्गिस्तान १२८ र लेबनान १३४औँ स्थानमा छन्। प्रतियोगितापछि नेपालको वरीयतामा सुधार हुने अपेक्षा छ।

■ २४औँ आहारारा पोखरा गोल्डकप

पहिलो सहभागितामै ब्ल्याक बुल्स फाइनलमा

पाँचपटकको विजेता थ्री स्टार दोस्रो सेमिफाइनलमा उज्वेकिस्तानको ब्ल्याक बुल्ससँग ४-० ले पराजित

कास्कीमा रोहितराज पराजुली

उज्वेकिस्तानको ब्ल्याक बुल्स क्लब पहिलो सहभागितामै २४औँ आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। पोखरा रंगशालामा बिहीबार भएको दोस्रो सेमिफाइनलमा ब्ल्याक बुल्सले पाँचपटकको विजेता थ्री स्टारमाथि ४-० को सानदार जित निकाली अन्तिम दुई स्थान पक्का गरेको हो। अब ब्ल्याक बुल्सले उपाधि भिडन्तमा सर्वाधिक ६ पटकको विजेता नेपाल पुलिसविरुद्ध शनिबार प्रतिस्पर्धा गर्नेछ।

थ्री स्टारले मच्छिन्द्र फुटबललाई टाइब्रेकरमा ४-२ र ब्ल्याक बुल्सले थन्डरबोल्ट नर्थ युनाइटेडलाई ३-१ ले हराउँदै सेमिफाइनल स्थान सुरक्षित गरेका थिए। खेलमा २४औँ मिनेटमा कुभोनचबेक ओलिमोभले ब्ल्याक बुल्सलाई १-० को अग्रता दिलाए। साभाकात्जोन सत्तरोभले निकालेको पासमा कुभोनचबेकले थ्री स्टारका चार खेलाडीलाई बिट गर्दै उत्कृष्ट गोल गरेका हुन्।

ब्ल्याक बुल्सले दोस्रो हाफमा तीन गोल गऱ्यो। ब्ल्याक बुल्सले ५८औँ मिनेटमा २-० को अग्रता लियो। असिलबेक ओरिफजोनोभले इस्लोमजोन अब्दुकोडिरोभको क्रस पासमा गोल गरेका थिए। असिलबेकले गोल गर्दा थ्री स्टारका दुई डिफेन्डरलाई कटाएका थिए। खेलको ६३औँ मिनेटमा साभाकात्जोन सत्तरोभले टोलीलाई ३-० को अवस्थामा पुऱ्याए। उनले पोस्टभन्दा २८ यार्ड टाढाबाट प्रहार गरेको बल सीधै गोल भएको थियो। खेलको ८७औँ मिनेटमा सायदजामोले ब्ल्याक बुल्सलाई ४-० को सानदार जित दिलाए। चौथो गोलकर्ता सायदजामो वैकल्पिक खेलाडीका रूपमा ६८औँ मिनेटमा मैदान छिरेका थिए।

खेलाडीले योजनाअनुसार खेले

● **अबदुलाजिज**, प्रशिक्षक, ब्ल्याक बुल्स

थ्री स्टारविरुद्धको खेल सोचेभन्दा राम्रो भयो। खेलाडीले योजनाअनुसारै खेले। कुनै पनि समयमा उनीहरूले लय बिगारेनन्। यसकारण जित सहज भएको हो। पोखरा रंगशालामा दुई खेल खेल्दा खेलाडीले पनि अनुभव गरेका छन्। अब फाइनलमा अझ राम्रो खेल हुनेछ।

हार स्वाभाविक हो

● **गणेश खड्का**, प्रशिक्षक, थ्री स्टार

प्रतिस्पर्धा हेर्दा हाम्रो हार स्वाभाविकजस्तो लाग्छ। विशेषगरी रक्षापंक्तिमा कमजोर भयो। खेलाडीले योजनाअनुसार खेल्न सकेनन्। खेलमा यस्तो हुने गर्छ। पहिलो तथा दोस्रो हाफमा प्राप्त अवसरमा गोल भएन। ब्ल्याक बुल्स प्राविधिक, फिनिसिङ र मिडफिल्डमा बलियो देखियो।

फुटसलमा एक्सेल्सियर दोहोरो उपाधिनजिक

काठमाडौं/ आयोजक द एक्सेल्सियर स्कुल ११औँ एक्सेल्सियर कपअन्तर्गत पुरुष फुटसलमा दोहोरो उपाधिनजिक पुगेको छ। एक्सेल्सियर यू-१४ र यू-११ उमेर समूहमा फाइनल पुगेको हो। बिहीबार भएको यू-१४ सेमिफाइनलमा एक्सेल्सियर 'नीलो'ले आफ्नै 'रातो' टोलीलाई ३-२ ले पराजित गऱ्यो। एक्सेल्सियरले उपाधि भिडन्तमा विद्यावाणी पाठशालाको सामना गर्नेछ। विद्यावाणीले काठमाडौं लिंकनलाई २-० गोलले हरायो। यू-११ मा एक्सेल्सियरले राई स्कुललाई १-० ले पाखा लगायो।

एक्सेल्सियरले फाइनलमा स्वस्तिश्री गुरुकुलको सामना गर्नेछ। स्वस्तिश्रीले न्यु जेनिथलाई ३-१ ले पराजित गऱ्यो। यू-१६ मा बोधिसत्व र रिब्सले उपाधि भिडन्त पक्का गरेका छन्। बोधिसत्वले स्वस्तिश्रीमाथि ४-२ को जित निकाल्यो। रिब्सले निसर्ग वाटिकाविरुद्ध ३-१ को जित निकाल्यो। यू-९ मा संस्कृतिले एक्सेल्सियरलाई २-१ तथा राई स्कुलले काभ्यालाई २-१ ले निराश पार्दै फाइनलमा स्थान पक्का गरे। यसैगरी, बास्केटबलको सिनियर पुरुषतर्फ रेडियन्ट पब्लिक स्कुलले एक्सेल्सियरलाई ५०-३१ ले निराश बनायो।

भ्याली भ्युले एलआरआईलाई ६१-२५ ले पराजित गर्दै फाइनल स्थान पक्का गरेको छ। सिनियर महिलामा रिब्सले रेडियन्ट पब्लिकलाई ३१-२७ तथा स्वर्णिमले एक्सेल्सियरलाई १६-१० ले हराउँदै फाइनल यात्रा तय गरे।

चार गल्फर एसिया ग्रान्ड फाइनलमा छनोट

नयाँ पत्रिका

नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्यले फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिपअन्तर्गत १७-२१ वर्ष उमेर समूहको उपाधि जितेका छन्। यससँगै उनी भियतनाममा हुने फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनलमा छनोट भएका छन्। यसैगरी, १७-२१ वर्ष उमेर समूहमा दोस्रो भएका प्रकृत तामाङ पनि छनोट भए। १२-१६ वर्ष उमेर समूहमा सिद्धान्त सापकोटा र महिला १२-२१ उमेर समूहमा अभानी राई पहिलो भए। सापकोटा र राईले एसिया ग्रान्ड फाइनलमा स्थान बनाएका छन्।

सदभावले रोयल नेपाल गल्फ क्लबमा समग्रमा २ अन्डर २०२ को स्कोर गर्दै उपाधि हात पारेका हुन्। दोस्रो स्थानमा रहेका प्रकृत २१ स्ट्रोकले पछि परे। सदभावले फ्रन्ट नाइनमा इभन पार खेल्दै ३४ स्कोर गरे। उनले ब्याक नाइनमा २ अन्डर ३२ स्कोर गरे। प्रकृतले समग्रमा १९ ओभर २२३ स्कोर गरे। उनले फ्रन्ट नाइनमा ३८ र ब्याक नाइन ६ ओभर ४० स्कोर गरेका थिए।

पुरुष १२-१६ वर्ष उमेर समूहतर्फ सिद्धान्तले पहिलो स्थान हात पार्दा ५ ओभर ७३ को स्कोर गरे। उनले सोहम अग्रवाल र इधान्तसिंह साउदलाई हराए। महिलातर्फ १२-२१ वर्ष उमेर समूहमा अभानीले समग्रमा २५४ स्कोर गरिन्। उनले अनभद्धया मल्ललाई २८ स्ट्रोकले हराइन्।

खेल संक्षेप

जेभियरलाई हेराल्ड कप

काठमाडौं/ जेभियर इन्टरनेसनल कलेजले चौथो हेराल्ड कप अन्तरकलेज छात्र बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ। बिहीबार भएको फाइनलमा जेभियरले ग्रिनफिल्डलाई ७७-६९ ले पराजित गऱ्यो। जेभियरका रिदश केसीले २१ स्कोर गरे। ग्रिनफिल्डका सोनाम लामाले २७ स्कोर गरे पनि जित दिलाउन सकेनन्। ग्रिनफिल्डले पहिलो क्वार्टरमा १९-१२ र दोस्रो क्वार्टरमा १७-१३ को अग्रता लिए पनि उपाधि जित्न सकेन।

कार्कीले जिते खुला दौड

मकवानपुर/ ३०औँ जनयुद्ध दिवसका आयोजित खुला दौड प्रतियोगिताको उपाधि ओखलढुंगाका टंक कार्कीले जितेका छन्। पाँच किलोमिटर दूरी कार्कीले १५ मिनेट ५२ सेकेन्डमा पूरा गरे। दौडमा १५ मिनेट ५३.१२ सेकेन्डका साथ खोटाङका गजेन्द्र राई दोस्रो भए। सिन्धुली जिल्लाका राज तामाङ तेस्रो भएका छन्। पहिलोले १५ हजार, दोस्रोले १० हजार र तेस्रोले पाँच हजार रुपैयाँ पाएका छन्।

लोयल्टी कप आजदेखि

काठमाडौं/ लोयल्टी एकेडेमीको आयोजनामा १३औँ लोयल्टी कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। आयोजक लोयल्टीको तीनसहित १४ टोलीले प्रतिस्पर्धा गर्ने लोयल्टीका प्रिन्सिपल वीरेन्द्र कुरुम्वाङले बिहीबार जानकारी गराए। सहभागीलाई चार समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेल हुने कुरुम्वाङले बताए। प्रतियोगितामा यू-१२ उमेर समूहका कक्षा ७ सम्म अध्ययनरत चार फिट ११ इन्च उचाइका विद्यार्थी सहभागी हुन पाउनेछन्।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Bhairahawa Lumbini Groundwater Irrigation Management Office

Siddharthanagar Municipality-9, Anchalpur, Rupandehi

Invitation for Bids

Date of Publication: 2081/11/02

Bhairahawa Lumbini Groundwater Irrigation Management Office invites electronic bids from eligible bidders for the following works under NCB bidding procedure. Bidder may obtain further information from the PPMO web portal.

Contract No.	Description and Location of Work	Estimated Amount (Including VAT and Insurance) NRs.	Bid Security Amount (NRs)
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-04	Construction of 200/150 mm dia. Deep Tubewell and Pump Test Work in Bardaghat Na.Pa. 13, Jayanagar of West Nawalparasi	3162639.66	85000.00
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-05	Construction of 200/150 mm dia. Deep Tubewell and Pump Test Work in Shivaraj Na.Pa. 9, Bhokar of Kapilvastu District	2245234.45	60000.00
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-06	Construction of 250/150 mm dia. Deep Tubewell and Pump Test Work in Ramgram Na.Pa. 15, Nanai of West Nawalparasi District	3693055.80	100000.00

Office Chief

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Biratnagar

Invitation of Bids

Contract Identification No: 15/81-82/CFWSSP-Saalbaari/FWSSMP_BRT
16/81-82/CWSP-Rangeli-II/FWSSMP_BRT
Date of Publication: February 14, 2025(2081/11/02)

Federal Water Supply and Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works

S. N.	Contract No.	Description of Works	Average Annual Turnover of best 3 years overlast 10 years (Excluding VAT) NRs.	Required Bid Capacity NRs.	Work Experience of Similar Size and Nature (At least one contract, Excluding VAT), NRs.	Last date of Bid Purchase
1	15/81-82/ CFWSSP-Saalbaari/ FWSSMP_ BRT	Entire Construction Works of Saalbaari Laxmipur Co-Financing Water Supply and Sanitation Project, Urlabari Municipality-1,2,3,4 Morang	10,95,00,000.00	15,51,00,000.00	10,95,00,000.00	March 16, 2025, 17:00
2	16/81-82/ CWSP-Rangeli-II/ FWSSMP _ BRT	Entire Construction Works of Rangeli II Water Supply Project, Rangeli Municipality-2, 9 Morang	5,52,00,000.00	7,82,00,000.00	5,52,00,000.00	March 16, 2025, 17:00

• The detail notice can be accessed from www.bolpatra.gov.np/egp.

Project Chief

नेपाल सुपर लिगबाट दुई टोलीले लिए नाम फिर्ता

नयाँ पत्रिका

तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)मा दुई फ्रेन्चाइज टोलीले नाम फिर्ता लिएका छन्। आगामी चैतमा आयोजना हुने एनएसएलमा वीरगन्ज युनाइटेड र स्पोर्टिङ इलामले सहभागिता नजनाउने आयोजकले जनाएको छ। एनएसएलको तेस्रो संस्करण यात्रासम्म सहभागी नहुने टोलीको संख्या तीन पुगेको छ। यसअघि पहिलो संस्करण खेलेको विराटनगर सिटी एफसीले दोस्रोपटक सहभागिता जनाएन।

झापा एफसी, वीरगन्ज युनाइटेड र स्पोर्टिङ इलामले दोस्रो संस्करण खेलेका थिए। एक सिजन मात्र खेलेका वीरगन्ज र स्पोर्टिङ इलामले एनएसएलमा भाग नलिनुको कारणमा आर्थिक पक्ष देखाइएको छ। आयोजकले १० फागुनमा अक्सन राखेको छ। आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम)ले दुई क्लबलाई हटाउँदै सात टोलीबिच लिग हुने निर्णय गरेको छ। एनएसइएमका म्यानेजिङ डाइरेक्टर श्रेयान्स कार्कीले दुई क्लबको मापदण्ड पूरा गरेका कारण बाहिर भएको नयाँ पत्रिकालाई बताए। 'दुई क्लब लामो समयसम्म एनएसएल खेल्न नसक्ने देखेपछि बाहिर भएका हुन्। उहाँहरू हाम्रो मापदण्डभित्र पनि पर्नुभएन,' कार्कीले भने, 'यसपटक अन्य टोली पनि जोडिने प्रयास गर्दै थियो, तर खेलाडी अभावले सात टोलीबिच मात्र एनएसएल गराउने निर्णय गऱ्यौँ।'

नाम फिर्ता लिएका एक क्लबका प्रतिनिधिले आयोजकको भिजन अभावले नै नाम फिर्ता लिएको बताए। 'एउटा आर्थिक कारणले अहिले क्लब धान्न निकै गाह्रो छ।

त्यहाँमाथि आयोजकले पनि गरेको सर्तहरू पूरा गर्न सकेनन्। त्यसैले पछि हटेका हौँ,' उनले भने।

यसैबिच आयोजकले खेलाडी अभाव भएपछि 'ए' श्रेणीमै कम खेलाडी राख्न पाउने प्रावधान बनाएको छ। विदेशी खेलाडीको संख्या बढेको छ। यसपटक एक एसियालीसहित ६ विदेशी खेलाडी अनुबन्ध गर्न पाउने नियम बनेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com